# कामना

(कविता संग्रह)

# कामना

(कविता संग्रह)

केशवराज पौडेल

**प्रकाशक**

श्री थुम्के साहित्यिक समूह

माईजोगमाई, इलाम

**कामना** (कविता संग्रह)
सर्वाधिकार © : केशवराज पौडेल
कम्प्युटर, ले–आउट : नारायणप्रसाद चँदारा, नयाँबजार (शंखाबुङ)
मुद्रक :
संस्करण : पहिलो, २०८०
प्रकाशक :

# समर्पण



प्रातः पूज्य पिता स्व. श्री जयरथ पौडेल
(जन्म बि.सं. १९८७-०५-३० दिवंगत २०५१-०६-०५)
तथा माता स्व. श्रीमती हेमादेवी पौडेल
(जन्म बि.सं. १९९७-०१-१६ विवाह २००६-१०-११ दिवंगत २०५७-०४-०४)
का चरणकमलमा सश्रद्धा सभक्ति समर्पण ।

# विद्रोहले भरिएका भावी सपनाहरूको संग्रह



कृष्ण धरावासी

केशवराज पौडेलसँगको मेरो चिनजान भनेको २०३५ सालदेखिको हो । लेखनाथ भट्टराईको संगतबाट उनीसम्म म पुगेको थिएँ । हामीबीच मित्रता बढ्नुको अन्य कुनै कारण थिएन शिवाय साहित्यमा रुची र कविता लेख्ने हुटहुटी । उनी निकै वटा छन्दमा कविता लेख्न सक्थे । मैले भने कहिल्यै पनि छन्दतिर रुचि बढाइन । त्यसबेला म इलाम क्याम्पसको विद्यार्थी थिएँ र लेखनाथ भट्टराई, गणेश निरौला, दुर्गा शर्मा भट्टराई, उदय निरौला आदि नाम्सालिङका साथीहरूसँग मेरो सङ्गत थियो । त्यही संगतमा उनी पनि आएर मिसिएका थिए ।

त्यो भनेको हामी सबैको लेखन अभ्यासको बेला थियो । निरन्तर लेखिरहने र एक-अर्कालाई सुनाइरहनु पर्ने । उनी धेरैजसो गाउँमै बस्थे तर, इलाम आएका बेला हामी सधैं भेटिन्थ्यौं । उनले जहिले पनि झोलामा कविताको खाता बोकेका हुन्थे । अनि हाम्रो कोठे कवि गोष्ठी सुरु हुन्थ्यो ।

२०३७ सालमा हामीले एउटा कन्दरा परिवार नामको साहित्यिक संस्थाको कल्पना गर्यौं । त्यसको अध्यक्षमा मलाई नै राखिएको थियो । त्यो समितिमा केशव पनि थिए । त्यो संस्थाले तीन वटा हस्तलिखित पत्रिका र एउटा प्रेसबाट छापिएको अङ्क निकाल्यो । त्यसपछि पढाइ सकियो हामी छरपष्ट भयौं । इलामको साहित्यिक जमघट अस्तायो । म झापा झरिसकेपछि केशवसँगको भेटघाट पातलियो मात्र हैन एक प्रकारले पुरै सम्पर्क टुट्यो भने पनि हुन्छ ।

तर उनको बारेमा म सुनिरहन्थें । व्यावहारिक रूपमा जोजो जहाँजहाँ फँसे पनि आफ्नो सिर्जनामा भने हामी निरन्तर रहेछौं । इलामका साहित्यिक समारोहहरूमा उनको उपस्थितिबारे समाचारहरू सुनिरहन्थें । इलामका कविहरूको भिडमा अब उनी जेष्ठ कवि हुन् भन्न सकिन्छ तर, कृति प्रकाशनको तहमा भने उनी निकै नै पछि परेका थिए । फुटकर रचनाहरू प्रशस्त छापिए पनि कृतिगत रूपमा उनी ओझेलमै थिए जस्तो लाग्छ । तर आज खुसी लागेको छ । उनले मलाई नै आफ्ना कविताहरू पठाएर पढिदिन आग्रह गरे ।

पढें कविताहरू । यस संग्रहमा १०३ कविताहरू समेटिएका छन् । शार्दूलविक्रिडित, भ्याउरे, इन्द्रबज्रा, उपजाति, उपेन्द्रबज्रा, मन्दाक्रान्ता, आदि विभिन्न छन्दहरू प्रयोग गरिएका छन् । उनले गद्यमा कविता लेखेको मैले पढेको छैन । उनी भन्छन्- "म सोच्दै खेरी लयमा गुनगुनाउँछु र छन्दमा लेख्छु ।" कविका आ-आफ्ना तरिका हुन्छन् कल्पिने । गीतकारहरू गुनगुनाउँदै लेख्छु भन्छन् । कथाकारहरू कथावस्तुसँगै डुबिन्छ भन्छन् ।

केशवका कवितामा विद्रोह, भावुकता, निराशा आदि एकदम नै खाँदिएका छन् । ती सबैभन्दा बढी उनका कवितामा राष्ट्रिय भावना अत्यधिक भरिएको छ । हरेक कवितामा देखिने निराशा र कुण्ठासँगसँगै उनी लगत्तै आशावादी छन् भने निराशालाई तत्काले विद्रोहले घप्लक्कै छोप्दछन् । एउटा मानिसभित्र खाँदिएर रहेका अनेक विपर्यासी भावहरूलाई उनले आफ्ना कविताहरूमा विचित्रको सन्तुलन दिन सकेका छन् ।

मान्छे एकै समयमा व्यक्तिगत, सामाजिक तथा राष्ट्रिय सबै कुराले प्रभावित र द्रविभूत भइरहेको हुन्छ । उसलाई एउटै कुराले सबैतिर हानिरहेको बोध भइरहन्छ । यो बोधलाई सबै मानिसले व्यवस्थित तरिकाले अभिव्यक्त गर्न सक्दैनन्, त्यसैले यस्ता अभिव्यक्तिहरू गरिरहन्छन् कविहरू । केशव सबै भावहरूलाई आफ्ना कवितामा सहजै उतार्न सफल छन् । जहाँ उनी विद्रोही छन् त्यहीं कारुणिक र संयमी पनि छन् । उनका हरेक कविताको भाव मानवता, राष्ट्रियता, र ऐतिहासिक अहंहरुले भरिएका छन् । उनी विगतको नेपाली शान, वीरता र साहसलाई सम्झाउँदै वर्तमानमा हामीभित्र भरिएको लाचारी र स्वाभिमान गुमाएको स्वाधिनतामाथि भरमार प्रश्न गर्छन् । जसले बनाउने सपना देखायो, जसले शान्त पोखरीमा टाडासम्म पुग्ने गरी ढुङ्गा फ्याँक्न लगायो, आज उसैले पोखरी धमिल्यायो र आफैं आफ्नो कमजोरीलाई अरुका टाउकामा फेटा बनाइदिएर किनारा लाग्यो । त्ससँग उनको कलमले चित्त दुखाएको छ ।

कविता केवल पढ्नका लागि मात्र हुँदैनन् । ती पढिसकेपछि त्यत्तिकै मासिएर जाँदैनन् । जसरी कुनै कुरा खाएपछि त्यसले स्वास्थ्यमा कुनै न कुनै प्रकारको असर देखाउँछ, त्यसै गरी हरेक काव्यले पाठकको मनमा कुनै न कुनै भाव उत्पन्न गरेरै छोड्छ । केशवका कविताले हरेक पाठकलाई आफ्नो भाषा, संस्कृति, राष्ट्रियता र भूगोलका बारेमा फेरि एकपल्ट सुरुदेखि सम्झिन अनुरोध गर्छन् । निदाएको मानिसलाई व्युँझाएर इतिहासका गल्तीहरूबारे सोच्न लगाउँछन् र आधुनिक विश्वतिर फर्केर हेर्दै आफूलाई तिमी कहाँ छौ भनेर सोच्न बाध्य गराउँछन् ।

लयबद्ध रूपमा पढिने यी कविताहरू संक्षिप्तमा विस्तारित छन् । हरेक श्लोकले लामालामा व्याख्या माग्छन् । देशको प्राकृतिक सौन्दर्यमा रमाउन मन लाग्छ भने यसैको विनाश भइरहेका देख्दा मन अमिलिएर आउँछ । उनले आफ्ना कवितामा अनेकौं विविधतालाई

समेटेका छन् । जुन विषयमा र सन्दर्भमा लेखिएका भए पनि हरेक कविताले वर्तमानप्रतिको घोर असन्तुष्टि र भविष्य बारे सचेत गराएका छन् । विदेशीहरूको अनावश्यक दवावमा भयग्रस्त राज्यसत्तासँग कवि अत्यधिक असन्तुष्ट छन् । उनी हरेक कवितामा कतै न कतै आफ्ना असन्तुष्टिहरूको व्यवस्थापनको माग गर्दछन् ।

कवितामा जेजति असन्तुष्टि र विद्रोह बोले पनि उनी नकारात्मक छैनन् । हरेक कवितासँग एउटा निकास छ, उपाय छ, सल्लाह छ । उनका सबै कविताको सारांश भाव यस्तो छ, जोपढेपछि मनमा आइरहेका कुण्ठा र निराशाहरू समन हुन पुग्छन्-

फोर्दै पत्थर मार्ग खोल्नु छ यहाँ त्यो दूर गाउँ तक
बत्ती झिल्मिल बाल्नु पर्छ पहिले उद्योगका खातिर
जोत्स्ना छर्नु छ चेतना घरघरै राँको बनी सल्कियोस्
सारा मानिसको समस्त क्षमता एकट्ठ भई उर्लियोस् ।

(कामना)

केशव पद्य कवितामा अत्यन्त सिद्धहस्त छन् । उनलाई छन्दको प्रयोगमा लामो अनुभव देखिन्छ ।छन्द र गण मिलाउनका लागि कस्टपूर्ण ढङ्गले शब्दको खोजी गरिरहेको देखिदैन । उनी सहज र सरल शब्दले नै सबै कुरा भन्न सक्छन् । यसबाटै थाहा हुन्छ उनीसँग छन्दमा कविता लेख्नका लागि प्रशस्त पर्यायवाची शब्दहरूको भण्डार छ ।

देशभित्र भइरहेका तानातान, चुक्ली, सत्ता स्वार्थले ग्रस्त हुनेहरूका दुर्बुद्धि देखेर दिक्क भएका उनी पहिला दुई वाक्यमा यसरी निरास छन्-

बन्दैन देश बन्दैनौ हामी बित्नेछ जिन्दगी
पर्नेछ गर्नु हजार वर्ष अर्काकै गरलामी ।

पछिल्ला दुई वाक्यमा फेरि तुरुन्तै आशावादी हुँदै उपाय सोच्दछन्-

त्यसैले सोच बदल्नु पर्छ हामीले अवश्य
मिलेर अघि बढ्नु हो बुझ सबैको कर्तव्य ।

कर्तव्य शीर्षकको यो कविताबाट हामी उनको लेखनको तह बुझ्न सक्छौ । लोकतन्त्र कवितामा लोकतन्त्रसँगै आएका विकृति र विसंगतिहरूसँग उनी यसरी डराउँदै खबरदारी गर्छन्-

वर्षायाम भयो गएर पहिरो सोहोर्छ भन्ने डर
बाटा बन्द भए विरामी परदा मरिन्छ भन्ने डर
खोलो बग्दछ गाउँबाट नजिकै पस्ला कि भन्ने डर
यी सारा डरले थिचे पनि कतै देखिन्न राम्रो भर ।

यसै हेर्दा यो कविता समसामयिक ग्रामिण समस्याको बिम्ब जस्तो लाग्छ तर भित्र

पस्दै गएर सुन्न थालेमा यी प्रत्येक वाक्यले मर्मसम्मै घोच्न पुग्दछन् । यो डर जुन हो, यो हाम्रै असफलताको बिम्ब पनि हो । यस डरलाई समयमै नियन्त्रण गर्न सकिएन भने यसले देश, समाज, परिवार सबैलाई बडार्ने छ । यो डर विकाससँग मात्र सम्बन्धित छैन, यो समय, गति र दूरीसँग पनि सम्बन्धित छ ।

जे होस अब केशवको कविताकृति पाठकका हातमा पुगेको छ । हरेक पाठकले आफ्नै पठनशैलीमा यी कविताहरूको रसास्वादन लिने छन् । म मित्र केशवराज पौडेललाई अब खण्ड काव्यतिरको यात्रामा लाग्न सुझाव दिँदै यो कृतिका लागि बधाई भन्छु ।

## अभूमिका



**हेम भण्डारी**
उप-प्राध्यापक, त्रिभुवन विश्वविद्यालय
पाटन संयुक्त क्याम्पस, ललितपुर

जब साहित्यको पठनमा जुट्छु म, तब केशव गुरुको आकृति मेरा अघि ठिङ्ग उभिन्छ । जब साहित्यको लेखनमा तम्सिन्छु म, तब उहाँको उपदेश र आशीर्वाद एकसाथ बग्दछन् मसँग । साहित्यको पठन र लेखनमा प्रारम्भिक अभिप्रेरणा जागृत गराई मलाई डोऱ्याउने नायक हुनुहुन्छ केशव गुरु । हरेक पटक पठन र लेखनका लागि हौसलाको इँटा थपेर गुरुले यस बाटामा निरन्तर सरिक गराउनुभयो मलाई । उहाँको अभिप्रेरणाको जागृति मेरा रहरका बाटामा खेल्दै छन्, त्यसैले उहाँको कविताकृति प्रकाशनको यस सुन्दर सँघारमा शिष्यका तर्फबाट यो लेखनी अघि बढाउन पाएको अवसरलाई मैले अहोभाग्यका रूपमा परिभाषित गरेको छु । गुरुका कवितामाथि बोल्ने र लेख्ने योग्यता र सामर्थ्य छैन मसँग, तथापि यस आत्मीय सन्दर्भलाई मनले ग्रहण गरी अघि बढाउने प्रयत्न गरेको छु, किनकि सबैभन्दा प्रिय हुन्छ मनको चाहना र साइनो ।

यो प्रसङ्ग सुदूर पूर्वी इलामे भूमिमा अवस्थित नयाँबजारे सौन्दर्यको हो । यो सन्दर्भ कटुसघारी, सल्लाघारी, चियाबारी र आलुबारीको हो । चाँप फुल्ने पहाडमुन्तिर नागी र खर्कहरूसँग रमाएर बसेको जीवनशैली र परिवेशको हो । उत्तरेपोखरीले साँचेको ममतामा हुर्किएको सिर्जनाको सौन्दर्यलाई छोएर सयौं बालमस्तिष्कमाथि प्रसारित ऊर्जा र प्रेरणाको हो । बौद्धिक सम्पन्नता अनि आत्मीय ममताको प्रसारण र त्यसैमा हुर्किएको समय र सम्झनाको हो । त्यही परिवेश, तिनै दिनहरू र यादमा अल्झिएर आज म अतीत बटुल्दै छु र खन्दै छु सम्झनाको गोरेटो ।

तत्कालीन शिवमाई निम्नमाध्यमिक विद्यालयबाट आफ्नो जागिरे जीवनको यात्रा विस्तार गर्दै केशव गुरु अमर कल्याण माध्यमिक विद्यालयका आँगनीमा आइपुग्दा म चौथो श्रेणीमा अध्ययनरत थिएँ । उहाँको नवीन यात्राका प्रारम्भमा नै मैले उहाँसँग सामाजिक विषय पढ्ने मौका पाएँ । फारु गरेर धाराप्रवाह बोल्ने गुरुको शैली आजका मितिसम्म पनि मैले सर्वाधिक रुचाएको शिक्षणशैली हो । नेपाली साहित्य र इतिहासका

विद्यार्थी केशव गुरुको ज्ञानको अथाह भण्डारबाट विद्यालय जीवनका सुरुवाती चरणमा नै मैले ज्ञानग्रहण गर्ने सुनौलो अवसर प्राप्त गरें । सामाजिक विषयसँग जोडिएका इतिहास, संस्कृति, धर्म, दर्शन, साहित्य र कलाजस्ता महत्त्वपूर्ण पक्षमाथि गुरुले दिनुभएको विश्लेषणात्मक प्रवचनले मलाई आजका मितिसम्म पनि उसरी नै स्पर्श गरिरहेकै छ । सात कक्षामा पुगेपछि गुरुले सामाजिक विषयका साथै नेपाली विषय अध्यापनका क्रममा दिनुभएको ज्ञान र त्यसको वितरणकला मेरो जीवनमा निरन्तर सहयात्री बनेका छन्, र बन्ने नै छन् सधैं ।

इतिहास एवं साहित्यका विद्यार्थी र शिक्षक भए पनि गुरुले मलाई नवौ तथा दशौं श्रेणीमा स्वास्थ्य शिक्षा पनि पढाउनुभयो । यस विषयमा पनि गुरुसँग अद्वितीय ज्ञान रहेको मेरो ठम्याइ छ । कक्षामा अध्यापनकै क्रममा गुरुले हामीलाई साहित्यिक लेखन र प्रकाशनका बारेमा अर्थ्याउनुहुन्थ्यो । हरेक महिना गरिमा र मधुपर्कमा प्रकाशित लेखरचनामा अभिव्यक्त साहित्य र विचारको समीक्षा गरेर सुनाउनुहुन्थ्यो । त्यही वेलादेखि मैले साहित्यिक अभिव्यक्तिमा वैचारिकता कसरी प्रसारण हुन्छ र साहित्यिक लेखन कसरी गरिन्छ भन्ने बुझें । लेखनका लागि आवश्यक अभिप्रेरणा केशव गुरुले मलगायत मेरा साथीहरूलाई पनि मनग्गे दिनुभयो । यही अभिप्रेरणाका जगमा साथी महेश राम्रा गीतकार भएका छन् आज । अर्का साथी रूपनारायणले पनि प्रशासनिक फाँटका समसामायिक सामाजिक विषयमा विशिष्ट वैचारिकता सम्प्रेषण गरी लेखरचना अघि बढाएको पाइन्छ । साहित्यमा हामीले हिँडिरहेको आजको बाटोमा केशव गुरुले दह्रा र अडिला इँटाहरू राखिदिनुभएको यथार्थलाई कसैले नजरअन्दाज गर्न सक्ने छैन ।

कवि हुनुलाई पूर्वीय आचार्यहरूले मानवजीवनको सबैभन्दा सार्थक प्राप्तिका रूपमा परिभाषित गरेका छन् । हुन पनि छन्दमा गरिने साधना चानचुने विषय होइन । शैली, भाव, विचार, विषयलगायतका पक्षहरूलाई उचित संयोजन गरी छन्दोबद्ध कविताको स्वरूप निर्माण गर्नुलाई प्रतिभा र साधनाको विशिष्ट प्रकटीकरण मान्नुपर्छ । कविताको यस्तो साधनामा प्रारम्भदेखि नै अत्यन्तै सक्रिय भई अघि बढिरहनुभएका केशव गुरुको प्रतिभा अद्वितीय छ । नयाँबजारको प्राकृतिक सौन्दर्य उहाँको कवित्व जागरणको कारण हो । वरिपरिको सुन्दर जङ्गल र हरियाली, मनै लोभ्याउने सल्लाघारी, चियाबारी र आलुबारी । अम्लिसोबारी र बाँसघारी । सांस्कृतिक पर्यावरणको मौलिकता अनि उत्तरेपोखरीले पस्किएको मायालु सौन्दर्य । कहिले खेतबारीको बाटो हुँदै नामसालिङ तरेको त्यो प्रेमिल अतीत, कहिले मकैबारी र आलुबारीलाई साक्षी राखी उत्तरेपोखरीको सुन्दरतामा डुबुल्की मार्दै सल्लाघारीको बाटो भएर थुम्के अनि सन्दकपुर उक्लिएको सम्झना । सबै-सबै टिपेर त्यसैका पृष्ठाधारमा केशव गुरुले कवितालाई उचित आकृति दिनुभएको छ । त्यही मोड र बिन्दुबाट उहाँको कविताले आवश्यक गति लिएको छ । प्रकृति नै कविता सिर्जनाको उत्प्रेरणा बनेको छ । समयको आकृतिलाई गुरुले कवितामा विश्लेषण गर्नुभएको छ । समयले नयाँपन कसरी ल्यायो र त्यसमा समाहित हुने बाध्यता कसरी सिर्जना गऱ्यो भन्ने प्रश्नमा केन्द्रित भई उहाँले कवितामा

वैचारिकता खोज्नुभएको छ ।

प्रतिरोध चेतना केशव गुरुको कविताको सौन्दर्य हो । पर्यावरणप्रतिको चिन्तामा होस् वा वर्गीय प्रभुत्वका विषयमा होस् अथवा स्वाधीनता चेतका सन्दर्भमा होस्, प्रतिरोधको विशिष्ट सौन्दर्य कवितामा प्रकट भएको पाइन्छ । राजनीतिमा देखिएको विकृति, अविकासप्रतिको आक्रोश, गैरजिम्मेवार छाडातन्त्र, नैतिकताको सङ्कट, शासकीय प्रभुत्वजस्ता विषयको अभिव्यक्तिमार्फत कवितामा प्रतिरोधी विचार ध्वनित गरिएको छ । प्रतिरोधी विचार कविताको दरिलो शक्ति बनेर प्रसारण भएको पाइन्छ । समसामयिक सामाजिक तथा सांस्कृतिक सन्दर्भमा देखिएका विकृतिविरुद्ध शब्दको हतियार चलाएर केशव गुरुले चेतनाको आयाम विस्तार गर्नुभएको छ । वास्तवमा कविताको सामाजिक उपादेयता पनि यही नै हो र यसमा गुरुको अनुशासित साधना सधैं सफल देखिन्छ ।

गुरुले खनेको साहित्यको बाटो पछ्याउँदै साहित्यलाई प्रेम गर्न सिकेको विद्यार्थी भएका नाताले गुरुका कलमबाट नयाँबजारको माटो कविताको सुन्दर लयमा सजिएको पाउँदा साँच्चै हर्षित बनेको छु । साहित्यसितको मेरो प्रेम त्यहींबाट सुरु भयो, जहाँ गुरुले कविताको सौन्दर्य खोज्नुभयो । साहित्यसितको मेरो आत्मीयता त्यहींबाट अघि बढ्यो, जहाँ गुरुले भावनाको मर्ममाथि विचारको सचेत पाइला विस्तार गर्नुभयो । साहित्यको मूल्य, मान्यता, क्षेत्र, वास्तविकता, समृद्धि, गन्तव्य र धरातल पढाएर नथाक्ने गुरुको स्वभाव सबैका लागि सधैं प्रेरणा र प्रभावका रूपमा निरन्तर गतिशील छ । म त्यही प्रेरणा र प्रभावका छहारीमा त्यसको मर्म बुझ्ने प्रयत्न गर्दै छु ।

केशव गुरु कथाको धरातल निर्माण गरी अघि बढ्नुभयो । निबन्धका रसिला बान्की तयार पारी साहित्यको गतिमा समाहित हुनुभयो । खण्डकाव्यको आयाम विस्तार गरी विगत र वर्तमानको विश्लेषणमा जुट्नुभयो । स्थानीय इतिहासको अनुसन्धानबाट प्राप्त निष्कर्ष प्रकाशित गरी धरातलको ऐतिहासिक आधार दिनुभयो । समयका विविध उतारचढावहरूमा उहाँका काव्यिक मर्मले विस्तारको अवसर जति पाउनुपर्ने हो, त्यति पाएनन् । कविताको स्वादिलो स्वरूप जसरी धेरै भावकहरूसमक्ष पुग्नुपर्ने हो, त्यसरी पुग्न सकेन । प्रविधिको विकाससँग आएको परिवर्तन र सामाजिक सञ्जालमार्फत भएको उपस्थितिले भने गुरुका केही कविता प्रसारित र प्रचारित भएको यथार्थलाई यहाँ बिर्सन मिल्दैन । म चाहन्थें गुरुका कविताहरू धेरै पढिनुपर्छ, प्रकाशित हुनुपर्छ, प्रचारित हुनुपर्छ । खण्डकाव्य बाहिर आउनुपर्छ, निबन्धकृति पूर्वपश्चिम पुग्नुपर्छ । तर त्यो हुन सकेन । यसका धेरै कारण छन् । कारणहरूमाथि छुट्टै बहस गर्न सकिन्छ । यो सुन्दर अवसरमा त्यस पक्षलाई अघि सार्नु सान्दर्भिक हुँदैन । जे, जसरी र जहिले भए पनि गुरुका कविताले कृतिको अस्तित्व प्राप्त गरी भावकसमक्ष प्रस्तुत हुने अवसर प्राप्त गरेको यस सुखद परिस्थितिमा एक कवितानुरागी र गुरुको शिष्य हुनुका नाताले बेहद खुसी प्रकट गर्दा अन्यथा नठहरिएला । गुरुको कवित्वमाथि केही बोल्नका लागि मलाई प्राप्त यस सुन्दर अवसरलाई मैले सर्वोत्कृष्ट पुरस्कारका रूपमा ग्रहण गरेको छु । यो गुरुबाट प्राप्त

आशीर्वादको अप्राप्य नमुना हो ।

थुम्केबाट तरङ्गित प्राकृतिक सौन्दर्यको सुवास मलुखोला र बर्खेखोलाको मायालु मुस्कानमा मिसिएर उत्तरेपोखरीका डिलैडिल सल्लाघारी र आलुबारी हुँदै चिया र अलैंचीलाई स्पर्श गरी प्रेमिल समयको सौन्दर्य टिपेर बतासिन्छ । प्रेमेजुङका आलीहरूमा लुकामारी खेल्दै कहिले अम्लिसोका झ्याङहरूमा सुस्ताउने त्यो अतीत कविताको लय उमारेर बैंसको बेगमा बहकिन्छ । अनुभवले उमारेको गाम्भीर्य, समयले सिकाएको सचेतना, युगले पढाएको हार्दिकता र माटाको ममता कविताको ओजनदार वैशिष्ठ्य सुसेल्दै सम्पदा बनी प्रिय मनहरूमा स्थापित छ । हाम्रो मन त्यहीं छ, हाम्रो पन त्यहीं छ, हाम्रो रहर त्यहीं छ, हाम्रो सपना त्यहीं छ । हामी सपनाको संसारमा रोकिएर अतीतका मायालु मनहरू खोज्दै छौं । हामी चाहनाको संसार पोखिएर जिन्दगीका अविस्मरणीय पलहरू निफन्दै छौं । आफन्तहरूको प्रिय छहारी खोज्दै अतीतको यादगार अस्तित्वमा लुकामारी खेल्न हरदिन रहरहरूमा पौडिंदै छौं । चाहनाको यस गतिशील सन्दर्भमा कवितामार्फत खोजिएको जागरण, जाँगर र अस्तित्व हृदयका तह–तहमा साँची लयदार मन बगाएर मुटुहरूमा लुकामारी खेल्दै छौं । दृष्टिहरूमा सौन्दर्य भरी काव्यसाधनाको सामाजिक मूल्य विस्तृतिमा केशव गुरुलाई कविताका आलीहरूमा पाएर हर्षको अपरमेय आयाम विस्तार गर्दै छौं ।

विस्तारित हर्षको एक हरफ खुसी फुकाएर मनका गरागराबाट समयको सौन्दर्य चिहाउन मन लागेको छ । अतीतको प्रिय परिवेश बोलाएर बादलका लहरहरूमा तरङ्गिने चाहना जागेको छ । गुरुको काव्ययात्राको कृतिगत प्रस्तुतिको यस सफल अभियानमा शुभकामनाका शिष्यहरफहरू विकास गरिरहँदा फूलको आँगनीमा जूनको सपनी भेटेको छु । गुरुका काव्यहरफहरूमा सधैं गुराँस फुलिरहोस्, सधैं चाँपको सुगन्ध मुस्कुराइरहोस् अनि मलुझर्नाको स्वादिलो सङ्गीत गुञ्जिरहोस् ! यो बलियो कलम प्रतिरोधको दरिलो अस्तित्व निर्माणमा सदैव क्रियाशील भइरहोस् ! भरिलो काव्ययात्राको यस शुभ सन्दर्भमा शुभकामनाको माधुर्य अँजुलीभरि उघाएर यो शिष्य गुरुका नाममा हार्दिकताको सुनाखरी सादर समर्पण गर्दछ !

२० फागुन, २०७९
सुनाखरी उटज, ललितपुर

# बिचारा उही बुढो मास्टर !



**नारायणप्रसाद चँदारा**
सचिव
श्री थुम्के साहित्यिक समूह, माईजोगमाई, इलाम

बि.सं. २०४६ सालको मध्यतिर श्री अमरकल्याण माध्यमिक विद्यालय, नयाँबजारमा प्रतियोगितात्मक कवि गोष्ठीको आयोजना भएको थियो । विद्यालयको उत्तरपट्टिको कक्षाकोठाभित्र खचाखच भीड थियो, कविता सुन्नेहरूको ।

आदरणीय गुरु विष्णुप्रसाद भट्टराई कार्यक्रम सञ्चालक । पूज्य गुरु वासुदेव शर्मा पौडेल, दुर्गाप्रसाद उपाध्याय पौडेललगायत अन्य विशिष्ट व्यक्तिहरू निर्णायक । स्थानीय कविहरूले कविता सुनाउदै गए । भीडमा तालीका पर्रा छुटिरहे । नयाँबजारको वातावरण नै बदलिएको आभास हुन्थ्यो, कविमय-कवितामय ।

त्यतिवेला म त्यहीं विद्यालयमा दशौं कक्षामा पढ्थें । कलिलो बालमस्तिष्कबाट सिर्जित कविता सुनाउने अवसर पाउँदा हर्षले म पनि गमक्क । अनि बीचबीचमा भीडबाट छुटेका गड्गडाहटले त झन् मनै फुरुङ्ग भइरहेको ।

मध्यान्तरतिर मेरो पनि पालो आयो कविता सुनाउने । ढुक्ढुक् भएको छाती समाउँदै 'मेरो इलाम' शीर्षकको कविता पढें मञ्चमा उभिएर ।

'बालागुरुको पवित्र भूमि मेरो इलाम ।'

'रूपेटारमा मील र झलमल्ल बिजुली बलेको मेरो इलाम !' ..................

भीडबाट फेरि पर्रर तालीको वर्षा ।

समाजसेवी राधाकृष्ण सुवेदीका जेठा छोरा कृष्ण सुवेदीले साँघुबेंसीमास्तिर रूपेटारमा त्यतिवेला भरखर मील बनाई बिजुली समेत बाल्न थालेका थिए । अँगालाभरि जोगमाईखोलाको पानी फर्काएर सनतन्न मील घुमाउँदै झलमल्ल बिजुली बाल्नु त्यतिवेलाको कत्रो बहादुरी !

देखें- कृष्ण सुवेदी दाइ त हाँस्दै उठेर ताली ठोकिरहेका । खरखरे र तारेभीरमाथिको थुम्केडाँडाभन्दा पनि अग्लो भएको थियो, त्यतिवेला मेरो मन ।

२९.६ अंक ल्याएर मैले दोश्रो पुरस्कार थापें त्यस दिन । अनि ३० अंक ल्याएर

पहिलो पुरस्कारको भागीदार हुनुभयो, मेरै आदरणीय गुरू केशवराज पौडेल ।

'विचारा उही बुढो मास्टर !'

घरि झुम्राको गोल उफार्दै, घरि काठको फल्याकमा चिप्ली खेल्दै, घरि चुथ्रो र ऐंसेलु खाँदै, घरि असारे र खरानेका मुण्टासँग लुकामारी खेल्दै हामी भुराले हरदिन चाहारेका नयाँबजारका डाँडापाखा र नागी-चौरमा बत्तीसौंपल्ट वसन्त फर्किएछ अहिलेसम्म । श्रद्धापूर्वक ढुंगाको सानो टुक्रासँगै हामीले पाती चढाउने पवित्र देउरालीमा डोजर चलेको पनि कैयौं साल बितिसकेछ ।

तर मेरो कानमा अझै गुञ्जिरहेछ, केशव गुरूको त्यो कविता 'विचारा उही बुढो मास्टर !'

बत्तीस वर्षपछि मेरा आदरणीय गुरुको 'कामना' कविता संग्रहको पाण्डुलिपिसँग लुकामारी खेल्दैछु आज । 'कामना'को न्वारान् हुनुअघि नै 'विचारा उही बुढो मास्टर'को खोजिनीति गरेको थिएँ मैले ।

"सर, 'विचारा उही बुढो मास्टर' छुटाउनुहुँदैन", केशव गुरुलाई फोनमा भनें- "त्यो कविता अत्यन्त जीवन्त थियो त्यतिवेलै । हजूरको कविता संग्रहमा त्यसलाई एक नम्बरमै राख्नुपर्छ ।"

"हुन्छ भाइ, धेरै अगाडिको परो", गुरुले भन्नुभयो- "कहाँ राखेको छु । म धुँइपत्ताल गर्छु ।"

केही समयपछिको म्यासेन्जर वार्ताबाट थाहा भयो, गुरुले 'विचारा उही बुढो मास्टर' भेट्नुभएनछ । यसरी बत्तीस वर्षअघि जन्मिएर त्यतिवेलै वाहवाही बटुलेर पुरस्कार थाप्दै स्याबासी पाएको केशव गुरुको सुन्दर कविता इतिहासको गर्भमा एकाएक लुक्यो । अहिले पनि मेरो मन भतभती पोलिरहेको छ त्यसले ।

तर आज खुशी छु । मेरा आदरणीय गुरु केशवराज पौडेलको 'कामना' कविता संग्रहको अक्षरअक्षर केलाउने सौभाग्य जुरेको छ मलाई । कम्प्यूटरको कीबोर्डमा औंला चलिरहेको हुन्छ, तर मेरो मन उहाँका कवितासँगै उडेर कहाँकहाँ पुग्छ । घरि थुम्केको डाँडामा टहलिन्छु । घरि नयाँबजारको सल्लाघारीमा । घरि देउराली र उत्तरेपोखरीमा साथीहरूसँग घुम्दै । घरि समाजका अगुवाहरूले आफ्नो जिम्मेवारी पुरा नगर्दा उहाँमा निस्किएको आक्रोससँगै जोसिन्छु । घरि राजनीतिमा देखिएको विकृत मुखुण्डोको ताण्डव नृत्यु हेर्छु उहाँसँगै बसेर । कहिले राष्ट्रप्रेम र सद्भावमा उछालिन्छु माथिमाथि ।

अन्धकार र कुरूपता हटाई सुन्दर समाजको निर्माण गर्ने पवित्र चाहनाले नै 'कामना'को जन्मको भएको छ । 'कामना' परिपक्व छ । खोट लाउने ठाउँ देख्दिन ।

बालागुरुको पवित्र नयाँबजारे भूमिमा जन्मिएर यहींको माटोमा पसीना पोखिरहने आदरणीय केशव गुरुलाई साहित्य सिर्जनामा अझै थप सफलता मिलोस् । शिष्यको तर्फबाट यही शुभेच्छा प्रकट गर्दछु ।

नोट : आदरणीय गुरु केशवराज पौडेलको विषयमा 'गुरुदक्षिणा' जीवनी संग्रहबाट थप कुरा थाहा पाउन सक्नुहुनेछ ।

मिति : २०७९/११/०८

# आफ्ना कुरा

मानवीय मनका भावनाहरू उद्वेलित भएर पोखिंदा साहित्यका हरफ भएर उभिंदा रहेछन् । अन्तर्निहित प्रवृत्ति, परिवेशजन्य उत्प्रेरणा, अनुभूति र आवश्यकता मनभरि गुम्सिएपछि विष्फोट हुँदा कविताको रूपमा अवतरित हुन्छ क्यारे ! कविता साहित्यको उत्कृष्ट र प्रभावकारी विधा हो । यहाँ समावेश गरिएका अभिव्यक्तिहरू कविता भए भएनन् ? म भन्न सक्दिन । तर मेरा अनुभूतिका आवाज भने अवस्य हुन् । यसमा सन्देह छैन । बाँकी मूल्यांकन विज्ञ साहित्यानुरागी पाठकवृन्दमा जिम्मा लगाउँछु ।

मलाई पुस्तक निकाल्न अभिप्रेरित गर्ने, कम्प्यूटर टाइप, सेटिङ तथा छापाखानामा पुऱ्याउनुअघिका सम्पूर्ण काम रात-दिन खटेर पूरा गरिदिने, सल्लाह, सुझाव तथा निरन्तर हौसला दिएर उर्जा थपिदिने भाइ नारायणप्रसाद चँदाराप्रति हृदयदेखि आभार प्रकट गर्दछु ।

नेपाली साहित्यका सम्मानित स्रष्टा, देशविदेशमा प्रसिद्धि पाइसक्नुभएका आदरणीय दाजु कृष्ण धरावासी, जसले आफ्नो अत्यन्तै व्यस्त र अमूल्य समय दिएर भूमिका लेखिदिनुभयो, उहाँप्रति म अन्तर्मनदेखि कृतज्ञ छु र हार्दिक नमन गर्छु ।

सानैदेखि कवितामा अर्ति दिने आमा, बिहान सबेरै उठेर देवीभागवत लयबद्ध वाचन गर्ने बुवा र निरन्तर वैद्धिक सूक्तिहरू लयबद्ध गुन्गुनाइरहने मावलकी हजूरआमा सत्यभामा घिमिरे (बाहुण्डाँगी, झापा) मेरो प्रेरणाका स्रोत हुनुहुन्छ । उहाँहरूप्रति शिर झुकाएर नमन गर्दछु ।

उत्साह र उर्जा थपिदिएर कविताका रचनामा सँधै अभिप्रेरित गर्ने, भाषा र साहित्यका पारखी भाइ डा. हेम भण्डारी (हाल काठमाडौं)प्रति सस्नेह कृतज्ञता ज्ञापन गर्दछु । मलाई सानैदेखि छन्द र लयप्रति आकर्षित गर्ने आदरणीय दाजु जो मेरा गुरुसमेत हुनुहुन्छ, केशवराज खनाल (बाहुण्डाँगी, झापा), मेरो उच्चशिक्षाका गुरुहरू– स्व. राजेन्द्र सुवेदी तथा स्व. बुद्धिप्रसाद घिमिरे उहाँहरूप्रति नतमस्तक भएर यो हजूरहरूको प्रेरणाको मञ्जरी हो भन्न चाहन्छु । मेरा गुरु तथा कर्मपिता कृष्णप्रसाद भट्टराईप्रति सश्रद्धा कृतज्ञता ज्ञापन गर्दछु ।

मेरा कविताहरू लयबद्ध वाचन गरेर मलाई प्रोत्साहन दिने र हरपल साथ–सहयोग दिएर सिर्जनामा उत्प्रेरित गरिरहने अर्धाङ्गिनी प्रभा पौडेल, जसरी र जस्तो लेखे पनि राम्रो र उत्कृष्ट सम्झिएर उत्साह प्रदान गर्दै पुस्तकको रूप दिन प्रेरणा प्रदान गर्ने छोराहरू– विनयराज, विज्ञानराज र बुहारी उषा तथा सँधै खुशी र रमाइरहने, कहिले आफैं विषयवस्तु बनेर भावनामा तरंग ल्याइदिने नातिनी आदिश्रीप्रति आभारी छु र कृतकृत्यता व्यक्त गर्दछु ।

मेरो जीवनमा आजसम्म सामिप्यतामा आउनुभएका परिवारजन, साथीभाइ,

गुरुवर्ग, प्यारा विद्यार्थीहरू सबैलाई हृदयदेखि नै हार्दिक आभार र स्मरण गर्दै कृतज्ञता प्रकट गर्दछु ।

जसले सुदूरपूर्वको क्षितिजबाट साहित्यको ज्योति फैल्याउने पवित्र लक्ष्य लिएर स्थापना भएको एक वर्ष पूरा गर्दानगर्दै मेरो कविता संग्रह प्रकाशित गर्ने गहन जिम्मेवारी वहन गरिदियो, श्री थुम्के साहित्यिक समूह, माईजोगमाईप्रति हार्दिक सम्मान, आभार तथा नमन गर्दछु ।

मन सबैको हुन्छ, विचार सबैको हुन्छ र सन्तुष्टि–असन्तुष्टि पनि सबैका हुन्छन् । एउटा निरीह र पीडित भावना अर्को निरीह र पीडित भावनासँग गाँसिन पुग्छ र विस्तारै वर्गीय आवाज बन्न पुग्छ । कविताहरूमा अभिव्यक्त भावना मेरा नीजि अनुभूतिका उपज हुन् । यिनीहरूलाई सकारात्मक विश्लेषण गरी क्रिया–प्रतिक्रिया प्रस्तुत गरिदिनुहुन सम्पूर्णमा अनुरोध गर्दछु । अरू फेरि साहित्यिक भेटघाटमा ।

मिति : २०७९/११/११ – केशवराज पौडेल

## कविताक्रम

(रचना मितिको आधारमा)


| सि.नं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १. | सरस्वती आराधना | १ |
| २. | कर्तव्य | २ |
| ३. | अभाव | ३ |
| ४. | मौका | ४ |
| ५. | लोकतन्त्र | ५ |
| ६. | यस्तो लाग्छ | ६ |
| ७. | मेरो नेपाल | ८ |
| ८. | कसले बुझिदिने | १० |
| ९. | यस्तो कहिलेसम्म | ११ |
| १०. | अठोट | १३ |
| ११. | देशको पीडा | १५ |
| १२. | मेरो देश | १७ |
| १३. | राष्ट्रवाद | १८ |
| १४. | आव्हान | १९ |
| १५. | हामी | २० |
| १६. | गरीबको सपना | २२ |
| १७. | विडम्बना | २३ |
| १८. | नेताको चरित्र | २४ |
| १९. | दुखेको अनुभूति | २५ |
| २०. | नेतासँग | २७ |
| २१. | छोरी | २८ |
| २२. | कोरोना आतङ्क | २९ |
| २३. | भाग्य पुछियो | ३० |
| २४. | असार | ३१ |
| २५. | माया मान्छेलाई गर | ३२ |
| २६. | माया | ३३ |
| २७. | मेरो देश | ३४ |
| २८. | सज्जन | ३५ |
| २९. | सात हाइकु | ३६ |
| ३०. | नेता | ३७ |
| ३१. | सृष्टि | ३८ |
| ३२. | नेता चरित्र | ४० |
| ३३. | मेरो धर्ती | ४१ |

| | | |
|---|---|---|
| ३४. | गाउँघर | ४४ |
| ३५. | गाउँको चिन्ता | ४५ |
| ३६. | उत्साह मुर्दा भयो | ४६ |
| ३७. | दुर्नियति | ४७ |
| ३८. | फर्किन्छु आफ्नै घर | ४८ |
| ३९. | प्रतीक्षा | ४९ |
| ४०. | सामयिक सचेतना | ५१ |
| ४१. | सत्य मात्रै नित्य हुन्छ | ५२ |
| ४२. | यहाँ यस्तै छ | ५३ |
| ४३. | थुम्के तिमीमा मन यो हरायो | ५४ |
| ४४. | बाँच्ने छ रे जीवन | ५६ |
| ४५. | कुण्ठा | ५७ |
| ४६. | कामना | ५८ |
| ४७. | असार | ५९ |
| ४८. | सोध्दै छ नेपालले | ६० |
| ४९. | थिति बस्नुपर्छ | ६१ |
| ५०. | मलाई संस्कार दिनुहोस् | ६२ |
| ५१. | भोटो फेर्न सकिन्न भन्छ बिचरा | ६३ |
| ५२. | अवसर फर्किंदैन | ६४ |
| ५३. | शरद ऋतु | ६५ |
| ५४. | सलाम छ | ६६ |
| ५५. | नेपाल मेरो घर | ६७ |
| ५६. | मोतिराम भट्टको सम्झनामा | ६८ |
| ५७. | जन्मभूमि | ६९ |
| ५८. | बाध्यता | ७० |
| ५९. | सानीको व्यथा | ७२ |
| ६०. | भ्रान्ति | ७३ |
| ६१. | नवयौवना | ७५ |
| ६२. | भदौरे झरी | ७६ |
| ६३. | नेपाली संस्कृति | ७८ |
| ६४. | संस्कृतिको माया | ७९ |
| ६५. | परदेशीलाई सन्देश | ८० |
| ६६. | जीवन गति | ८१ |
| ६७. | मोतिराम भट्ट | ८२ |
| ६८. | बाबाको सम्झनामा | ८३ |
| ६९. | परदेशी मन | ८४ |
| ७०. | कुण्ठित आवाज | ८५ |

| | | |
|---|---|---|
| ७१. | अन्तस्करणबाट | ८६ |
| ७२. | गाउँको गुनासो | ८७ |
| ७३. | इच्छा | ८९ |
| ७४. | गाउँको आवाज | ९० |
| ७५. | राजनीति | ९१ |
| ७६. | देशको भाग्य | ९२ |
| ७७. | पश्चाताप | ९३ |
| ७८. | यथार्थ बेग्लै रहेछ | ९४ |
| ७९. | जीवन शैली | ९५ |
| ८०. | राजनीतिको दूरावस्ता | ९६ |
| ८१. | हिमाल | ९७ |
| ८२. | बालक | ९८ |
| ८३. | हराएको मन | ९९ |
| ८४. | आफ्नै वाद चाहिन्छ | १०० |
| ८५. | गरीबको हित हुने काम गरौं | १०१ |
| ८६. | जीवन | १०२ |
| ८७. | मान्छेको स्वभाव | १०३ |
| ८८. | थुम्केको कथा लेख्नु छ | १०४ |
| ८९. | छोरीसँग आग्रह | १०५ |
| ९०. | कानून निर्धालाई मात्रै हुन्छ | १०६ |
| ९१. | चैतको गर्जन | १०७ |
| ९२. | वर्षाको वन | १०८ |
| ९३. | भाग्यले कर्म लेख्छ | १०९ |
| ९४. | मान्छेको स्वभाव | ११० |
| ९५. | चिन्ता | १११ |
| ९६. | भविष्य | ११२ |
| ९७. | आबरू | ११३ |
| ९८. | प्रेम | ११४ |
| ९९. | अमूर्त भावना | ११५ |
| १००. | संसार आफैं छ | ११६ |
| १०१. | भाइटीका | ११७ |
| १०२. | छोरासँग | ११८ |
| १०३. | आखिरी सन्देश | ११९ |

विद्राहले भरिएका भावी सपनाहरूको सँग्रह

कृष्ण धरावासी

केशवराज पौडेलसँगको मेरो चिनजान भनेको २०३५ सालदेखिको हो । लेखनाथ भट्टराईको संगतबाट उनीसम्म म पुगेको थिएँ । हामीबीच मित्रता बढ्नुको अन्य कुनै कारण थिएन शिवाय साहित्यमा रुची र कवितालेख्ने हुटहुटी । उनी निकैवटा छन्दमा कविता लेख्न सक्थे । मैले भने कहिल्यै पनि छन्दतिर रुचि बढाइन । त्यसबेला म इलाम क्याम्पसकोबिद्यार्थी थिएँ र लेखनाथ भट्टराई, गणेश निरौला, दुर्गा शर्मा भट्टराई, उदय निरौला आदि नाम्सालिङका साथीहरूसँग मेरो सङ्गत थियो । त्यही सङ्तमा उनी पनि आएर मिसिएका थिए ।

त्यो भनेको हामी सबैको लेखन अभ्यासको बेला थियो । निरन्तरलेखिरहने र एकअर्कालाई सुनाइरहनु पर्ने । उनी धेरैजसो गाउँमै बस्थे तर, इलाम आएका बेला हामी सधैं भेटिन्थ्यौं । उनले जहिले पनि झोलामा कविताको खाता बोकेका हुन्थे । अनि हाम्रो कोठे कवि गोष्ठी सुरु हुन्थ्यो ।

२०३७ सालमा हामीले एउटा कन्दरा परिवार नामको साहित्यिक संस्थाको कल्पना गर्यौं । त्यसको अध्यक्षमा मलाई नै राखिएको थियो । त्यो समितिमा केशव पनि थिए । त्यो संस्थाले तीन वटा हस्तलिखित पत्रिका र एउटा प्रेसबाट छापिएको अङ्क निकाल्यो । त्यसपछि पढाइ सकियो हामी छरपष्ट भयौं । इलामको साहित्यिक जमघट अस्तायो । म झापा झरिसकेपछि केशवसँगको भेटघाट पातलियो मात्र हैन एकप्रकारले पुरै सम्पर्क टुट्यो भने पनि हुन्छ ।

तर उनको बारेमा म सुनिरहन्थें । व्यावहारिक रूपमा जो जो जहाँ जहाँ फँसे पनि आफ्नो सिर्जनामा भने हामी निरन्तर रहेछौं । इलामका साहित्यिक समारोहहरूमा उनको उपस्थितिबारे समाचारहरू सुनिरहन्थें । इलामका कविहरूको भिडमा अब उनी जेष्ठ कविहुन्भन्न सकिन्छ तर, कृति प्रकाशनकोतहमा भने उनी निकै नै पछि परेका थिए । फुटकर रचनाहरू प्रशस्त छापिए पनि कृतिगत रूपमा उनी ओझेलमै थिए जस्तो लाग्छ । तर आज खुसी लागेको छ । उनले मलाई नै आफ्ना कविताहरू पठाएर पढिदिन आग्रह गरे ।

पढें कविताहरू । यस संग्रहमा १०३ कविताहरू समेटिएका छन् । शार्दूलविक्रिडित, भ्याउरे, इन्द्रबज्रा, उपजाति, उपेन्द्रबज्रा, मन्दाक्रान्ता, आदि विभिन्न छन्दहरू प्रयोग गरिएका छन् । उनले गद्यमा कविता लेखेको मैले पढेको छैन । उनी भन्छन्-'म सोच्दै खेरी लयमा गुनगुनाउँछु र छन्दमा लेख्छु ।' कविका आ-आफ्ना तरिका हुन्छन् कल्पिने । गीतकारहरू गुनगुनाउँदै लेख्छु भन्छन् । कथाकारहरू कथावस्तुसँगै डुबिन्छ भन्छन् ।

केशवका कवितामा विद्रोह, भावुकता, निराशा आदि एकदम नै खाँदिएका छन् । ती सबैभन्दा बढी उनका कवितामाराष्ट्रिय भावना अत्यधिक भरिएको छ । हरेक कवितामा देखिने निराशा र कुण्ठासँगसँगै उनी लगत्तै आशावादी छन् भने निराशालाई तत्कालै विद्रोहले घप्लक्कै छोप्दछन् । एउटा मानिसभित्र खाँदिएर रहेका अनेक विपर्यासी भावहरूलाई उनले आफ्ना कविताहरूमा विचित्रको सन्तुलनदिन सकेका छन् ।

मान्छे एकै समयमा व्यक्तिगत, सामाजिक तथा राष्ट्रिय सबै कुराले प्रभावित र द्रविभूत भइरहेको हुन्छ । उसलाई एउटै कुराले सबैतिर हानिरहेको बोध भइरहन्छ । यो बोधलाई सबै मानिसले व्यवस्थित तरिकाले अभिव्यक्त गर्न सक्दैनन्, त्यसैले यस्ता अभिव्यक्तिहरू गरिरहन्छन् कविहरू । केशव सबै भावहरूलाई आफ्ना कवितामा सहजै उतार्न सफल छन् । जहाँ उनी विद्रोही छन् त्यहीं कारुणिक र संयमी पनि छन् । उनका हरेक कविताको भाव मानवता, राष्ट्रियता,र ऐतिहासिक अहम्हरूले भरिएका छन् । उनी विगतको नेपाली शान, वीरता र सहासलाई सम्भाउँदै वर्तमानमा हामीभित्र भरिएको लाचारी र स्वाभिमान गुमाएको स्वाधिनतामाथि भरमार प्रश्न गर्छन् । जसले बनाउनेसपना देखायो, जसले शान्त पोखरीमा टाडासम्म पुग्ने गरी ढुङ्गा फ्याँक्न लगायो, आज उसैले पोखरी धमिल्यायो र आफैं आफ्नो कमजोरीलाई अरुका टाउकामा फेटा बनाइदिएर किनारा लाग्यो । त्यससँग उनको कलमले चित्त दुखाएको छ ।

कविता केवल पढ्नका लागि मात्र हुँदैनन् । ती पढिसकेपछि त्यत्तिकै मासिएर जाँदैनन् । जसरी कुनै कुरा खाएपछि त्यसले स्वास्थ्यमा कुनै न कुनै प्रकारको असर देखाउँछ, त्यसै गरी हरेक काव्यले पाठकको मनमा कुनै न कुनै भाव उत्पन्न गरेरै छोड्छ । केशवका कविताले हरेक पाठकलाई आफ्नो भाषा, संस्कृति, राष्ट्रियता र भूगोलका बारेमा फेरि एकपल्ट सुरुदेखि सम्झिन अनुरोध गर्छन् । निदाएको मानिसलाई व्युँझाएर इतिहासका गल्तीहरूबारे सोच्न लगाउँछन् र आधुनिक विश्वतिर फर्केर हेर्दै आफूलाई तिमी कहाँ छौ भनेर सोच्न बाध्य गराउँछन् ।

लयबद्ध रूपमा पढिने यी कविताहरू संक्षिप्तमा विस्तारित छन् । हरेक श्लोकले लामालामा व्याख्या माग्छन् । देशको प्राकृतिक सौन्दर्यमा रमाउन मन लाग्छ भने यसैको विनाश भइरहेका् देख्दा मन अमिलिएर आउँछ । उनले आफ्ना कवितामा अनेकौं विविधतालाई समेटेका छन् । जुन विषयमा र सन्दर्भमा लेखिएका भए पनि हरेक कविताले वर्तमानप्रतिको घोर असन्तुष्टि र भविष्य बारे सचेत गराएका छन् । विदेशीहरूको अनावश्यक दवावमा भयग्रस्त राज्यसत्तासँग कवि अत्यधिक असन्तुष्ट छन् । उनी हरेक कवितामा कतै न कतै आफ्ना असन्तुष्टिहरूको व्यवस्थापनको माग गर्दछन् ।

कवितामा जेजति असन्तुष्टि र विद्रोह बोले पनि उनी नकारात्मक छैनन् । हरेक कवितासँग एउटा निकास छ, उपाय छ, सल्लाह छ । उनका सबै कविताको सारांश भाव यस्तो छ, जोपढेपछि मनमा आइरहेका कुण्ठा र निराशाहरू समन हुन पुग्छन्-

फोर्दै पत्थर मार्ग खोल्नु छ यहाँ त्यो दूर गाउँ तक

बत्ती झिल्मिल बाल्नु पर्छ पहिले उद्योगका खातिर

जोत्स्ना छर्नु छ चेतना घरघरै राँको बनी सल्कियोस्

सारा मानिसको समस्त क्षमता एकट्ठ भई उर्लियोस् ।

(कामना)

केशव पद्य कवितामा अत्यन्त सिद्धहस्त छन् । उनलाई छन्दको प्रयोगमा लामो अनुभव देखिन्छ । छन्द र गण मिलाउनका लागि कस्टपूर्ण ढङ्गले शव्दको खोजी गरिरहेको देखिंदैन । उनी सहज र सरल शव्दले

नै सबै कुरा भन्न सक्छन् । यसबाटै थाहा हुन्छ उनीसँग छन्दमा कविता लेख्नका लागि प्रशस्त पर्यायवाची शव्दहरूको भण्डार छ ।

देशभित्रभइरहेका तानातान,चुक्ली, सत्ता स्वार्थले ग्रस्त हुनेहरूका दुर्बुद्धि देखेर दिक्क भएका उनी पलि दुई वाक्यमा यसरी निरास छन्-

बन्दैन देश बन्दैनौ. हामी बित्नेछ जिन्दगी

पर्नेछ गर्नु हजार वर्ष अर्कांकै गरलामी ।

पछिल्ला दुई वाक्यमा फेरि तुरुन्तै आशावादी हुँदै उपाय सोच्दछन्-

त्यसैले सोच बदल्नु पर्छ हामीले अवश्य

मिलेर अघि बढ्नु हो बुझ सबैको कर्तव्य ।

कर्तव्य शीर्षकको यो कविताबाट हामी उनको लेखनको तह बुझ्न सक्छौ. । लोकतन्त्र कवितामा लोकतन्त्रसँगै आएका विकृति र विसंगतिहरूसँग उनी यसरी डराउँदै खबरदारी गर्छन्-

वर्षायाम भयो गएर पहिरो सोहोर्छ भन्ने डर

बाटा बन्द भए विरामी परदा मरिन्छ भन्ने डर

खोलो बग्दछ गाउँबाट नजिकै पस्ता कि भन्ने डर

यी सारा डरले थिचे पनि कतै देखिन्न राम्रो भर ।

यसै हेर्दा यो कविता समसामयिक ग्रामिण समस्याको बिम्ब जस्तो लाग्छ तर भित्र पस्दै गएर सुन्न थालेमा यी प्रत्येक वाक्यले मर्मसम्मै घोच्न पुग्दछन् । यो डर जुन हो, यो हाम्रै असफलताको बिम्ब पनि हो । यस डरलाई समयमै नियन्त्रण गर्न सकिएन भने यसले देश, समाज, परिवार सबैलाई बडार्ने छ । यो डर विकाससँग मात्र सम्बन्धित छैन, यो समय, गति र दूरीसँग पनि सम्बन्धित छ ।

जे होस अब केशवको कविताकृति पाठकका हातमापुगेको छ । हरेक पाठकले आफ्नै पठनशैलमिा यी कविताहरूकोरसास्वादन लिने छन् । म मित्र केशवराज पौडेललाई अब खण्ड काव्यतिरको यात्रामा लाग्न सुझाव दिंदै यो कृतिका लागि बधाई भन्छु ।

# १. सरस्वती आराधना

(शार्दूलविक्रीडित छन्द)

ठूलो सम्पत्ति ज्ञान हो हृदयका आँखा उघारी दिने
सारा सृष्टि चिनाइ मानव भई सत्कर्म शिक्षा दिने ।
उज्यालो मन चित्त हुन्छ सजिलै यो ज्ञानका कारण
विद्या हो मूल स्रोत ज्ञानगुणको जोडिन्छ भित्री धन ।
।१।
देवी व्यास गणेश आदि सबले तिम्रै कृपादृष्टिले
आफ्नो कीर्ति अखण्ड लोक हितका ग्रन्थादि निर्माण गरे ।
वागेश्वरी वरदायिनी जगतकी कल्याणकी कारण
तिम्रो पाउँ कृपा म गर्छु मनसा[१] देऊ सफा चेतना ।
।२।
तिम्रो भक्ति सुधा पिएर रसले मस्तिष्क होस् उर्वर
चोखो भाव प्रवाह निर्मल रहोस् सञ्चार होस् निर्झर ।
छर्दै सुन्दर चेतना बिज सँधै उत्थानका क्षेत्रमा
दिव्याधार बनाउने प्रण गरी लागुन् सबै कर्ममा ।
।३।
आमा हौ सबकी विशाल भव यो तिम्रै गरोस् चिन्तन
पाई ज्ञान विवेक हर्दम बढोस् गर्दै नयाँ सिर्जना ।
मान्छेका मनमा विध्वंस तिरको नहोस् कुनै चाहना
भ्रष्टाचार कुकर्म नीच मतिको अन्त्येष्टिको कामना ।
।४।
सेतो वस्त्र सुशोभिता भगवती वीणा लिई हातमा
देऊ ज्ञान विवेक बुद्धि र कला यो लेखनी साथमा ।
विद्या दान दिने विवेक रहने हौ ज्ञानकी पुञ्ज नै
वाणीमा रसिलो सफा मधुरता माता दिउन् शारदे ।
।५।

टिप्पणी १. मनबाट

## २. कर्तव्य

(लोकलय)

मान्छेको मन पत्थर जस्तो कठोर भावना
अर्काको मुटु टुक्र्याई हाँस्ने राख्दछ चाहना ।
थिचेको थिच्यै अर्कालाई पार्नु आफू चाहिं उभिनु
उसले खाए अघाउनु हामी मज्जा छ भन्दिनु ।
।१।

गरीब सोझो करको बोझ बोकेर रूँदैछ
अवसरवादी छक्का र पञ्जा गरेर खेल्दैछ ।
कसले देख्यो दुःखीको दुःख खै पीडा बुझेको
फरक विचार अपराध् भए कुन वाद लिएको ?
।२।

हो लोकतन्त्र मुखमा रटे सामन्ती कुकृत्य
छोडेनन् तर बुझेनन् अर्थ भाव र महत्व ।
हजार कानून देशमा चल्छन् गरीबका खातिर
उपाय केही सुझ्दैन हाय कसैको मनभित्र ।
।३।

भुटियो दिमाग सबैको अब विवेक रहेन
सत्य र निष्ठा हरायो सबै कानून भएन ।
आचार चिन्तन बनाउनेतिर कोही नि लागेन
यो देश मेरो बन्ला र कहाँ लक्षण देखिँन ।
।४।

बन्दैन देश बन्दैनौं हामी बित्नेछ जीन्दगी
पर्नेछ गर्नु हजार बर्ष अर्काकै गुलामी ।
त्यसैले सोच बदल्नुपर्छ हामीले अवस्य
मिलेर अघि बढ्नु हो बुझ सबैको कर्तव्य ।
।५।

रचना मिति- २०७६।०३।१३

## ३. अभाव (इन्द्रवज्रा छन्द)

भुल्यो कता के मन मात्र फाट्यो
आश्चर्यका बादलले झुकायो ।
जुन् लक्ष्य थ्यो त्यो त कतै नि छैन
भेट्नै थियो खै तर भेटिएन ।
।१।

जागेर उठ्यो तर होस छैन
खै चेतनाको मृदुभाव छैन ।
मस्तिष्क रित्तो दिलदार छैन
भाग्यो खुशी खै किन देखिएन ?
।२।

आशा थियो यो मनभित्र भारी
नेपालको उन्नतिको पुजारी ।
बन्ला र नेता सब दुःख पीडा
हट्लान् भन्ने तर मेटिएन ।
।३।

कर्तव्य के हो कति काम गर्ने
यो राष्ट्रलाई कसरी सिंगार्ने ।
दायित्व कसको कति हुन्छ भन्ने
लेख्नै थियो खै तर लेखिएन ।
।४।

कापेर खुट्टा सब जीउ गल्दा
लागेर गोली तन जीर्ण बन्दा ।
पानी नखाई रणमा गएका
पुर्खाहरूको ममता रहेन ।
।५।

बिर्स्यौ चटक्कै इतिहास मेट्यौ
मैं ठालु आफैं पशुतुल्य हाँस्यौ ।
संस्कार भुल्यौ अपनत्व छैन
जाने कहाँ हो पथ देखिएन ।
।६।

पाखा–पखेरा वन भित्रभित्र
नेपालका खोंच र गाउँभित्र ।
उर्जा दिने काम कुनै भएन
खै जागृतिको बीउ रोपिएन ।
।७।

रचना मिति– २०७६।०३।२३

## ४. मौका

(उपजाति छन्द)

अनन्त मेरा मनभावना यी
उठेर आए सब व्याप्त पारी ।
मानौं कुनै यो हुनसक्छ क्रान्ति
भन्ने कसैमा हुनसक्छ भ्रान्ति ।
।१।
न रात राम्रो न त दिन राम्रो
न तिर्सनाको हुनजान्छ टुंगो ।
उर्लेर आई सब छोपिदिन्छ
संसारलाई अति सुक्ष्म देख्छ ।
।२।
म नै हुँ राजा अति शक्तिशाली
म नै हुँ द्यौता अरू तुच्छ प्राणी ।
भन्ने लिएका कुविचार भारी
बन्छन् सबै ती क्षणमा खरानी ।
।३।
विचार मर्छन् र विचार उठ्छन्
कुनै गई शैल चुमेर बस्छन् ।
मान्छे उही हो भगवान बन्ने
संसारलाई हित मात्र गर्ने ।
।४।
उठेर आऊ सब भाइ मिलौं
विचारलाई बटुलेर हेरौं ।
ठूलो र सानो पनि क्वै हुँदैन
लड्दा र जुझ्दा प्रगति भएन ।
।५।
आर्जेर पुर्खाहरूले लिएको
दिएर नासो जुन छोडिएको ।
अत्यन्त आकर्षक दिव्य राम्रो
त्यो राज्य थाम्ने अभिभार हाम्रो
।६।
विकास गर्ने कि विनास गर्ने
कि स्वर्गजस्तो अति उच्च पार्ने ।
जिम्मा छ हाम्रै अरू आउँदैन
खोजेर मौका पुनः पाइँदैन ।
।७।

रचना मिति- २०७६।०४।०७

## ५. लोकतन्त्र

(शार्दूलविक्रीडित छन्द)

टेक्ने छैन जमिन हाय विचरा उफ्रिन्छ बेजोडले
चुल्हो निभ्दछ एक दिन् पनि कतै नारा सभामा गए ।
त्यस्ताको मनले सभासद भए बिर्से सबै ती कुरा
आफ्नो मात्र भलो कसोगरि हुने चिन्ता रह्यो आखिर ।
।१।
वर्षायाम भयो गएर पहिरो सोहोर्छ भन्ने डर
बाटा बन्द भए बिरामी परदा मरिन्छ भन्ने डर ।
खोलो बग्दछ गाउँबाट नजिकै पस्ला कि भन्ने डर
यी सारा डरले थिचे पनि कतै देखिन्न राम्रो भर ।
।२।
च्याङ्ला बस्त्र शरीरमा पयरमा जुत्ता छ नामै फगत
आधा पेट छ अन्न सोच्छ मनमा यस्तै रहेछ जगत् ।
रातोदिन पसिना बगाइ घरको टार्दै समस्याहरू
बाँच्ने जीवनको विकास गरने छैनन् विकल्पहरू ।
।३।
आयो भोट भने झुकेर घरमै नेता समेत् आउने
जित्यो ता सब बिर्सियो गइगयो पाँच् वर्षमा भेट हुने ।
आश्थाका भरमा विभेद गरिने आफ्ना बिराना हुने
यौटै मात्र विचार राख्नु परने लोकतन्त्र कस्तो हुने ?
।४।
टुक्र्याई जनभाव जात थरमा संकीर्ण पारिदिने
आफूआफू जुधाइ मस्तसँगले नेता रमिते हुने ।
होला उन्नति छैन सोंच उनमा चाहिन्छ मात्रै धन
साह्रै तिक्त रहेछ यो सब बुझें नेतामुखी शासन ।
।५।

रचना मिति- २०७६।०४।०८

## ६. यस्तो लाग्छ

(इन्द्रवज्रा छन्द)

यो छातिभित्रै दरबार यौटा
खोलेर राखें मुटुको समिप ।
एक्लिन्न टुक्रिन्न कसै गरे नि
टाढिन्न माया बुझ है संगीनी ।
।१।
या दीनका त्रासदि क्रूर हात
या स्वप्तजस्तो सुख होस् विचित्र ।
बाटा भिराला कि त हुन् सजिला
चालिन्छ खुट्टा अब एक साथ ।
।२।
संसार यौटै घरबार यौटै
उद्धेश्य इच्छा मनभाव यौटै ।
बाटो उही हो जति हिंड्नुपर्ला
काढी पसिना सँगमै हिडौंला ।
।३।
टेकेर पाइला बलियो बनाई
दुर्भाव साह्रा मनको हटाई ।
सद्भावका मञ्जरिले भरेको
संसार अर्कै दिउँ लाग्न थाल्यो ।
।४।
यी हात हाम्रा अरू हात मागून्
यो साथलाई अरू साथ आऊन् ।
भित्रै सबैको सब आँट्न पाऊन्
हेरी अनौठो रसभाव लिऊन् ।
।५।
माया सबैको किन लाग्छ धेर
टाँसेर राखौं मुटुमा लगेर ।
भोका र नांगा जनता उठाई
रोपौं कि ज्वाला रण छेड्नलाई ?
।६।
अन्यायले व्याप्त भयो धरित्री[२]
सुक्यो सदाचार रहेन बाँकी ।

कानूनको मोल र तौल हुन्छ
पैसा र कुर्सी अघि चूप रहन्छ ।
।७।
देखिन्न काँही किन हो सुरक्षा
उम्किन्छ दोषी किन छोड्छ राज्य ।
आशा अनेकौं मनमा लिएका
कुहिन्छ झर्छन् क्षणमै सखाप ।
।८।
कुण्ठित इच्छा मनमा पलाई
मर्छन् मनैमा किन धर्मराई ?
को हो स्वतन्त्र कुन लोकतन्त्र
नेता र रैती किन भो यथार्थ ?
।९।
यस्ता अनेकौं घटनाहरूको
दृश्यादि सारा परिकल्पनाको ।
बाटो सुधारी सहि मार्ग दिन
हामी दुईको मन मिल्नुपर्छ ।
।१०।

टिप्पणी २. धर्ती

रचना मिति– २०७६।०४।१८

## ७. मेरो नेपाल

(इन्द्रवज्रा छन्द)

हो देश मेरो धरती पवित्र
संस्कार आफ्नै तर छन् विचित्र ।
ती शैलमाला गिरिकुञ्ज फाँट
उब्जा तराई बिचको प्रदेश ।
।१।

नेपाल मेरो अनमोल धर्ती
बाँचोस् राखी अति उच्च कीर्ति ।
इच्छा सदिच्छा हुनु पो छ के र
यो राज्य निम्ति दिन के सकें र ?
।२।

पुर्खाहरूले बलबुद्धि दिए
आफू मरी देश बचाइ राखे ।
त्यो प्राणभन्दा पनि राज्य प्यारो
सानन्द इच्छा नव सिर्जनाको ।
।३।

खुट्टा बजारी तरबार माथि
ताकेर नौलो अनमोल सृष्टि ।
बढ्दा परे पर्वत नै अगाडि
सक्दैनथ्यो रोक्न त्यहाँ कदापि ।
।४।

त्यै कीर्तिको शान भयो निशान
थाम्नै सकेनौं किन हो इमान ?
यो राज्य बाँड्ने मति भित्रभित्र
उठ्दैछ देखिन्छ यहाँ सचित्र ।
।५।

ढाँटेर मात्रै कति गर्नु राज
शोषेर खोस्टा किन पार्नुपर्छ ।
दोषी लुकाई सब साफ पारी
आनन्द मान्छौ निच भ्रष्टाचारी ।
।६।

ढाँटेर सारा जनता छकायौ
कड्केर गर्ज्यौ सब होस् उडायौ ।

भन्थ्यौ हिजो गर्छु अनेक काम
मौका दिंदा भो सब चूर्णचूर्ण ।
।७।

लाछी रहेछौ अब होश आयो
मौका लियौ देश सबै डुबायौ ।
मर्ला कि उठ्ला अब लोकतन्त्र
भन्ने नराम्रो मनमा छ शंका ।
।८।

रचना मिति- २०७६।०५।१२

## ८. कसले बुझिदिने ?

(इन्द्रवज्रा छन्द)

मैले दिएको जुन घाउ चोट
बल्झिन्छ होला मुटुमा गडेर ।
आफ्नो बनाई घरबार पूर्ण
आएन मौका किन केहि गर्न ?
।१।
माटो यही यो ममता भिजेको
पाखो यही हो पसिना चुहेको ।
छानो उडायो खर छैन छाप्न
आभा हरायो नसकेर उठ्न ।
।२।
चर्किन्छ छाती मुटु ढक्क फुल्छ
यो वेदना भित्र पसी निमोठ्छ ।
को बुझ्छ मेरो दिल भित्रबाट
पुछ्दा पसिना पुछियो ललाट ।
।३।
आशा अनेकौं तर दृप्टि शून्य
बाटा खुलेका तर दिप्ति शून्य ।
आयो सुनौला दिन मात्र भन्छन्
पाइन्न केही मुखले बखान्छन् ।
।४।
लुटे सबैका अधिकार खोसे
भोका र नांगा जनता रूवाए ।
जो बोल्छ साँचो उ त जेल जान्छ
जो ढाँट्न सक्ला उहि ठालु हुन्छ ।
।५।
के गर्नु खेती झुट मात्र रोपी
के आश राख्नु शठ मुर्ख देखि ।
यो देश मेरो लुटियो असाध्य
आफ्नै कुकर्मी शठ पुत्रबाट ।
।६।

रचना मिति- २०७६।०५।२५

## ९. यस्तो कहिलेसम्म

(इन्द्रवज्रा छन्द)

देखिन्छ कालो निशितुल्य लाग्यो
बत्ती निभेको पथमा हिंडेको ।
यात्रा छ लामो तर छैन साथ
दोषी अभागी पछुवा ललाट ।
।१।
फर्केर हेर्दा पछि छैन ठाउँ
लम्केर बढ्दा पद राख्न पाऊँ ।
आधार टुट्यो र धराप बन्दा
आगत् हरायो दुःखले अँगाल्दा ।
।२।
देखिन्न ऐना जलभित्र हेर्छु
खै तिर्सनाको नवसिन्धु भेट्छु ?
खोजेर आफ्नै मन भित्रभित्र
आफैं हराएँ नबुझी रहस्य ।
।३।
ठूलो त्यही हो जुन ढाँट्न सक्छ
सानो भनेको जनता रहेछ ।
सामन्त बाठो उसको कमाल
नारा रसिला नमिठो हवाल ।
।४।
दर्शन् भनेको मुखले बखान्ने
सम्भ्रान्त बन्ने पथ साफ गर्ने ।
विकास गर्ने कनिका छरेर
आफू डकार्ने ढुकुटी भरेर ।
।५।
झुप्रो चुहेको कसले बुझेर
हेर्ला र आँखा रसिला गरेर ?
बिल्डिङ ठूला रङ मात्र उप्के
खैला र बैला हुन जान्छ के के ?
।६।
नारा र भाषण् जसरी गरें नि
स्वप्ना र आशा जति नै दिए नि ।

कुर्सी त्यही हो मति फेरिएन
सद्बुद्धिले ठाउँ लिनै सकेन ।
।७।

चर्किन्छ छाती बुझिसक्नु छैन
उप्किन्छ खाटो तर जोडिएन ।
आशा बिलाए कति धैर्य गर्नु
नारा र भाषण कति काल सुन्नु ?
।८।

नेता उनै हुन् लत फेरिएन
सन्तोष तृप्ति पनि देखिएन ।
हुंकार ठूलो तर काम छैन
उत्थान हाम्रो त हुँदै भएन ।
।९।

त्यागी र ज्ञानी सब मर्म बुझ्ने
यो राष्ट्रको भाव लिएर बढ्ने ।
आफ्नो बिरानो समभाव राख्ने
नेता भए पो मन शान्त पार्ने ।
।१०।

सोचेर बस्दा बहुला बनिन्छ
लेखेर पढ्दा मुख मात्र दुख्छ ।
देखी नदेख्ने नसुनेर हिंड्ने
यो चाल हाम्रो कति काल टिक्ने ?
।११।

रचना मिति- २०७६।०६।१७

## १०. अठोट

(उपेन्द्रवज्रा छन्द)

न फूललाई तरवार देख्छु
न बस्नलाई दरबार ताक्छु ।
छ भित्र यौटा मनमा प्रतिज्ञा
सुयोग्य मान्छे म बनेर छोड्छु ।
।१।
लिएछ उसले सुनको थलिया
दिएछ भन्थे सय लाख द्रव्य ।
न थाल मेरो न त लाख मेरो
म बुझ्छु हामी सब बेचिएको ।
।२।
न खानु खायो मुलुकै डुबायो
बनेर ठालु जनता रूवायो ।
दुखेर छाती मन फुट्छ पक्क
'हुँ राष्ट्रवादी' किन भन्छ मूर्ख ?
।३।
न हुन्छ राम्रो सुनमा सुतेर
न स्वस्थ बन्ला विषपान गर्दा ।
उठाइ सारा मनका कुभाव
हुनेछ राम्रो जनभाव बुझ्दा ।
।४।
चुलीचुलीका अति रम्य दृश्य
उघार आँखा अनि पो बुझिन्छ ।
हिमाल नाघी त्यस पारि पुग्न
अदम्य इच्छा हुनुपर्छ ज्ञान ।
।५।
जहाँ वहन्छन् पसिना र रक्त
हुनेछ नाता मनको पवित्र ।
गरेर खाने र दिएर जाने
प्रभाव पुर्खाहरूको विचित्र ।
।६।
अठोट यौटा अब गर्नुपर्छ
मिलेर बाटो सब हिंड्नुपर्छ ।

ठूलो र सानो मनको विषाद
हटाई यात्रा तय गर्नुपर्छ ।
।७।

दुखेर खुट्टा किन बढ्छ घाउ
छ पुग्नु टाडा किन रूक्छ नाउ ?
सिपालु माझी किन भेटिएन
निस्वार्थ नेता अझ देखिएन ।
।८।

पुगेर टेकी हिमशैल माथि
विकासका ज्योति अनन्त रेखी ।
उँधो नियाली मन शान्त पारी
म देखुँ नेपाल समृद्धशाली ।
।९।

मरूँ म बाँचुन निमुखा हजार
गरून् धरित्री तिनको पियार ।
असार हाँसोस् नझरोस् आँशु
जुनीजुनी कीर्ति फिंजाइ राखुँ ।
।१०।

रचना मिति- २०७६।०७।०३

## ११. देशको पीडा

(इन्द्रवज्रा छन्द)

तेरो र मेरो कुन चीज हुन्छ
संसार आफैं न त नित्य हुन्छ ।
पुर्खाहरूको गरिमा समाली
जाऔं अगाडि छ त मार्ग खाली ।
।१।
यो देश मेरो सब दाजुभाइ
मेची र काली बिचको तराई ।
ती शैलमाला मुनिको भूखण्ड
हो प्राण हाम्रो चुलिनुछ आज ।
।२।
साझा प्रतिज्ञा मनभाव साझा
निर्माणको ज्योति बलून साझा ।
आकाश यौटै धरती छ यौटै
उद्धेश्य राखौं सब नै समेट्ने ।
।३।
बाटो बिराए पुगिंदैन लक्ष्य
माटो गुमाए सब चीज गुम्छ ।
भाषा र संस्कार पवित्र आफ्नै
छन् भिन्नभिन्न तर सार एकै ।
।४।
यी जून तारा अति रम्य धर्ती
यी फूल जस्ता रसिला गृहस्थी ।
पाखा र खोला वन भीर फाँट
हुन् भाग्यरेखा जलका प्रवाह ।
।५।
पुर्खाहरूको बल शक्ति सारा
अर्पण् गरी शोणितका जुहार ।
आर्जेर नासो ममता भरेर
नेपाल छोडी ती गए मरेर ।
।६।
सीता र पृथ्वी भृकुटी यलम्बर्
भीम्सेन भक्ति अनि बुद्ध सारा ।

हुन् प्रेरणाका प्रतिमूर्ति स्रोत
प्रातःस्मरण् गर्दछु म झुकेर ।
।७।
खोला बगेका हिमशैल फोरी
यात्री हिंडेका मुटु एक पारी ।
यात्रा छ यौटै उहि नै छ लक्ष्य
बुझ्दैन कोही किन यो रहस्य ?
।८।
लाटा मरेका निमुखा डुबेका
बाठाहरूले मनमोज् गरेका ।
ती राष्ट्र डुब्छन् नसकेर उठ्न
भन्ने सबैले अब पर्छ बुझ्न ।
।९।
थोत्रा पुराना अरूले थुकेका
राम्रो भनी हेर न कुर्लिएका ।
सन्त्रास मेरो मनमा छ यौटा
यो देश बेची दिन के नसक्ला ?
।१०।
ठूला बनेका शठ मात्र देख्छु
ढाँट्ने र छल्ने मनसाय भेट्छु ।
को दिन्छ विश्वास कि यो मलाई
'यो राष्ट्रलाई अमरा म पार्छु ।'
।११।

रचना मिति : २०७६।०७।१८

## १२. मेरो देश

(मन्द्राक्रान्ता छन्द)

बाक्ला थेग्ला गगन भरमा मेघका देख्छु खाली
आशा इच्छा मनुजहरूका टुक्रिंदा दुख्छ छाती ।
ताकी अग्ला शिखर गिरिका हिंड्छ यात्री तथापि
कैदीमा नै रूमलिन गई बित्छ यो जिन्दगानी ।
।१।
बोक्छन् भारी भ्रम र छलका मार्ग बन्दा मधुरो
ज्ञानी मान्छे विलय हुन गए लक्ष्य बन्दा अधुरो ।
फुल्यो होला दुर तक कतै भाग्यको फूल राम्रो
इन्द्रणीका रङ सरि हटे खुम्चियो कर्म हाम्रो ।
।२।
हाम्रो बोली तरल हुन गो बग्छ खाली उँधो नै
पर्देशीको दिलतिर कतै अल्भियो कि सुटुक्कै ।
बिर्से होला मनभरि कतै देशको मोह छैन
आफ्नै माटो तर पनि कुनै स्नेहको भाव छैन ।
।३।
कुद्यौं खाली धनतिर अहो बिर्सियौं राष्ट्रवाद
नक्सा हाम्रै घर मुलुकको च्यातियो मित्रबाट ।
पुर्खा त्यस्ता अमर बलिया आँट कैल्यै नहार्ने
हामी लाछी निरिह मनका बोल्न नै पो नसक्ने ।
।४।
बाझ्छौं फुट्छौं मुलुक हितका काम क्यै हुन्न खाली
अर्कालाई घरघर हुली खोज्दछौं मात्र ताली ।
बिर्स्यौं आफ्नो पन सब भुली दास बन्दै गएको
देख्दा लाग्यो अब त कति पो टिक्छ यो देश हाम्रो ?
।५।

रचना मिति- २०७६।०७।२३

## १३. राष्ट्रवाद

(शार्दूलविक्रीडित छन्द)

गर्छौं गौरव राष्ट्रको तर कतै शंका छ लुटिन्छ कि
मान्छौं ढुक्क विशाल मित्रहरू नै पापी बने कि कतै ?
आँखामा मनमा उठेर चुलियो लोभी तिलस्मी कुरा
सोझा छन् भनियो र मित्र बनियो हान्दा रहेछन् छुरा ।

।१।

खाटो उप्किदियो पुरानु जुन हो थाकी सकेको थियो
गिद्धे दृष्टि रहेछ मित्रहरूको औकात लौ देखियो ।
हाम्रो भूमि मिचेर सञ्च मनले के बाँच्न सक्थ्यौ तिमी
तिम्रो राष्ट्र बचाइ बन्दुक भिरी हिंड्ने त हाम्रै छ नि ।

।२।

सन्धीसर्पनका कुरा पनि उठुन् बार्ता गरौं लौ उठ
लोभै मात्र गरेर पुग्छ कसरी संग्राम गर्छौ कि त ?
नेपाली नभए हुँदैन जसको त्यो राज्य रक्षा भने
जोरी खोज्नु हरे बुझिंन किन हो साम्राज्यवादी हुने ?

।३।

आगामा पस निस्किने बल गरे सकिन्छ रे निस्किन
पानीका भलमा डुबे पनि बरू सकिन्छ है पौडिन ।
टिप्छौ घाम भने प्रयास गर लौ केही त होला तर
जिस्की हात नहाल हुन्छ खतरा हौं राष्ट्रवादी बुझ ।

।४।

रचना मिति- २०७६।०७।२७

## १४. आव्हान

(शार्दूलविक्रीडित छन्द)

नेपाली दिलदार सभ्य मतिका छौं विश्वमा लायक
हाम्रो दृष्टि समान मित्रहरूमा छैनन् भने घातक ।
सज्जनको हित गर्नु धर्म पनि हो सोची रहन्छौं तर
सीमा मिच्न भनी कुनै अघि सरे मर्छौं कि मार्छौं बुझ ।
।१।
पुर्खाको इतिहास मूल बिज हो दृष्टान्त के पो दिनु
बाजी जीवन थाप्दछौं समरमा हो बज्र यो सम्झिनू ।
झुक्ला नील गगन् तथापि शिर यो झुक्दैन केही गरे
बाँचे जीवन भोगुँला सुखसँगै स्वर्गै पुगौंला मरे ।
।२।
साक्षी शैल रहन्छ बर्कत बुता एकत्वमा खोज्दछौं
बन्छौं माहुरी छोप्तछौं घर बरू मर्नै परे मर्दछौं ।
आमाको सद अस्मिता खलल हो सीमा मिचेको कुरा
माफीयोग्य हुँदैन रक्त धमनी फुट्ला बरू उम्लिंदा ।
।३।
सुक्ला ताप र रापले हिमनदी सुक्दैन हाम्रो बल
हाम्रा वीर लडेर भूमि अरूको रक्षा गरी के छ र ?
आऊ लड्नुपरे पनि लडौं नेपालका खातिर
आफ्नो भूमि बचाइ राख्न नसके बाँचेर के हुन्छ र ?
।४।

रचना मिति- २०७६।०७।२९

## १५. हामी

(उपजाति छन्द)

मेरो र तेरो जति नै भए नि
छ राज्य हाम्रो र त छौं रहेका ।
यो देश हाम्रो यदि मासिएमा
सकिन्छ सारा हुनजान्छ धूलो ।
।१।
खेलेर खाऊँ नलुटेर जाऊँ
सबै मिली यो अमरा बनाऊँ ।
हौं राष्ट्रवादी सब मिल्नुपर्छ
भएर ढिक्का अब उठ्नुपर्छ ।
।२।
को दिन्छ के पो जब फुट्छौं हामी
बरू सकिन्छौं बनिदै खरानी ।
नाच्नेछ अर्को मनमा रमाई
सकिन्छ हाम्रा जिजुको कमाइ ।
।३।
पुर्खाहरूको इतिहास नासो
थियो रगतले जुन लेखिएको ।
त्यो मेट्न खोज्ने बल गर्छ कोही
अवस्य हाम्रो चिरशत्रु त्यही ।
।४।
मागेर माटो पनि पाइँदैन
दिएर धर्ती रति बाँच्नु छैन ।
हौं वीर जाति बरू मर्न सक्छौं
न झुक्न सक्छौं न त भाग्न सक्छौं ।
।५।
अखण्ड भूमि चिरकालदेखि
हिमाल छेडी वहने जलश्री ।
पाखा पखेरा वनकुञ्ज बेंसी
मधेस हाम्रै गिरिराजदेखि ।
।६।
छौं राष्ट्रवादी तर एक छैनौं
मिलेर बढ्न कहिल्यै सिकेनौं ।

यै चाल हाम्रो अरूले बुझेर
जुधाइ हेर्छन् रमिता बसेर ।
।७।

मारेर आफ्नै निज भाइलाई
लुटेर गर्नु कति पो कमाइ ?
यो देश नांगो जनता गरिब
वहन्छ आँशु दिल दुख्छ भित्र ।
।८।

यो राष्ट्र साझा सबले बुझेको
बराबरी हौं हकदार यसको ।
कोही लुटी देश धनाढ्य बन्ने
अरू दुखी लेक र बेंसी खन्ने ।
।९।

यस्तो छ चाला सब चूप नै छन्
उठेर खोज्ने दिन पर्खिंदैछन् ।
सल्केर ज्वाला जब दन्किने छ
नथामि सक्नु भइ सल्किने छ ।
।१०।

तस्मात आजै भइ होसियार
कलंक बोक्ने किन गर्नु काम ?
ठूला न साना सबले मिलेर
बनाउँ आफ्नै धरणी जुटेर ।
।११।

रचना मिति- २०७६।०८।०१

## १६. गरीबको सपना

(मन्दाक्रान्ता छन्द)

आगो पोल्छ नरुन दिई मनै देखि डाह
स्वप्ना जस्तो सुख र दुःखको छैन त्यस्तो प्रवाह ।
होला भन्ने अविरल कुनै आश बाँकी रहेन
बित्दा धेरै गरिबहरूको पक्षमा बोलिएन ।

।१।

चिल्ला गाडी सडकतिर गुडदै थिए धेर भन्थे
आए ठूला जनहरू अहो उफ्रिंदै हेर भन्थे ।
नांगा खुट्टा ठकठक गरी ठोक्किंदै ढाड माथि
हेर्थे हाम्रा गरिब विचरा हुन्छ कि आश राखी ।

।२।

झुप्रा साना रहर तिनको छैन ठूलो अपेक्षा
ढाँट्ने ठग्ने जुनिभर कतै राख्न सक्दैन आशा ।
आर्जी आफ्नै श्रम र बलले खान पाए त हुन्थ्यो
बिर्सी सारा सुखद मनले हाँस्न पाए त पुग्थ्यो ।

।३।

बाँडे मीठा सरल सपना ढाँटिए वारवार
पुस्तौं पुस्ता गरिबहरूको खोसियो भाग्य सारा ।
टाठाबाठा कुटिल दिनका उक्सिए भाग्य चम्क्यो
भोका नांगा निरिह निमुखा जिन्दगी टाट पल्टयो ।

।४।

पाल्छन् सारा मुलुक जसले भाउ तिन्को हुँदैन
लुट्छन् जसले हरपल चुसी छोइसक्नै भएन ।
पिस्दापिस्दा कति दिन पिसे प्रेमको स्वाँग पारी
च्यात्ला कसले नियति कसरी दुःख सन्त्रास फाली ?

।५।

रचना मिति- २०७६।०८।१५

## १७. विडम्बना

(उपजाति छन्द)

देखेर आँखा थुनि बस्नु पर्ने
पिएर आँशु जुनि काट्नु पर्ने।
खै जिन्दगीको कुन हो मिठास
छ त्रास मात्रै रति छैन आश।
।१।

भोका र नांगा जनता रुँदैछन्
लुटेर खाने बलिया हुँदैछन्।
सिद्धान्त राम्रा तर कर्म खोटी
ठगिन्छ ढाँटिन्छ पचास चोटी।
।२।

आशा भरिन्छन् मुख मात्र ठिक्क
छ काम उस्तै मन हुन्छ दिक्क।
चिम्लिन्छ आँखा दुःखले कहाली
चिमोट्छ टुक्रा मुटुको निकाली।
।३।

खै पाखुराले कुन काम पायो
न योग्यताले पनि क्यै लछारचो ?
छन् स्रोत लाखौं तर खै प्रयोग ?
विडम्बना हो सब कर्महारा।
।४।

संस्कार छोडचौ अनि धर्म बेच्यौ
भुलेर आफ्नो अरुको समायौ।
अस्तित्व आफ्नो सब चूर्ण पारचौ
पुजेर राख्ने इतिहास फाल्यौ।
।५।

लागेर बिर्को सब बुद्धि बन्द
भएर होला सकियो विवेक।
बिर्सेर आफैं अब खोज्नु कहाँ
चिनेर आफ्नो मुटु राख्नु त्यहाँ।
।६।

रचना मिति : २०७६।०९।२४

## १८. नेताको चरित्र

उपजाति छन्द)

छ काग कालो तर भन्नु हुन्न
साँचो कुरा खै किन क्वै सहन्न ?
मिठा र चिप्ला रसिला कुराले
मुठी बटारी धसिने छुराले ।
।१।

छ जाल चुक्ली मनमा कठोर
बोलेर मात्रै कति सक्नु वेला ?
कमाइ तिम्रो अरबौं भए नि
पुग्यो भनेनौ मुलुकै सके नि ।
।२।

लुटेर खाने जनता नहेर्ने
रुँघेर कुर्सी दिन रात बस्ने ।
यो चाल तिम्रो कति वर्ष सम्म
धिक्कार नेता जनता अचम्म ।
।३।

न गर्न खोज्यौ न त गर्न दियौ
मिलेर खायौ कि फुटेर खायौ ?
उद्धेश्य यौटे जसरी नि खानु
जो गर्न खोज्छ पछि मात्र पार्नु ।
।४।

न बुझ्न खोज्यौ न त बुझ्न दियौ
न राजनीति मनले सकारचौ ।
थोत्रा सडेका अमिला बखान
ल्याएर ढाँटचौ जनता तमाम ।
।५।

न रात सञ्च दिनमा छ पो के
छ बिघ्न राम्रो भ्रम छर्छ व्यर्थ ?
ढाँटेर मात्रै कति काल चल्छ
नेता भयौ लौ अति बज्रस्वाँठ ।
।६।

छ पाप तिम्रो मनमा लुकेको
न भन्न सक्छौ सब खोलि बिर्को ।
छोपेर लौ त्यो कति छोपिएला
धिक्कार तिम्रो जुनि धर्मछाडा ।
।७।

रचना मिति : २०७६।१०।१०

## १९. दुखेको अनुभूति

(इन्द्रवज्रा छन्द)

आँखा रसाए मुटु चट्ट फाट्यो
आशा बिलाए मन भित्र काट्यो।
स्वप्ना हराए अब हुन्न केही
धिक्कार हाम्रो तकदीरलाई।
।१।
बाटा बनेनन् खनिएन पैनी
धारा चलेनन् जति नै गरे नि।
उद्योग धन्दा अनि कारखाना
रोगी बने रेटिदिए गलामा।
।२।
भोका र नांगा जनता रुँदैछन्
टाठा र बाठा बलिया हुँदैछन्।
जो ढाँट्न जान्ने उ त पुग्छ माथि
सोझो र सिधा अब मर्छ साथी।
।३।
बेचिन्छ माटो धन थाप्न धेर
साटिन्छ खोल वन शैल देह।
सोचिन्छ आफू बनुँ भाग्यमानी
देखिन्छ अर्को पशुतुल्य खालि।
।४।
कानून नाच्यो पुतली बनेर
सत्ता अगाडि निमुखो बनेर।
आदेश छाँट्ने बनिने छ चोखो
आदेश मान्ने बनिने छ झुत्रो।
।५।
जाली चुलिन्छन् दरबार बन्छन्
सिद्धान्त छर्छन् जनता भुलिन्छन्।
हेर्दा छ राम्रो तर छैन भित्र
गुदी बिनाको सब यो अनर्थ।
।६।
च्यातेर आफ्नो इतिहास सारा
स्वार्थी कुकर्मी अरुको इसारा।

पर्खेर बस्दा मन शान्त हुन्छ
दासस्तको आत्मरति चुलिन्छ।
।७।
जो भ्रष्टाचारी उहि गर्छ राज
हुंकार ठूलो उसकै छ आज।
देख्दैन कोही दिन रात उस्तै
जाली लुटेरा विषवृक्ष जस्तै।
।८।

रचना मिति : २०७६।११।११

## २०. नेतासँग

(उपेन्द्रवज्रा छन्द)

छ भित्र माया मनको कुनामा
कि फूर्ति मात्रै अरुको कुरामा ?
लिएर आयौ कति अञ्जुलीमा
लिएर जाऊ सब नै धरामा ।
।१।
लुकाइ थोरै दिन मिल्छ होला
पुछेर पीडा मन शान्त हुन्छ ।
छ पेट रित्तो तन जीर्ण कन्था
उठेर हेर्ने पनि छैन आँट ।
।२।
लुटेर खाने सब पूर्ण हुन्छन्
जुटेर जाने पथमै रहन्छन् ।
झुकेर बस्ने निमुखाहरुको
हरिन्छ गाँसै अनि रुन्छ भोको ।
।३।
झुटो कुरामा दुनियाँ भुलायो
फुटाई सोझा जनता जुधायो ।
बसेर आफू पर कुर्सि माथि
बनेर राजा मनमस्ति खायो ।
।४।
न पोल्छ छाती न त दुख्छ चित्त
न झर्छ आँशु गहबाट तप्प ।
सुनिन्न बोली समवेदनाको
छ स्वार्थ पूर्ति दृढ लक्ष्य उस्को ।
।५।
दिएन कैले पथ साफ हिंड्न
बनी धमीरा पसिदिन्छ भित्र ।
चुसी पसीना रगताश्रु चाटी
बनेर ठालू कति हिंड्छ ढाँटी ।
।६।
रुवाइ माटो तन मात्र पोस्ने
लुटेर खाने जनता नदेख्ने ।
यी भ्रष्टाचारी नरघाति नेता
रहीरहे देश सबै सकिन्छ ।
।७।

रचना मिति : २०७६।११।२७

## २१. छोरी

(मन्दाक्रान्ता छन्द)

छोरी तिम्रो हृदय रसिलो छैन दुर्भाव केही
हाँस्छ्यौ नाच्छ्यौ सुख र दुःखमा छैन वैषम्य केही ।
हाम्रा स्वप्ना अगलबगलमा प्यारले च्याप्प पारी
पूरा गर्ने रहर कसिलो राख्दछ्यौ लक्ष्य खालि ।
।१।

आफ्ना सारा सरल रसिला भावनाका तरंग
बिर्सी दिन्छ्यौ सकल मनमा उम्रिएका उमंग ।
तिम्रो माया अटल ममता दिन्छ ऊर्जा सबैमा
हामी हुन्छौं विलय हिउँ झैं स्नेहका अञ्जलीमा ।
।२।

मेरी छोरी छमछम तिमी हिंड्दथ्यौ साथ मेरो
लाग्थ्यो सारा मनुजहरूमा श्रेष्ठ सौभाग्य मेरो ।
छोडी टाडा जब गइदियौ जिन्दगी भो तमाशा
चिन्ता ग्लानी मनभरि भरिए छैन केही मिठास ।
।३।

आँखा भिज्छन् सजल गहमा डुब्छ नौलो बिहानी
हेर्दा हेर्दै दुःख र पिरले सुक्छ यो जिन्दगानी ।
टाढा टाढा विरह मनको पंख खोली उडे झैं
लाग्यो छोरी तन र मनले भेटुँ ऐले भने झैं ।
।४।

छोरी मेरी नयन भरकी जिन्दगीको सहारा
साँची स्वप्ना अमर दिलमा बस्छु पर्खी खपेर ।
प्यारी राम्री फुरफुर गरी घुम्दथ्यौ सम्झनामा
तिम्रै चोखो हृदय रसिलो राख्छु यो कल्पनामा ।
।५।

रचना मिति : २०७६।११।१९

## २२. कोरोना आतंक

(शार्दूलविक्रीडित छन्द)

छेक्यो बादलले उठी सब दिशा संसार कालो भयो
आगो दन्कि दियो निलेर पृथिवी त्यो कोरोना नामको ।
आयो संकट ग्रस्त भो सब धरा आतंकले छोपियो
सारा विश्व उपायहीन विचरा विक्षिप्त जस्तै भयो ।
।१।
जित्यो रोग सबै थिए जति यहाँ प्राणी जगत्को तर
हार्‍यो हाय सकेन जित्न विचरा विज्ञानले आखिर ।
कोरोना विष तुल्य भाइरस उठ्यो संसार सक्ने भयो
मार्‍यो मानिस धेर भूमि भर नै आतंकले ढाकियो ।
।२।
यो वेला अब जुट्नुपर्छ धरती भै एक ढिक्का उठ
यौटै लक्ष्य बनोस् बिर्स सबले वैषम्य, इर्श्या, फुट ।
बाँच्ने हो कसरी उपाय कुन हो बाँच्लान् अरू के गरे
सोचौं शान्त भएर शुद्ध मनले आउन्न मौका भरे ।
।३।
मर्दैनन् जन होशियार जति छन् मान्छन् अरूका कुरा
क्वारेन्टाइनमा बसी नियमले गर्छन् परीक्षण् पुरा ।
भाग्छन् जो शठ छन् मरेर तिनले धेरै अरू मार्दछन्
जान्ने धेर हुँदा अकाल विचरा यो जिन्दगी फाल्दछन् ।
।४।
हो यो संकट विश्व त्रासमय भो खै चेतना के भयो
आफ्नो खातिर सोच लौ मनुज हो सन्त्रास हट्ने छ यो ।
चाँहन्छौ सब बाँच्न जीवन सुखी ओराग्य आनन्दको
संयम् शान्ति र धीरता गुण ठूला हो सार संसारको ।
।५।

रचना मिति : २०७६।१२।०८

## २३. भाग्य पुछियो

(इन्द्रवज्रा छन्द)

खै चाँदनी चूर्ण भयो कि आज
निभ्यो सबै कान्ति प्रभा प्रकाश ।
देखिन्न केही नभमा बलेको
मात्रै छ खाली दिल यो जलेको ।
।१।
कुण्ठा र ग्लानी मनताप शोक
बिर्सेर हाँस्ने मनको अपेक्षा ।
त्यो घोर कालो निशिमा हरायो
दुर्बोध्य शंकासँग त्यो बिलायो ।
।२।
खेती सबैको भ्रमयुक्त बात
सिद्धान्त दर्शन गफका मजाक ।
बाटो हरायो अब भेटिंदैन
फर्केर टेक्ने पनि ठाउँ छैन ।
।३।
डोको र नाम्लो शिरताज मानी
ती भीर पाखा अतिरम्य ठानी ।
हिंड्ने रमाई दिल भित्रबाट
दुर्भाग्य पुछ्यौ तिनको ललाट ।
।४।
चिम्लेर आँखा चुलि टेक्न खोज्ने
कालो लुकाई अति श्वेत भन्ने ।
लागे अगाडि विषयुक्त तत्व
होला उज्यालो कुन रातबाट ।
।५।
मर्दै गए आखिर स्वप्न हाम्रा
कुण्ठा र तृष्णा मन भो निराश ।
बाटो हरायो बटुवा रूँदैछ
कोही तमासा बिच रल्लिंदैछ ।
।६।

रचना मिति : २०७७।०३।२७

## २४. असार

(इन्द्रवज्रा छन्द)

डाँडा र पाखा वन फाँटबाट
गुञ्जिन्छ मीठो रसपूरर्ण राग ।
थर्किन्छ पाखो गिरि नाच्छ क्यारे
भुल्नै नसक्ने ध्वनि त्यो असारे ।
।१।
पोखिन्छ बेथा मन हुन्छ शान्त
कुण्ठा र तृष्णा पनि दूर जान्छ ।
वर्षिन्छ पानी सहकाल खोजी
मंसीर रोप्छन् विजमा उमारी ।
।२।
हाँसो खुशीको श्रमको जुहार
आशा भरोसा भवितव्य सारा ।
जिम्मा दिए रम्छ अरे प्रकृति
भन्दै रमाई खुश छन् सहेंली ।
।३।
रोप्ने र गोड्ने हुन कर्म खाली
जो दिन्छ थापौं मन शान्त पारी ।
पाइन्छ धेरै भ्रम हो विचार
पाइन्न केही झुट हो नकार ।
।४।
राम्रो नराम्रो प्रकृति छ साथी
विश्वास राख्छन्  श्रमका पुजारी ।
थाकेर कैले मन हुन्न दिक्क
भाका सुसेली उडिजान्छ कुण्ठा ।
।५।
आषाढ हो जोश बढीरहेछ
स्वप्ना सुनौला मनभित्र उठ्छ ।
मंसीर सिंगै घुमिदिन्छ त्यहाँ
आनन्दको सुन्दर कल्पनामा ।
।६।

रचना मिति : २०७७।०३।३०

## २५. माया मान्छेलाई गर

(इन्द्रवज्रा छन्द)

तिम्रो छ माया मुटुभित्र धेरै
बाँच्ने सहारा बनिदिन्छ तेही ।
आशा उभारी रसपान गर्दै
ब्रम्हाण्डलाई अपनत्व बाँड्दै ।
।१।
पंखा फिंजाई छरि शीत छाँया
न्यानो ओजश्वी मृदु शान्त माया ।
छर्दै तिमीले जब दृष्टि दियौ
बन्दै गएँ पागल होश चोस्यौ ।
।२।
भो भ्रान्ति खाली बुझिएन खास
लाग्यो सबै जिन्दगी नै तमासा ।
सद्बुद्धिले गर्न सकेन काम
खै के भनौं बिर्सिसकें तमाम ।
।३।
आशा भरोसा कुन हो विवेक
भाग्यो सबै क्षीण भएर टाढा ।
हो जाल माया तर त्यै बलियो
फन्दाविषे व्यर्थ त्यसै परियो ।
।४।
अध्यात्म विज्ञान भए नि जेजे
सारांश माया अरू छैन केही ।
मान्छे भई बाँच्न सिके सबैले
माया भयो तन्तु रहेन केही ।
।५।
न्यानो र चोखो मन भित्रबाट
उम्रिन्छ डग्दैन भइ हतास ।
खोजेर शान्ती अनि रम्न थाल्छ
तृष्णा र कुण्ठा सब दूर गर्छ ।
।६।

रचना मिति : २०७७।०४।१०

## २६. माया

(उपजाति छन्द)

खोलेर हेर्दा पनि हुन्न केही
बसेर सोच्दा पनि छैन केही ।
गाँठो कसिलो मुटुमा परेर
बिछोड पीडा मनमा लिएर ।
।१।

साम्राज्य आफ्नो किन एकछत्र
गरेर माया बसिदिन्छ हाय ।
तिर्खा न भोकै न त लाग्छ नीद
बलिन्द्र आँशु जल मात्र झर्छ ।
।२।

सोचेर केही पनि हुन्न सार
हुदैन विश्रान्ति न त छन् लगाम ।
फैलिन्छ खाली किन खुम्चिदैन
माया बिनाको मन नै हुँदैन ।
।३।

देखाउँ भन्दा लुकिदिन्छ भित्र
मनै पकाई गलिजान्छ फ्यात्त ।
बाँडौं र थोरै सँग राख्छु भन्दा
बढेर पृथ्वी सब छोपिदिन्छ ।
।४।

प्राणीहरूको अति उच्च शान
सुसंस्कृति कीर्ति अनि निशान ।
हो सभ्यताको चरबिन्दु खास
माया बिना हुन्छ सबै विनास ।
।५।

हो जाल भन्लान् कति स्वाङ पारी
मजाक गर्लान् श्रणभर भिखारी ।
टिक्तैन कस्तै तिनको अडान
यसर्थ माया अति मूल्यवान ।
।६।

रचना मिति : २०७७।०४।१३

## २७. मेरो देश

(इन्द्रवज्रा छन्द)

नेपाल मेरो मुटुतुल्य धर्ती
पुर्खाहरूको यश शान कीर्ति ।
संसारको भव्य सुदिव्य कान्ति
छर्ने सदा उर्वर बीज शान्ति ।
।१।

चोखो र प्यारो मृदु भाष्य शैली
न्यानो छ माया मुटुभित्र फैली ।
नाता रहेको सदियौं पुरानो
बन्धुत्व हाम्रो छ त को बिरानो ?
।२।

पुर्खाहरूको कटु साधनाले
त्यो राष्ट्रवादी मन भावनाले ।
साँचेर राखी अति प्रेमसाथ
नासो दिएको मन भित्रबाट ।
।३।

निभ्दै ननिभ्ने मनको प्रकाश
यो सृष्टि धन्य अनुपम् विचार ।
टेकेर धर्ती उभिएर माथि
सीमा लगाए दिइ प्राण बाजी ।
।४।

बिर्सेर आफू अरूको भलाइ
गर्ने छ संस्कार पनि रमाई ।
यो छाति मेरो अति गर्व साथ
फैलिन्छ सम्फी इतिहास हाम्रा ।
।५।

डाँडा र पाखा गिरिकुञ्ज नाघी
पुर्खाहरूले थिति एक पारी ।
नासो दिएको अनमोल धर्ती
आर्जन गरेको बटुलेर कीर्ति ।
।६।

यो देश मेरो अनमोल सृष्टि
पुर्खाहरूको अति दूर दृष्टि ।
रेखी सिमाना रगतै बगाई
छोडि दिएको बलियो बनाई ।
।७।

रचना मिति : २०७७।०६।०६

## २८. सज्जन

(शार्दूलविक्रीडित छन्द)

छेक्ला पर्वतले अगाडि बलियो रूक्तैन हावा तर
छोप्ला बादलले तथापि दिनमा भाग्दैन रश्मी पर ।
ज्वाला दन्किन सक्छ भोक पिरको फुत्रुक्क पार्ने गरी
पैताला तर वीरको पछि कसै हट्‌दैन केही गरी ।
।१।
ढाँट्‌ला छट्टु कुनै बनी नजिकको आत्मा बुझे झैं गरी
बुन्ला जाल अनेक भित्र मनका पीडा सुने झैं गरी ।
होला धर्मर के गरूँ पथ कता खुट्टा बढाऊँ कता
त्यो वेला दृढता विवेक छ भने पर्दैन मान्नु डर ।
।२।
माटोले ममता दियो यदि भने सर्वत्र मानिन्छ रे
प्यारो हुन्छ सधैं धरा खुश भए पर्दैन जानु कतै ।
अग्ला पर्वत हैमले शिर पुरी बस्छन् सँधै स्थिर भै
हुन्छन् चञ्चल पर्छ भुवँरी सिद्धिन्छ अस्तित्व नै ।
।३।
हाँसो आँशु समान ठान्छ मनमा ज्ञानी गुणी सज्जन
सेवा धर्म ठुलो बुझेर दिलमा गर्छन् नयाँ सिर्जना ।
आफ्नो होस भलाइ पीर अरूमा जस्तै परून् अड्‌चन
वास्ता नै नगरी लुटेर खुश भै बस्छन् अहो दुर्जन ।
।४।

रचना मिति : २०७७।०७।२२

## २९. सात हाइकु

सत्ताको खेल
कहीं नभा'को जात्रा
हाँडी गाउँमा ।
।१।
चैतको मेघ
योग्यताहिन् पद
तातो न छारो ।
।२।
आकाशे घर
नेपाली राजनीति
सपना मात्र ।
।३।
ढोडको लट्ठी
भर परे भाँचिने
नेताको भाषण ।
।४।
भालुको कान
छोड्नु न समाउनु
नेताको फेर ।
।५।
छेपारे चाला
कहिल्यै नसुध्रिने
भूइँफुट्टा नेता ।
।६।
पातको पानी
योजनाको ओइरो
सबै चिलिम् ।
।७।

रचना मिति : २०७७।०८।११

## ३०. नेता

(इन्द्रवज्रा छन्द)

बोली छ यौटा तर काम अर्को
सिद्धान्त आस्था सब बेचिएको ।
पैसा छ मात्रै दिलमा बसेको
नेता भयो त्यै नीति नै बिनाको ।
।१।
भो चाकरी नै अति दिव्य अस्त्र
होला र के पो यस देशभित्र ।
बुझ्ला र कस्ले युगको प्रतीक्षा
गुम्यो नि हाम्रो किन भाग्य व्यर्थ ?
।२।
हो भ्रष्टचारी तर भन्नु हुन्न
गर्दैन केही तर फेर्नु हुन्न ।
निष्ठा गुमायो सब नष्ट पार्‍यो
हाम्रो नराम्रो तर छोप्न लायो ।
।३।
राम्रो त होल तर छैन हाम्रो
भन्ने नशाले सब ध्वस्त पार्‍यो ।
साँचो नदेख्ने अरूको कुरामा
आफ्नो र आफैं मन चेतनामा ।
।४।
शान्ति सुरक्षा रति छैन वास्ता
सोर्ने कसरी त्यसमै छ व्यस्त ।
चेली भए दुर्जनका शिकार
दुखेन तिम्रो मुटु किन्तु हाय ।
।५।
बिर्सेर सारा नर कर्मलाई
बर्बाद पार्‍यौ जनता रूवाई ।
हुंकार ठूलो तर काम छैन
नेतृत्व गर्ने गुण नै भएन ।
।६।
भन्ने न निस्क्यो न त आफु जान्यो
व्यर्थै नटेरी जनता रूवायो ।
भो स्वार्थलिप्सा अति तीव्र खाली
आएन केही उसका अगाडि ।
।७। रचना मिति : २०७७।०८।२०

## ३१. सृष्टि

(इन्द्रवज्रा छन्द)

हो सृष्टि सारा उपहार हाम्रो
सम्बन्ध दृष्टान्त सबै कुराको ।
त्यै सृष्टिको चक्र घुमी क्रमैले
लेख्यो अनेकौं इतिहास पैले ।
।१।
हो सृष्टिको उत्तम जीव मान्छे
बुझ्ने र बाठो अधिकार खोज्ने ।
त्यो झुण्डभित्रै अति क्रूर जाली
जन्म्यो र खोस्यो सब हात हाली ।
।२।
निर्धा र सोझा पसिना बगाई
लाचार बाँच्छन् मनमा डराई ।
निर्धक्क डुक्रिन्छ फटाहा जाली
मान्दैन संकोच न हुन्छ ग्लानी ।
।३।
भोका र नाङ्गा निमुखा हजार
यौटा त उद्दण्ड अरू गँवार ।
खोसेर खायो ढुकुटी भरायो
त्यो सृष्टि रेखा धमिलो बनायो ।
।४।
विज्ञान रच्ने पनि थाक्नु पर्छ
खोसेर खाने पनि हट्नु पर्छ ।
बिर्सेर सारा कटुता हराई
मान्छे खुशीले सब बाँच्नु पर्छ ।
।५।
उन्माद त्यागी पथ साफ पारी
होस्टे र हैंसे अनि काँध जोडी ।
बढ्ने अगाडि दृढता बढाई
संकल्प साँचो अब गर्नु पर्छ ।
।६।
होस् वृष्टि चोखो नवचेतनाको
संसार हाक्ने नर सिर्जनाको ।

भागोस् कालो मल वेदनाको
जागोस् आभा जग प्रेरणाको ।
।७।
थोत्रो उदाङ्गो पृथिवी हुदैछ
विध्वंस हिंसातिर लम्किंदैछ ।
बाटो नराम्रो किन हिंड्नु व्यर्थ
जाँदैछ वेला नसकौं अनर्थ ।
।८।
खै शान्तिको बुद्ध कता हरायो
खै ज्ञानको ज्योति कता बिलायो ?
मासेर सृष्टि अब के छ गर्नु
उन्माद बोकी किन भाइ मार्नु ?
।९।
यो सृष्टिको खेल चलेर जाओस्
अत्यन्त राम्रो धरती बनाओस् ।
होस् स्वर्ग नै यो अति रम्य शान्त
सन्तोष आनन्द खुलोस् अनन्त ।
।१०।

रचना मिति : २०७७।०८।२३

## ३२. नेता चरित्र

(इन्द्रवज्रा छन्द)

साँचो नबोल्ने दिन रात ढाँट्ने
जालो फिंजाई भ्रम मात्र छर्ने ।
चिप्ला कुराले मनमुग्ध पार्ने
नेता त्यही हो विधिले नभेट्ने ।
।१।

हामी मिलेको उसलाई दुख्छ
हामी फुटेको उसलाई रूच्छ ।
ढाँटेर सारा जनता भुलायो
नेता विधिले भुलले बनायो ।
।२।

सिद्धान्त थोत्रो अघिको पुरानो
बोकेर ल्यायो नभनी बिरानो ।
गफाष्टका छाँट मिसाइ नौला
स्वप्ना अनेकौं भ्रमका सुनौला ।
।३।

बाँडेर स्वप्ना अमरापुरीको
थाकेन पायो रस माधुरी पो ।
नारा दियो स्वर्ग बनाई छाड्ने
नेता त्यही हो सबलाई ढाँट्ने ।
।४।

आफैं हुँ ठूलो अरू छैन कोही
बुझ्दैन संसार हुँदैन केही ।
भन्ने अहंकार चुली भएको
नेता त्यही हो भ्रमले पुरेको ।
।५।

स्वार्थी र कालो मनभित्र जालो
षडयन्त्र गर्ने नहुने उज्यालो ।
चिप्लो छ भाषा तर छैन सत्य
नेता त्यही हो जुन धूर्त हुन्छ ।
।६।

रचना मिति : २०७७।०९।०६

## ३३. मेरो धर्ती

(इन्द्रवज्रा छन्द)

तीे शैल माला नभ भेट्न खोज्ने
खोला र नाला कहिल्यै नसुक्ने ।
हजार लाखौं वन वाटीकाले
शोभा दिएको चुचुराहरूले ।
।१।
इच्छा अनेकौं मन चाह बेग्लै
संस्कार आफ्नै मनभित्र मात्रै ।
साझा बनेको रिति सभ्यताको
धर्ती यही हो शिव पार्वतीको ।
।२।
भाषा अनेकौं रिति लाख लाख
संस्कार आफ्नै थर जाति भित्र ।
रंगीन राम्रो फुलबारी जस्तो
हो धर्ती मेरो बुझ स्वर्ग जस्तो ।
।३।
थुम्का र पाखा वन फाँटबाट
गुञ्जिन्छ मीठो ध्वनिको रियाज ।
पोतेर लाली गिरिका ललाट
रक्तीम बन्दा अझ गर्व लाग्छ ।
।४।
बिर्सी नसक्ने इतिहास मेरो
पुर्खाहरूले तन अर्पिएको ।
रेखेर सीमा खुकुरी नचाई
नासो दिएको मुटुमा सजाई ।
।५।
यो देश मेरो ममता छ धेरै
कर्तव्य बिर्से किन आज मेरै ।
आफ्नो गुमाएँ अरूको समाएँ
बिर्सेर आफैं किन पो हराएँ ।
।६।
पोतेर रातो गिरिका ललाट
हेरेर हाँस्यो रवि गर्वसाथ ।

डाँफे रमायो नवरङ्ग खोली
पाखा पखेरा सुनका हवेली ।

।७।

को सक्छ यस्तो रचना विचित्र
संसारको सुन्दर भव्य चित्र ।
तस्वीर बोल्ने प्रकृति कलाको
स्वर्गीय आनन्द सयौं भएको ।

।८।

संसारका दिव्य अमूल्य तत्व
भेला गरी सुन्दर मूर्त तथ्य ।
यौटा अनौठो विधिको कलाको
प्रस्तुत् नमूना बुझ देश मेरो ।

।९।

छन् सारगर्भित् इतिहास मेरा
छन् लाख पौराणिक ठाउँ मेरा ।
अग्ला हिमाली चुचुरा भएको
ती शैलजाको पदचाप गढेको ।

।१०।

अंग्रेज तर्स्यो मुगलान झस्क्यो
हे वीर गोर्खा भनी नाम जप्थ्यो ।
पुर्खा तिनै हुन् जगले चिनेका
नेपाल निर्माण गरी दिएका ।

।११।

तल्लो तराई मधुमास छर्ने
पग्ली हिमाली रसभाव भर्ने ।
पाखा पखेरा वन कुञ्ज फाँट
हुन् सिर्जनाका रसिला किताब ।

।१२।

खोजेर काँही जगमा नमिल्ने
रोजे कसैले पनि हात् नपर्ने ।
यो भाग्यको द्योतक शान हाम्रो
धर्ती यही हो प्रकृति खुलेको ।

।१३।

भोका र नांगा जनता तथापि
सन्तुष्ट सोझा श्रमका पुजारी ।

आकाश टेक्ने पनि छैन इच्छा
जो मिल्छ खाने मन हुन्छ तृप्त ।
।१४।
अग्ला गिरिका रसिला पवित्र
पाखा चुचुरा वनका ललाट ।
उब्जाउ राम्रा श्रमले भिजेको
धर्ती यही हो शिवले घुमेको ।
।१५।
पानी पवित्र प्रकृति सचित्र
हो स्वर्गको सुन्दर एक टुक्रा ।
छानेर राम्रा सब एक एक
नासो दिएको विधिले चुनेर ।
।१६।
को गर्न सक्ला यश कीर्ति गान
यो पुण्यभूमि महिमा बखान ।
हो शान्तिको उर्वर देश मेरो
यो बुद्ध धर्ती सबथोक मेरो ।
।१७।

रचना मिति : २०७७।१०।३०

# ३४. गाउँघर

(शार्दूलविक्रीडित छन्द)

प्यारो लाग्छ सँधै हिमाल मुनिको बस्ती सफा सुन्दर
छाँगा छङ्छङ वर्षने प्रकृतिका शीतांकका उर्वर।
पाखामा दिलदार हिंड्छ बटुवा गाना सुसेली मिठा
माटो भन्दछ रे नछोड धरती पुर्खाहरुको कथा।

।१।

हाम्रो गौरवको पुरानु ममता हो शान्तिको द्योतक
पूण्यात्मा ऋषिराज योग्य नृपको हो देश मेरो घर।
जन्मे बुद्ध र जानकी पनि यहीं जन्मिन शैलसुता
योगी सिद्ध अनेक वीरहरुको चोखो मिठो पौरख।

।२।

छानो सुन्दर शैलको पयरले टेकी सुनौलो धरा
छातीमा छहरा सुसेली वहने नेपाल हाम्रो घर।
नेपाली हुनुमा छ गर्व जुन त्यो पाइन्न खोज्दा कहीं
जे जे गर्नु छ त्यो समर्पण गरौं पोखौं पसिना यहीं।

।३।

भाषा धेर अनेक जात थरका छन् संस्कृति लाख नै
मिल्ने आपसमा विभेद नहुने संस्कार आफ्नै दिने।
सोझा सज्जन पौरखी मन सफा विख्यात धर्ती सुत
लाग्छन् उन्नति गर्न शुद्ध मनले छेकिन्न रे बर्कत।

।४।

लाखौं लाख युवा विदेश मरुमा पोख्छन् पसिना तर
आफ्नो देश बनेन आखिर कसै बाँझो छ गाउँघर।
हाम्रा झोपडी रित्तिए शहरमा के के छ रे खै कता
दौडादौड चली रहेछ कसरी बन्ला र गाउँ घर ?

।५।

रचना मिति : २०७७।११।०५

## ३५. गाउँको चिन्ता

(शार्दूलविक्रीडित छन्द)

मेरो गाउँ छ दूर रिक्त अहिले रूँदैछ रे बेसरी
छोड्यौ रे सबले भुली शहरमा बस्छौ कता के गरी ?
पाखा खेत सुके लडे घरहरू वैराग्य लाग्ने भयो
सोच्ने फुर्सद छैन रे तर तिमी चुक्तै गयौ वेर भो ।

।१।

माटो उर्वर गाउँको प्रकृतिको न्यानो मिठो चुम्बन
देला कृतिम त्यो शहरले खोजेर ल्याई कहाँ ?
संस्कार् संस्कृतिका अमोल निधिको भण्डार छोडी गयौ
बिर्स्यौ गाउँ रूँदै धुरूधुरू पर्खी बसेको छ है ।

।२।

बिर्स्यौ संस्कृतिका कुरा न त कुनै संस्कार अर्को लियौ
भाषाले रूप बद्लियो तर अहो बुझ्नै नसक्ने भयौ ।
चिन्नै हुन्छ कठीन ताल अरूको सिक्तै रहेछौ तर
आफ्नो हुन्न कसै पराय घरको संस्कार भाषा बुझ ।

।३।

बेंसी खेत सबै सुकेर अहिले बाँझो भएको छ रे
धारो छैन अरे, कुवा पनि सुके, मान्छे बसाइँ सरे ।
खेतीयोग्य जमीन बञ्जर भयो गर्ने र कस्ले किन ?
तन्नेरी जति छन विदेश घरमा छोडी अनुपम धन ।

।४।

मौका छैन कतै कुनै किसिमको पोखौं पसिना कहाँ ?
भ्रष्टाचार हुँदा कठै मुलुक नै कंगाल भो दिन्दिन ।
गाउँ रूग्ण भयो फुटे घरहरू पाखा पखेरा सुके
छैनन् मानिस क्वै विरहले आशा भरोसा टुटे ।

।५।

रचना मिति : २०७७।११।१४

## ३६. उत्साह मुर्दा भयो

(शार्दूलविक्रीडित छन्द)

नाङ्गो आङ छ जीर्ण जीर्ण कपडा छेक्तैन जाडो शित
खाली पेट हुँदा विदीर्ण मनका पोखिन्छ लाखौं व्यथा ।
सुन्ने किन्तु हुँदैन एक जन त्यो बेचिन्छ रे इज्जत
ठूलाकै रसराज मस्ति बिचरा मर्दैछ धर्ती सुत ।
।१।

माया गर्दछ देशको जमीनको खोसिन्छ माटो सँधै
माटोको ममता लिएर मनमा मर्दिन्छ माटोसँगै ।
साट्यो जिन्दगीका सबै रहरमा सर्वस्व माटो भनी
खाली हात भयो तथापि बिचरा पाएन केही पनि ।
।२।

माटो उर्वर भो चुहेर पसिना भिजेर डल्ला फुटे
भोको पेट थियो तथापि श्रमका धारा प्रवाह छुटे ।
उर्ल्यो जाँगरको अनन्त खहरे रोकिन्न यो क्यै गरी
हेर्लान् दूर कतै लुकेर खुश भै सीता भृकुटी पनि ।
।३।

बित्यो जिन्दगी धेर छैन श्रमले पाएन केही कतै
नंग्रा मात्र खिए थला कति परे आएन गन्ती कतै ।
पाखा सम्म भए नदीहरू कुदे कुला र पैनी हुँदै
भोको पेट भयो श्रमिक बिचरा बस्छन् पिडाले रूँदै ।
।४।

मौका छैन कुनै गरौं श्रम भने यो देश खोक्रो भयो
माग्ने थाल भयो उनीहरू भरून् यो देश धोक्रो भयो ।
भ्रष्टाचार बढेर कानुन पनि बोल्नै नसक्ने भयो
निर्धाका दिन मासिए कि किन हो ? उत्साह मुर्दा भयो ।
।५।

रचना मिति : २०७७।११।२७

## ३७. दुर्नियति

(शार्दूलविक्रीडित छन्द)

झर्दा तल्तिर भन्छ हेर अहिले उम्लेर माथि पुगें
हार्दा भन्छ रिसाई अरूले हारे र मैले जितें ।
चिप्ली लड्छ कतै तथापि अरूले चिम्लिदिउन् लोचन
भन्ने गर्दछ कामना मनमनै नेतृत्वको दुर्जन ।
।१।
सारा देश लुटे पुगेन मनको सम्पत्तिको चाहना
निर्धाका दुखको बुझेन किन पो बुझ्थ्यो र बुझ्नु किन ?
थोत्रा दर्शनका मिठा र गुलिया चक्लेट फालिदिंदा
हुन्छन् तृप्त भने अनर्थ कसले गर्थ्यो र के पो किन ?
।२।
हल्लाका पछि दौडदा पुगिगयो पर्दैन गर्नु बरू
थुप्रो सम्पत्तिको गरौं जतनले मर्दै गरून् यी अरू ।
होला के अब देश भासिन गए पर्दैन चिन्ता लिनु
आफ्नो भाग भरौं भनेर कसिने नेता भए के गरूँ ?
।३।
निष्ठा छैन कुनै अडान बलियो देखिन्न केही पनि
हावाका भरमा उडेर वहने सत्मार्ग छोडी सबै ।
बोली सानु थियो तथापि अहिले केले भयो दुन्दुभि ?
बिर्से आगत छोपिए नजरमा पर्दा बसेको छ कि ?
।४।
बेचे धर्म र संस्कृति पनि सके बेचिन्छ आफैं बरू
पैसा खातिर नष्ट भो र सकियो सोचेन केही अरू ।
डुब्यो देश बुझेन स्वाँठ बनियो नेता ठूलो के गरौं ?
मौका छैन भनी लुकेर नबसौं आउ अगाडि सरौं ।
।५।

रचना मिति : २०७७।१२।०३

## ३८. फर्किन्छु आफ्नै घर

(शार्दूलविक्रीडित छन्द)

पृथ्वी शून्य सरी भयो किन अहो ! देख्दिन खै जिन्दगी
तिम्रै तस्वीरले लियो मन सबै अँटेन केही पनि ।
आँखा शीत भरी रूझे विरहका गाना अनेकौं बने
भन्छन् पागल भित्रभित्र डरले चिमोट्छ पीडा दिदैं ।
।१।
डाँडाले किन छेक्छ त्यो क्षितिजमा तिम्रो छ बस्ती जहाँ
आँखा मात्र रूके सकेन तर खै माया उडायो कहाँ ?
टेक्यो आँगनमा गयो मन उडी पाखा पखेरा रूँदै
बल्छन् रे मनमा अनेक पिरका ज्वालाहरू दन्किंदै ।
।२।
हावाका गतिमा विचार नगरी छोडेर आफ्नो दिल
पाछ्यौ रे हलुका दिमाग क्षणमा फर्किन्छ त्यो बादल ।
प्यारो स्नेह लुटी विभोर बनिदै बस्ने थियो चाहना
छेक्यो खै कसरी पुगेन कहिल्यै मर्दै गए भावना ।
।३।
पर्खी बस्नु अझै खिलेर मनमा काँडा तिखा लौ कति ?
तिम्रै याद भरेर भित्र दिलमा ज्यूँदो छ यो जिन्दगी ।
फर्किन्छन् दिन रात इन्दु रविका यात्रा पनि फर्किने
हाम्रो मात्र भयो र के किन यहीं यात्रा सबै टुंगिने ?
।४।
पर्देशी भूमिमा बसेर दिलमा गाथा अनेकौं उनी
जोडेको धन सम्पत्ति पनि वृथा व्यर्थै भयो जिन्दगी ।
साथी साथ हुँदा रहेछ सुखको संसार आफ्नो तर
एक्लो सक्दिँन बस्न भो म त यहाँ फर्किन्छु आफ्नै घर ।
।५।

रचना मिति : २०७७।१२।२१

## ३९. प्रतीक्षा

(गद्य कविता)

आँखाहरू नियालिरहेछन्
रित्तो आकाशभित्र
अनन्त आनन्दको अनुभूति
मानौं,
कुनै अदृश्य पहाडले थिचेको
मनको पीडादायी तृप्तिसँगै
पर्खालभित्र गुम्सिएको गुलाबसँग
कुण्ठा र तृष्णा साटेर ।

सूर्यास्त हुनु अघिदेखि
क्षितिजसम्म
कुनै कल्पनाको जून देख्ने प्रतीक्षामा
ओछ्याइएका आँखाहरू
मध्यरातसम्म पनि
निस्तब्ध ओछिए
निस्प्रभाव ओछिरहे
तर चेतनाको प्रभावले छुन सकेन
बगरको ढुङ्गा बन्यो
भावनाको बाढीले छोपियो
बाढी सुक्दा पनि त
खै ?
ऊ त उस्तै रह्यो
न प्राप्ति न तृप्ति
आखिर प्रतीक्षा खालि हात फर्कियो
उही अतीत
वर्तमान बनेर
निरूद्देश्य रित्तो आकाशमुनि
रित्तो मन लिएर
निस्तब्ध आँखा ओछ्याएर
अतृप्त अप्राप्य खुशीको
खोजीमा बसिरह्यो ।

त्यहाँ अनन्त संसार थियो
तर
कतै प्राप्ति र खुशीको आभाष थिएन
सन्तुष्टि र तृप्तिको संकेत थिएन
आकाश शून्य
मन शून्य
मानौ सबै जड
शंका लाग्छ
आफ्नो अस्तित्व र जीवनसँग ।

तैपनि बाँचिरहेछ मन
छरपस्ट वेदना कुरेर
मानौं कुनै अस्पतालको मुर्दाघरमा
आफ्नी प्रेमिकाको लास रूँगेर
उसकै पुनर्जीवनको प्रतीक्षामा ।

रचना मिति : २०७८।०२।०२

## ४०. सामयिक सचेतना

(शार्दूलविक्रीडित छन्द)

सारा विश्वभरी भयावह बनी फैलेर मास्यो तर
छैनन् औषधि खोप हाय बिचरा मर्छन् उनै डाक्टर ।
जन्मे धेर प्रकार फैलिन गए संसार सक्ला सरी
रोक्ने तागत छैन खै कुन सुइ, टेब्लेट वा औषधि ?
।१।

यो आतंक कुनै उपाय छ भने विज्ञानको गर्भमा
रोक्ला नत्र भने सचेत रहनु मात्रै भयो दर्शन ।
छोप्ने नाक मास्कले मुख सबै राखेर दूरी पर
बोल्ने बोल्नुपरे तथापि नछुने रक्षार्थका खातिर ।
।२।

खाने स्वच्छ सफा र उष्ण घरमै पौष्टिक ताजा चिज
आयुर्वेदिक औषधी गुण हुने तीता मिठा मौजुदा ।
तातो वाफ लिने र भित्र बसने घुम्घाम छोडी दिने
कोरोना जब हट्छ त्यो दिन उठी काम्काजमा निस्किने ।
।३।

आत्तिने रत्ति छैन शान्त मनले बस्ने चनाखो हुने
शक्तिबर्द्धक चीज सेवन गरी एन्टीबडी थप्दिने ।
चिन्ता क्वै नलिने तनाव सब नै छोडेर बस्ने गरौं
आफ्नै होस विचार र अरूको सद्भाव पाई बसौं ।
।४।

रचना मिति : २०७८।०२।१०

## ४१. सत्य मात्रै नित्य हुन्छ

(उपजाति छन्द)

यो घामपानी दिनरात उस्तै
चलेर जाने र चली रहेको ।
अनादि यात्रा क्रम रोकिंदैन
छेक्छु भनौंला तर छेकिंदैन ।
।१।
छ सूर्यमा ताप प्रकाश पुञ्ज
छन् इन्दु मात्रै किन शीत पिण्ड ।
हो गुण आफ्नो विधिले दिएको
शालीन सौम्य रसमा मिलेको ।
।२।
छेकेर खोला कहीं छेकिंदैन
रोकेर हावा कहीं रोकिंदैन ।
दियो विधिले जुन कार्य जहाँ
अवस्य त्यो हुन्छ पलापलामा ।
।३।
न हत्केलाले रवि छेक्न सक्छ
चिम्लेर आँखा न त रश्मी हट्छ ।
हो सत्य जे त्यो त अनन्त हुन्छ
असत्य आफैं क्षणमा सकिन्छ ।
।४।
तृष्णा र चिन्ता मनका विकार
आशा निराशा पनि छोड्नुपर्छ ।
जे लेखियो त्यो त अवश्य हुन्छ
हट्दैन कस्तै ध्रुवसत्य तत्व ।
।५।
इच्छा नहुँदा पनि भोग्नु पर्ने
नहोस भन्दा पनि त्यो नहट्ने ।
हो सत्य मिठो तर त्यो हुँदैन
छ नित्य तेही कहिले नमर्ने ।
।६।

रचना मिति : २०७८।०२।११

## ४२. यहाँ यस्तै छ

(मन्दाक्रान्ता छन्द)

खोक्रो नारा मगज भरि नै छैन केही सहारा
सोच्दा सोच्दै जनम सकिने मिल्छ कस्तो अहारा ।
उक्ल्यौं भन्दा तलतल झरने मिल्न सक्दैन बाटो
होला कस्तो नियति बिचरा मर्छ अन्जान सोझो ।
।१।
बाठा खोक्छन् दमसित झुट्टा दम्भले युक्त बात
सोझा झुक्छन् नरम शरमले छैन उत्साह आँट ।
हाम्रा राम्रा अधम हुन वा पापी दुष्टै तथापि
माथ्ला कुर्सी लरबर हुँदा बस्न पुग्छन् अगाडि ।
।२।
कोही छैनन् गरिब जनका हीत खोज्ने उदार
वाचा बाँधे जनमत लिए बिर्सिए आज सार ।
मर्छन लाखौ मुलुक सब यो स्तब्ध बन्ला तथापि
नेताजीको गजब छ अहो कत्ति दुख्दैन छाति ।
।३।
बाठालाई अमरपुरको चैन होला यहाँ नै
सोझा मर्छन उदरभर नै खान सम्मै नपाई ।
खुट्टा फुट्छन् पटपट सबै नग्न कन्था छ हाय
झुप्रो ढाल्यो सलिल झरिले छैन बस्ने उपाय ।
(४।
कुर्सी कुर्सी तनमन सबै खोज्छ कुर्सी तथापि
कुर्सी भेट्दा जनहित कुनै गर्न सक्दैन पापी ।
बाचा के हो कससँग गरें गर्नुपर्ने यहाँ के
बिर्स्यो सारा सब बदलियो सोच निष्ठा चटक्कै ।
।५।

रचना मिति- २०७८।०३।१०

## ४३. थुम्के तिमीमा मन यो हरायो

(उपजाति छन्द)

सुतेर आनन्द लिने चउर
कुदेर आनन्द दिने पताल[३]।
उफ्रेर पल्लो चुलिमा पुगौं झैं
थुम्के तिमीमा मन यो हरायो ।
|१|
गुराँसका रक्तिम फूलबारी
अनेक बुट्टा तरूयुक्त घारी ।
खुल्दा बिहानी जब घाम झुल्क्यो
थुम्के तिमीमा मन यो हरायो ।
|२|
इलाम हाम्रो अति दिव्य भूमि
पहाड बेंसी चुचुरा र घुम्ती ।
हेरेर घुम्दै जब घाम ढल्क्यो
थुम्के तिमीमा मन यो हरायो ।
|३|
बिहान अर्कै अनि साँझ अर्कै
पलापलामा किन रूप अर्कै ।
हेरेर तृप्ती किन हुन्न कैल्यै
थुम्के तिमीमा मन यो हरायो ।
|४|
चुलीचुलीका बिच फाँट राम्रा
थकाइ मार्ने तृष्णाका खटिया[४]।
उठेर हेर्दा हिमशैल हाँस्यो
थुम्के तिमीमा मन यो हरायो ।
|५|
मभित्र कुण्ठा पनि छैन केही
न राग इर्श्या न त भावद्रोही ।
प्रफूल्ल इच्छा चिर शान्ति मात्र
थुम्के तिमीमा मन यो हरायो ।
|६|
भुलेर आएँ न घुमेर आएँ
पुगेर सुन्दर चुलिमा रमाएँ ।

आस्वाद गर्दै रस दृष्टि नौलो
थुम्के तिमीमा मन यो हरायो ।
।७।

न भुल्न सक्छु न त छोड्न सक्छु
न साथमा जौं हिंड भन्न सक्छु ।
पग्लें म आफैं रसमा बिलाएँ
थुम्के तिमीमा मन यो हरायो ।
।८।

आकाश खुल्ला भूइँ शीतयुक्त
तथापि दिन्छौ मनरम्य दृश्य ।
नौलो छ बेग्लै जुन चीज हेर्‍यो
थुम्के तिमीमा मन यो हरायो ।
।९।

उठेर हेर्छु र बसेर हेर्छु
कुदेर नाच्दै परसम्म पुग्छु ।
बुद्रुक्क उफ्री नवभाव आयो
थुम्के तिमीमा मन यो हरायो ।
।१०।

टिप्पणी ३. लेकाली जंगल ४. खाट/ओछ्यान

रचना मिति– २०७८।०४।०९

## ४४. बाँच्ने छ रे जीवन

(शार्दूलविक्रीडित छन्द)

काला बादलका लुकेर बिचमा छोपिन्न है रोशनी
अग्ला पर्वतका चुमेर शिरमा फर्किन्न हावा पनि ।
होलान् ठक्कर ठेस किन्तु तिनको वास्ता नगर्ने जन
आफ्नो लक्ष्य चुमेर शान्ति सुखमा बाँच्ने छ रे जीवन ।
।१।

छैनन् बिघ्न तथापि भित्र मनमा चिन्ता र तृष्णा भए
खुल्दैनन् तिनका कदापि अघिका ढोकाहरू थुन्दिए ।
चिन्तामुक्त सफा समाज हितमा बढ्ने अगाडि जन
आफ्नो लक्ष्य चुमेर शान्ति सुखमा बाँच्ने छ रे जीवन ।
।२।

हुन्छन् लाख अतृप्त चाहनाहरू इच्छा करोडौं हुनन्
सिङ्गै विश्व अधीनमा लिन सके हुन्थ्यो कि भन्ने मन ।
क्यै गर्दा पनि तृप्त हुन्न मनको यो भोक भन्ने जन
आफ्नो लक्ष्य चुमेर शान्ति सुखमा बाँच्ने छ रे जीवन ।
।३।

अर्काको दुःखमा रमाइ रमिता हेर्ने बढा दुर्जन
देख्दा लाग्छ अचम्म मानिस भनी भन्ने कसरी किन ?
निर्धाका मनभित्र कुण्ठित व्यथा बोली दिने सज्जन
आफ्नो लक्ष्य चुमेर शान्ति सुखमा बाँच्ने छ रे जीवन ।
।४।

रचना मिति : २०७८।०४।१४

## ४५. कुण्ठा

(उपजाति छन्द)

इच्छा अपेक्षा मनका हजार
थुनेर राख्दा सब ती दिवार ।
कुण्ठा अनेकौं मनभित्र दन्की
जलाइ दिन्छन् तन ध्वस्त पारी ।
।१।

पोखौं त कहाँ रति ठाउँ छैन
कतै उज्यालो छवि देखिएन ।
आशा उमारी दिल भित्रबाट
जोगाइ राख्ने परिवेश् भएन ।
।२।

यी पाखुराले मरू ताक्नुपर्छ
न जिन्दगी नै सुखपूर्ण हुन्छ ।
पोखी पसिना वन, बारी, खेत
कमाइ खाने दिन खै भए त ?
।३।

न बन्धकी भो, न त पास पत्र
न लाज छोप्ने न त भोक टर्छ ।
खै योग्यताले कुन काम काट्यो ?
अनेक तृष्णा मन मात्र फाट्यो ।
।४।

रचना मिति : २०७८।०४।१४

## ४६. कामना

(शार्दूलविक्रीडित छन्द)

मानौं स्वर्ग फुटी चुहेर रजले पोते सरी रक्तिम
गाला लाल छटा विभित्र मनमा उठ्ने नयाँ भावना ।
पृथ्वी शून्य बिहानको समयमा बिम्फेर हेर्दै छँदा
कोल्टे फेर्नु छ देशले उठ लिई विज्ञानका ज्यावल ।
।१।
सुत्यौं धेर बिते बुझ्यो र कसले पुस्ता अनेक् फेरिए
आफैं हुन्छ भनी चिहाइ अरूको बाटो कुरी सिद्धिए ।
मागी हात पसारि आश गरदै कुर्दा र बस्दा बिते
हाम्रो धेर छ पुग्छ लौ लग भनी बाँड्दा कति रित्तिए ।
।२।
फेरिए युगचक्र वर्तुल घुमी फर्केन कैल्यै तर
हाम्रो नीद खुलेन राप अरूको सल्केर डड्दा घर ।
हाम्रै साथ थियो हिजो तर अहो ! फड्केछ उस्ले कति
आविश्कार अनेक अदुभुत कला विज्ञानको उन्नति ।
।३।
ईर्श्या, डाह गरेर हुन्न उसको सिक्दै कडा साधना
बोकी ज्यावल ज्ञान, सीप, श्रमका गर्दै नयाँ सिर्जना ।
आफ्नो भूमि बनाउने प्रण गरी निस्कौं जुटौं एक भै
फड्को मार्नुछ उफ्रिएर नजिकै हेर्दा त पुगिन्न है ।
।४।
फोर्दै पत्थर मार्ग खोल्नु छ यहाँ त्यो दूर गाउँ तक
बत्ती भिल्मिल बाल्नु पर्छ पहिले उद्योगका खातिर ।
ज्योत्स्ना छर्नु छ चेतना घरघरै राँको बनी सल्कियोस्
सारा मानिसको समग्र क्षमता एकठ्ठ भई उर्लियोस् ।
।५।

रचना मिति : २०७८।०४।१८

## ४७. असार

(इन्द्रवज्रा छन्द)

नारेर गोरू हलिको रजाइँ
आनन्द भो आज कति मलाई ।
छ्यापेर हिलो सखिसँग जिस्की
पोखिन्छ बेथा मनबाट निस्की ।
।१।
उन्मुक्त भाषा लयबद्ध ताल
आषाढ अहा ! विधिको कमाल ।
भाखा असारे स्वर माधुरीमा
गुञ्जिन्छ पाखा वन कन्दरामा ।
।२।
गर्जिन्छ आकाश् फुटी झर्छ मेघ
बग्छन् गह्वामा जलका प्रवेग ।
ती अन्नका नै प्रति बीजबाट
चम्किन्छ धर्ती मृदु दिव्य आश ।
।३।
सर्वत्र हिलो तर छैन खेद
अर्धाङ्ग वस्त्र तर छैन भेद ।
मारी डुबुल्की सब एक ठाउँ
उस्तै हिलाम्मे दर एक भाउ ।
।४।
ठूलो र सानो कति छैन भिन्न
सर्वत्र मस्ती रिस राग हुन्न ।
आशा अनौठा अनुपम् हजार
सानन्द वर्षा मधुमास् असार ।
।५।
उम्लेर उर्जा बल पाखुरामा
भरिन्छ तृप्ति मनका कुनामा ।
मंसीर डाकी सहकाल पर्खी
बाला सुनौला अनमोल सम्झी ।
।६।

रचना मिति : २०७८।०४।२३

## ४८. सोध्दै छ नेपालले

(शार्दूलविक्रीडित छन्द)

पर्खें धेर बसें लुकाइ मनमा कुण्ठा र तृष्णा कति
सुम्पें सम्पत्तिका मुहान ढुकुटी आफ्ना भएका जति ।
खै समृद्धि भयो कता कुन कुरा गरचौ कति कोषले ?
औंलो उच्च गरी उठाइ भुकृटी सोध्दैछ नेपालले ।
।१।

लाखौं लाख युवा नपाइ श्रमका मौका वृथा कल्पिंदै
जानै पर्छ विदेश बाबु जननी बस्छन् प्रियसी रूँदै ।
बाटो खै ? पुल, बत्ती बन्छ कहिले ? उद्योग के के खुले ?
औंलो उच्च गरी उठाइ भुकृटी सोध्दैछ नेपालले ।
।२।

नेपाली पन मासियो प्रबलता भाषिक साम्राज्यको
नेपाली मन बिर्सियो अधरको मुस्कान अर्कै भयो ।
भाषा, दर्शन, संस्कृति, रितिथिति कस्ता थिए, के भए ?
औंलो उच्च गरी उठाइ भुकृटी सोध्दैछ नेपालले ।
।३।

सीमास्तम्भ सरेछ भन्छ जनता वास्ता गरेनौ किन ?
सन्धीसर्पनको अडान बलियो के हुन्छ तिम्ले लिन ?
पुर्खाको पसिना अमूल्य गरिमा हट्दैन सन्त्रासले
औंलो उच्च गरी उठाइ भुकृटी सोध्दैछ नेपालले ।
।४।

भोको मज्दुर, नग्न हिंड्छ बटुवा, रोगी छ रे डाक्टर
अर्काकै गुणगान गाउन अहो अभ्यस्त भो खप्पर ।
आस्था रूग्ण भयो पलायन भए विश्वास संकष्टले
औंलो उच्च गरी उठाइ भुकृटी सोध्दैछ नेपालले ।
।५।

रचना मिति : २०७८।०४।२५

## ४९. थिति बस्नुपर्छ

(उपजाति छन्द)

न भोक तिर्खा न त तृप्त आशा
सम्मानको छैन कुनै प्रतीक्षा ।
छ खाली मेरो मनभित्र इच्छा
मान्छे भई बाँच्न कहाँ सकिन्छ ?
।१।
सिकेर जाऔं क्षमता बढाऔं
यो राष्ट्रको शान नयाँ बनाऔं ।
छ जिन्दगीको अनमोल अर्थ
तस्मात हामी अब उठ्नुपर्छ ।
।२।
छ पाखुरामा अति दिव्य शक्ति
यो देश हाम्रो सुरपूज्य धर्ती ।
बनेर उर्जा थिति बस्नुपर्छ
बोकेर ज्यावल् अघि बढ्नुपर्छ ।
।३।
छ चेतना सोच बनाउँ राम्रा
ती शैलमाला सब स्रोत हाम्रा ।
बगेर जाने नदिको प्रवाह
छेकेर उर्जा अब खोज्नुपर्छ ।
।४।
बितेर जाँदा दिन रात वर्ष
हौं वीर जाति इतिहास् भित्र ।
कमाइ हाम्रा जिजुको जपेर
पुग्दैन आफैं अब जुट्नुपर्छ ।
।५।
छ शान हाम्रो तर छैन मान
सोझा र सिधा जनता तमाम ।
उठेर लागौं अब उठ्नुपर्छ
शौभाग्य रेखा पनि कोर्नुपर्छ ।
।६।
छ मार खाली थिति बिर्सिएर
भो भागबण्डा सब कुल्चिएर ।
भुलेर सारा अमिलो यथार्थ
समृद्धि खोज्न थिति बस्नुपर्छ ।
।७।

रचना मिति : २०७८।०४।३१

## ५०. मलाई संस्कार दिनुहोस्

(इन्द्रवज्रा छन्द)

संस्कार शिक्षा पनि क्यै थियो कि ?
छोडेर मैले पछि पो परें कि ?
बाबा गुरुले जुन हो दिएको
थोरै भए झैं किन लाग्न थाल्यो ?
।१।
हाम्रै पुरानो अति दिव्य शान
पूर्वीय दर्शन् अनमोल ज्ञान ।
हो सभ्यताले अति नै मथेको
पुर्खाहरूको पसिना बगेको ।
।२।
शिक्षा लिएको जगतै चिनेको
विज्ञानका ज्ञानविषे डुबेको ।
संसार सारा मनभित्र घुम्छ
संस्कार् बिना त्यो सब व्यर्थ हुन्छ ।
।३।
संसार जाने विधिसार सम्झें
सम्पूर्ण ज्ञाता म बनी चिनिएँ ।
पर्याप्त भो पूर्ण भयो दिमाग
आफ्नो मलाई पहिचान खै त ?
।४।
नाना बिरंगी बहुजाती भित्र
रम्दै बढेको अति नै पवित्र ।
त्यै संस्कृतिको किन भोक लाग्यो
तृष्णा मलाई मनदेखि जाग्यो ।
।५।
पाइन्न रे संस्कृति किन्नलाई
संस्कार शिक्षा दिनुहोस् मलाई ।
त्यो पूर्णताको बलियो निशान
संस्कार सिक्ने गुरुदेव आमा ।
।६।

रचना मिति : २०७८।०४।३२

## ५१. भोटो फेर्न सकिन्न भन्छ विचारा

(शार्दूलविक्रीडित छन्द)

खुट्टा चर्चर छन् बगेर पसिना निथ्रुक्क काया सबै
भोको पेट छ अन्न छैन्न घरमा आएन दाता कुनै ।
खोक्रा भाषण मात्र सुन्छ तर खै फर्कन उस्को दिन
भोटो फेर्न सकिन्न भन्छ बिचरा ! लाचार बन्दै किन ?

।१।

भारी जिन्दगी भो बनेर भरिया थाप्लो भयो सन्दुस
नाम्लो भाग्य बनेर रूग्ण तनमा हिंड्दैछ छायाँसित ।
फर्केनन् दिन खै त आश गरूँ के सुध्रिन्छ यो जीवन ?
भोटो फेर्न सकिन्न भन्छ बिचरा ! लाचार बन्दै किन ?

।२।

सारा जीवन कष्टले र गरिबी रोगादिले ग्रस्त भो
भ्रष्टाचार बढेर देश चुहिने रित्तो घडा झैं भयो ।
तिर्छन खै करमा अनेक पसिना दाना बटुली कन
भोटो फेर्न सकिन्न भन्छ बिचरा ! लाचार बन्दै किन ?

।३।

भोका रूग्ण अशक्तको मत लिई नेता बटुल्छन् धन
कोरा दर्शनका बखान जनता ढाँट्ने बने साधन ।
बित्यो धेर रहेन आश यिनले केही गरेनन् किन ?
भोटो फेर्न सकिन्न भन्छ बिचरा ! लाचार बन्दै किन ?

।४।

रचना मिति : २०७८।०५।०१

## ५२. अवसर फर्किंदैन

(शार्दूलविक्रीडित छन्द)

फुल्यो फूल वसन्तका पवनले बास्ना उडायो पर
चंगा चञ्चल भावना लहरले लाग्ने सबै सुन्दर ।
राखौं यो मनमा कि चट्ट अहिले खोजी कुनै तस्वीर
सारा जीवन नै समर्पपण गरी रम्ने नयाँ सुन्दर ।

।१।

छायाँमा पनि लाग्छ आज किन खै जिस्केर ऊ हाँस्तछ
मायामा पनि देख्छु प्रायः सपना वैचित्र्यले शोभित ।
निन्द्रा छैन कतै सबै प्रणयको तृष्णा र कुण्ठा बढी
लाग्यो यौवनको असाध्य कसिलो पासो यहीं हुन्छ कि ?

।२।

खट्पट् हुन्छ बुरूक्क उफ्रुँ कि कुनै आनन्द होला कतै
माया बन्धनमा कसेर सुखको मस्ती लुटौं कि सधैं ?
यस्तै भाव तरंगले मन भयो उन्मादले व्याकुल
आयो झट्ट विचित्र प्रश्न बलियो औंला उठाई तर ।

।३।

तिम्रो जीवन हो अमूल्य सब नै माथि छ झन् यौवन
ऊर्जाशील अप्राप्य जीवन सिंढी निर्माण् गर्ने क्षण ।
पार्‍यौ नष्ट भुलेर प्रेम रसमा सर्वस्व सम्झी भने
थाप्लो ठोक्नुशिवाय हुन्छ अरू के ? बाँकी सबै टुंगिने ।

।४।

शिक्षा, सीप र ज्ञानको गहनतम् गर्दै कडा साधना
पृष्ठाधार बनाउने अति ठूलो मौका बुझौं यौवन ।
पाइन्छन् दिन फेरि राग रसमा हाँस्ने र रम्ने तर
ज्यानै अर्पण नै गरौं तर अहो ! फर्किन्न त्यो औसर ।

।५।

रचना मिति : २०७८।०५।०३

## ५३. शरद ऋतु

(मञ्जुभाषणा छन्द)

अति रम्य शान्त मन हुन्छ मञ्जुल
वन कुञ्ज दिव्य सुजला सुधामय ।
तनमा थकान नहुने हराभरा
धरणी खुली प्रकृति शान्ति दायक ।
।१।
लय भो झरी क्षितिजसम्म देखियो
पुगुँ झट्ट इन्दु ग्रहलोक झैं भयो ।
मन शारदी गगन झैं छ उज्वल
दिन रात लाग्छ रसिलो प्रमादल ।
।२।
न त क्वै रिसान्ध न त क्वै प्रमान्ध नै
सबको प्रयास पथ बहुधा लिने ।
पथ त्यो बनोस् सुखको निशान झैं
दुःखका भुँवरी नपरुन् कतै पनि ।
।३।
भ्रमरा घुमी सुमन चुम्छ प्रेमले
रस माधुरीमय मिठो सुधाञ्जली ।
बस भन्छ व्योम धरणी तिमी चुप
म सिंगार्छु ज्योतिमय कुञ्चिता रूप ।
।४।
न त प्यार हो न त कुनै विभास नै
तर खै अहो ! सरस शान्ति पाइने ।
अति दिव्य दृश्य मन हुन्छ चञ्चल
किन शारदी समय मात्र सुन्दर ?
।५।

रचना मिति : २०७८।०५।०३

## ५४. सलाम छ

(झ्याउरे छन्द)

लस्कर सेता हिमाल चुली दक्षिण फर्केर
हेर्दछन् तल सुनौला फाँट रसिला उर्वर ।
हिमका ढिका पग्लेर बग्छन् पाखा र कन्दरा
मधुर ताल मृदुल ध्वनि उर्जाका जुहार ।
।१।
कर्म हो धन, पवित्र मन, पाखुरा साधन
उर्वर माटो, पसिना मल, मनको कमान[५] ।
सिद्धान्त निष्ठा, प्रमुख मन्त्र, गीताको वचन
कर्ममा हक मान्छेको हुन्छ फलमा हुँदैन ।
(कर्मण्येवाधि कारस्ते मा फलेषु कदाचन[६])
।२।
बिहानी झुल्का, रक्तिम लाली, शैलमा पोतिंदा
थालेको काम, सकिन्न घाम, क्षितिजमा पोखिंदा ।
श्रमको फल, पुग्दैन तर, टर्दैन अभाव
तै पनि सन्तोष, गरेर बस्छ, खोज्दैन वैभव ।
।३।
नेपाली वीर, पुर्खाको नासो, मनको गौरव
आफ्नो छ छाति, विदीर्ण तर, प्रफुल्ल बन्दछ ।
देशको माया, उसैले गर्छ, माटोको रक्षक
किसानभन्दा, को छ र ठूलो ? हृदय पवित्र ।
।४।
देशको माटो, शिरमा राख्ने, कर्मको पुजारी
बढ्दछ अघि, कर्मका निम्ति, कर्तव्य नछोडी ।
न आश गर्छ, न भर पर्छ, न राख्छ अपेक्षा
हे कर्मजीवी, किसान साथी, सहस्र सलाम छ ।
।५।

टिप्पणी ५. आदेश ६. गीताको प्रसिद्ध वचन

रचना मिति : २०७८।०५।०४

## ५५. नेपाल मेरो घर

(शार्दूलविक्रीडित छन्द)

बल्छन् सुन्दर ज्योति दिव्य हिमका टल्केर चाँदी सरी
छर्छन् दिप्ति प्रभातका किरणले उत्साहका माधुरी ।
सीमा रक्षक यो दिगन्त बलियो देवादि बस्ने घर
लाखौं रत्न अनन्त शोभित धरा नेपाल मेरो घर ।

।१।

फर्किन्छन् नवमञ्जरी पवनका खप्दै चिसो चुम्वन
फुल्छन् लाख करोड वृक्ष लतिका छर्दै मिठो वासना ।
घुम्दैछन् भ्रमरा मिठा प्रणयका गाथा बुनी सुन्दर
लाखौं स्वर्ग सरी अप्राप्य रसिलो नेपाल मेरो घर ।

।२।

फोर्दै पत्थर शैलबाट वहने खोला नदी सिञ्चित
ठूला फाँट मधेस उर्वर धरा कुञ्जादिले वेष्टित ।
अग्ला पर्वत खोंच भीर पहरा सम्पूर्णले सुन्दर
पृथ्वीको अति दिव्य शान्त धरणी नेपाल मेरो घर ।

।३।

हो सीता भृकुटी र बुद्ध शिवको दृष्टान्तले प्रेरित
साझा संस्कृति एकता र बलियो सद्भावको सर्जक ।
भाषा धेर अनेक जाति थरको प्यारो अनुपम् धरा
साँच्चै सुन्दर स्वच्छ भूमि रसिलो नेपाल मेरो घर ।

।४।

बाँकी धेर छ गर्न भाषण कुरा तिम्रा सुनौंला पछि
राम्रा दर्शन योजना नविनता खोजी गरौं उन्नति ।
गर्दैनौ त पछाडि भन्न नपरोस् यस्ता अमिला कुरा
नेता धेर धनी गरीब जनता नेपाल मेरो घर ।

।५।

रचना मिति : २०७८।०५।०५

## ५६. मोतिराम भट्टको सम्झनामा

(उपजाति छन्द)

भाषा थियो भित्र कता लुकेको
संस्कृत हिन्दी सँगमा घुलेको ।
स्वतन्त्र यसको पहिचान् थिएन
उठान गर्ने जन नै भएन ।
।१।
लेखेर छोडे कवि भानुजीले
खोपा सजायो तर छापिएन ।
नलेख्न खोजे न त लेख्न पाए
थिएन शिक्षा निशिमा हराए ।
।२।
सन्धी सुगौली मनभित्र पोल्थ्यो
त्यो घाउ मेट्दा कविता रचिन्थ्यो ।
न छापखाना न त प्रेस आ
थिएन केही अनि के गरिन्छ ?
।३।
हो धन्य लेखे अनि राखिदिए
निस्केर मोती पछि छापिदिए ।
थिएन मोती यदि जन्मिएको
न भानु हुन्थ्यो न त राम सीता ।
।४।
पृथ्वी उदाए तरबार बोकी
बुझ्थे सबैको मन मर्मदेखि ।
बुझेर सारा जनको विचार
निर्माण भो राष्ट्र नयाँ कमाल ।
।५।
मोती उदाए घरबार छोडी
साहित्यको अमृत दिव्य बोकी ।
कसेर गाँठो बलियो बनाए
जीवन्त भाषा पथमा हिंडाए ।
।६।

रचना मिति : २०७८।०५।०६

## ५७. जन्मभूमि

(मन्दाक्रान्ता छन्द)

मेरी प्यारी हृदयरमणी शैलजा स्तुत्य धर्ती
योगी, त्यागी, अमरगणले प्रातःमा पूजिएकी ।
लाखौं योद्धा अजय रणका शत्रुका अग्नितुल्य
हुर्काएकी सफल धरणी छौ तिमी प्रातः पूज्य ।
।१।
जन्में माटो लटपट हुँदै कोख तिम्रो लिएर
हुर्के खेली धुलिकणसँगै जिन्दगी साटिएर ।
तातो रातो रगत कणमा शैलको तेज बोकी
बाँचें तिम्रै मधुर ममता प्रेम वात्सल्य भेटी ।
।२।
गौरी, सीता, अमर भृकुटी, बुद्ध जस्ता यशस्वी
तिम्रै वात्सल्य मृदु ममता हुर्किएँ स्नेह पाई ।
कौशिक् गण्डक् जनक मरिची व्यास जस्ता तपस्वी
वाल्मीकीको जप र तपले ज्ञान मुक्ता बनेकी ।
।३।
अग्लाअग्ला गिरि शिखरले दिप्त शोभा दिएर
खोला झर्ना पवन विलया कुञ्जहारी बनेका ।
धोती तिम्रो अनज ढुकुटी स्वर्ण भण्डार् समान
आमा मेरी अमर धरणी लाख चोटी प्रणाम ।
।४।
छायाँ राखी हृदय पटमा नाम तिम्रै लिएर
साँची प्यारो अमर जननी जन्मधर्ती भनेर ।
बाँच्ने चोखो रहर मनको मार्न खोजे कसैले
कस्तै पर्ला सहन त्यसको गर्न सक्दिन मैले ।
।५।

रचना मिति : २०७८।०५।०७

## ५८. बाध्यता

(इन्द्रवज्रा छन्द)

ओर्लिन्छ धर्तीतिर थोर रश्मी
देखिन्छ बाटो पनि क्यै तिलश्मी ।
बोकेर डोको अनि चल्छ पाउ
अन्दाजले नै पद राख्छ ठाउँ ।
।१।

धूलो र हिलो कति ख्याल छैन
लाग्ला कि माटो पनि सोच छैन ।
चिन्ता छ मात्रै पशु गोठ बारी
माटो बनाई बिरुवा उमार्ने ।
।२।

साँचेर राख्ने दिन नै भएन
खोजेर मात्रै पनि उब्रिएन ।
थोरै छ माटो तर खेद छैन
नंग्रा खिइन्छन् मन खोटिएन ।
।३।

ठूलो छ छाति मन झन् विशाल
सर्वत्र उस्तै समदृष्टि राख्छ ।
कोही दुखेमा मन दुख्छ उस्को
हुंकार तीतो सहँदैन उस्तो ।
।४।

वर्षा झरी जे जति पर्छ कष्ट
मान्दैन टन्टा सब नै सहन्छ ।
खुट्टा खिएलान् तन थाक्छ थोरै
ऊर्जा थपिन्छन् मनभित्र धेरै ।
।५।

आदित्य लुक्छन् जब व्योमबाट
फर्किन्छ बाटो उही नै लिएर ।
मान्दैन अल्छी न त दिक्क मान्छ
हो जिन्दगी यो कुन खोज्नु भन्छ ।
।६।

डोको छ साथी पिठमा बसेको
तप्लक्क थोपा पसिना खसेको ।
यो जिन्दगीको अनमोल अर्थ
बुझ्यो र कस्ले कुन बुझ्न सक्छ ?
।७।

समृद्धि जालो मुखले फिंजाए
नेता विचित्रै गतिला भनाए ।
देखावटी त्यो भ्रम मात्र थियो
निर्धा उफार्ने रण मात्र थियो ।
।८।

जे जे गरे तापनि सत्य यो हो
लाटा र सोझा निमुखा मरेको ।
उक्सेन कैल्ये यिनको अवस्था
धिक्कार ! अकर्मण्य निज राज्यसत्ता ।
।९।

रचना मिति : २०७८।०५।०८

## ५९. सानीको व्यथा

(झ्याउरे/लोकलय)

पिठमा डोको, छातिमा नानी, टाँसेर बोकेकी
वाध्यताभित्र, जीवन यात्रा, दुःखले बाँचेकी ।
लोग्ने छ विदेश्, घरमा सासु, ओछ्यान परेकी
गोठका वस्तु, बारीको खेती, एकलै धानेकी ।
।१।
अर्म र पर्म, मेला र पात, हाट र बजार
उसैको जिम्मा, नानी र सासु, वस्तुको स्याहार ।
झिस्मिसेसँगै, उठेर थाल्छे, दैनिक उही काम्
सपना देख्छे, विदेशमा गाह्रो, लोग्नेको धमाधम ।
।२।
पल्लाघर् जेठो, विदेश जाँदा, उतै नि मरेको
माथ्लाघर् कान्छो, फ्याक्टोरीभित्रै दुर्घटना परेको ।
तल्लाघर काका, तीन वर्षपछि, रित्तै हात् आएको
घटना सम्झी, सानीको मन, पीडाले खाएको ।
।३।
बोकेर व्यथा, दिन र रात, चिन्तामा डुबेर
बिताउँछे सानी, दुःखका दिन, औंलामा गनेर ।
न भोक तिर्खा, न दुःख टन्टा, न नीद आराम
लोग्नेको ज्यान, फर्केर आओस्, यति नै कामना ।
।४।
कसैले पाए, दुई चार पैसा, कसैले पाएनन्
कसैले ल्याए, श्रमको मूल्य, कसैले ल्याएनन् ।
जे भए पनि, विदेश जानु, युवाको नियति
खै कहाँ हुन्छ, कसरी आउँछ, देशमा समृद्धि ?
।५।
लाख छन् सानी, यो देश भित्र, वियोग परेका
लाखौं छन् युवा, मरूको गर्मी, सहेर खटेका ।
यो श्रमलाई, उपयोग् गर्ने, यहींको माटोमा
योजना बने, जान्थ्यो कि देश, समृद्धि बाटोमा ।
।६।
शासन सत्ता, मुठ्ठीमा कसी, कुर्सीमा बसेका
नेताको ध्यान, गएन किन ? उदासिन् भएका ।
जनतालाई, सम्झिने खाली, भोटको भण्डार
प्रवृत्ति सुधार्, नभएसम्म, फेरिन्न संसार ।
।७।

रचना मिति : २०७८।०५।०९

## ६०. भ्रान्ति

(उपजाति छन्द)

छ व्योम खुल्ला मन हुन्छ त्यस्तै
दुर्भाव कालो मन पाक्छ धेरै ।
न घाम डुब्छ न त हट्छ कान्ति
मान्छे मलाई तर हुन्छ भ्रान्ति ।
।१।

नक्षत्र तारा ग्रहका हिसाब
दुरूस्त राख्ने जनको दिमाग ।
जे गर्न सक्छ तर सोच खै त
लिएर भ्रान्ति कहिले गरिन्छ ?
।२।

उदार इच्छा मनभाव शुद्ध
इर्ष्या बिनाको अति नै प्रबुद्ध ।
लिएर जाऊ अघि बढ्नु पर्छ
स्वर्णिम रेखा अब कोर्नु पर्छ ।
।३।

थियो र इच्छा मुनि शाक्य बुद्ध
पृथ्वी सबै पार्न सके प्रदीप्त ।
लुकी बसेको मन भित्र भित्र
उत्साहले खोल्छ सबै सचित्र ।
।४।

अनेक बाटा मन झन् अनेक
इच्छा विचित्रै थरि एक एक ।
अनेकलाई अब एक पारौं
सम्पूर्ण पृथ्वी अमरा बनाऔं ।
।५।

छ ज्ञानचक्षु किन बन्द गर्नु
खोल्दै नखोली किन नष्ट पार्नु ?
छ दिव्य रश्मी मन भित्र भित्र
चिन्दै नचिन्दा सब त्यो सकिन्छ ।
।६।

निकाल आफैं अनि मात्र हुन्छ
हो शक्ति इच्छा मन भित्रबाट ।
छ भित्र हाम्रो मनमा लुकेको
खोजेर भेटौं अब गुम्न लाग्यो ।
।७।

छ भ्रान्ति कालो निशि झैं बसेको
ढाकेर आँखा मनका थुनेको ।
झिकेर फालौं मन शुद्ध पारौं
खुल्नेछ बाटो अनि चेतनाको ।
।८।

रचना मिति : २०७८।०५।१०

## ६१. नवयौवना

(शार्दूलविक्रीडित छन्द)

लामा लोचन चन्द्र झैं चुलबुले चाञ्चल्यले चम्किने
बान्की चट्ट थियो कपाल लतिका जस्तै गरी हल्लिने ।
गाला रक्तिम दिव्य कान्ति मुखमा लालित्यमा तन्मय
साँच्चै तारक झै विचित्र नयना हुन् अप्सरा निश्चय ।
।१।

देखिन्थ्यो मृदु मन्द मन्द गतिको मुस्कानमा धैर्यता
बोली कोकिलको थियो मधुरता उस्तै थियो नम्रता ।
चढ्दो यौवन मुस्कुराइ दिलमा हावा दिने चक्कर
लाग्यो तारक झै विचित्र नयना हुन् अप्सरा निश्चय ।
।२।

नेपाली कद ठिक्क भन्न नहुने होची र अग्ली पनि
शिष्टाचार स्वभाव सद्गुण सबै शालीनता देखिने ।
नांगो आङ कतै थिएन नखरा देखिन्नथ्यो क्वै कतै
साँच्चै तारक झैं विचित्र नयना हुन् अप्सरा निश्चयै ।
।३।

माया प्रेम दया मिठास ममता प्रष्टै सफा देखिने
सारै सुन्दरता खिपेर विधिले निर्माण् गरे झैं हुने ।
भलाद्मीपन सिक्न पर्दछ भने साक्षात गुरू लायक
साँच्चै तारक झैं विचित्र नयना हुन् अप्सरा निश्चय ।
।४।

छैनन् कृत्रिमता सबै प्रकृतिले आफैं दिएका कुरा
नेपाली प्रिय संस्कृति सरलता भित्रै रमेकी पूरा ।
होला के शशि साँझका प्रहरमा त्यस्तो सफा सुन्दर
साँच्चै तारक झैं विचित्र नयना हुन् अप्सरा निश्चय ।
।५।

भाँती ढंग अतीव सुन्दर अहो ! लक्ष्मी भनेकी यिनै
हुन् जस्तो पनि ठान्छ आज मनले सम्झेन अर्को कुनै ।
होलान् यौवनका अनेक मनमा कुण्ठा र पीडा तर
साँच्चै तारक झैं विचित्र नयना हुन् अप्सरा निश्चय ।
।६।

रचना मिति : २०७८।०५।१०

## ६२. भदौरे झरी

(अनुष्टुप छन्द)

दर्किन्छ खूब दर्केर, भदौरे हो झरी पनि
खोला खोल्सा बढेका छन्, मानौं सकिन्छ सृष्टि नै ।
।१।
अनेक चाडपर्वको, हो याम तर काल झैं
विकराल लियो रूप, दण्ड भारी दिने गरी ।
।२।
न छ बाटो सबैतर्फ, न छ विकास नै कुनै
गफ मात्रै सबैतर्फ, निकास् आखिरमा उही ।
।३।
भेटघाट हुनैपर्ने, हिंड्नुपर्ने यताउता
असम्भव भए हुन्छ, तर देखिन्छ वाध्यता ।
।४।
यात्रा कठिन भो, ज्यान जोखिममा हुने गरी
हिंड्नुपर्ने पचास् वर्ष, पुरानो रितमा सँधै ।
।५।
विकासको कुरा मात्रै, भ्रष्टाचार सँधै ठूलो
समृद्धि सपना देख्न, यो नै छिद्र भयो ठूलो ।
।६।
मोटाए पनि थोरै त, धेरैको रक्त सुक्तछ
भ्रष्टाचार रहेसम्म, विकास कसरी हुन्छ र ?
।७।
रहिरहन्छ यो हाल, देश डुब्छ सँधै तल
भ्रष्टाचारी ठूला शत्रु, कलंक देशका सदा ।
।८।
ढाँटले राज्य गर्ने भो, यो राज्यमा सँधैसँधै
चेतना छैन निर्धामा, ढाँटिन्छ छलमा कठै ।
।९।
शब्दका जाल थापेर, नेता धनाढ्य भइसके
गरिब विचरा ज्यामी, मदैछ भोकले सँधै ।
।१०।

जसको नाम बेचिन्छ, उही सँधै उपेक्षित
रहँदासम्म कस्तो पो, छ विकास सम्भव ?

।११।

कस्तो नियति हाम्रो यो ? कस्तो भाग्य विदीर्ण छ
आफ्नो नाम लिई ढाँटी, अर्को बटुल्छ वैभव ।

।१२।

लुट्ने सम्पन्न ठूलो मान्छे, लुटिने तलको तल
उस्कै हुंकार ठूलो हुन्छ, मर्छन् निरीह सर्वदा ।

।१३।

कोही पुरिन्छ पैह्रोमा, कोही बग्दछ भेलले
व्यर्थमा जिन्दगीस् जान्छ, सोचेन किन देशले ?

।१४।

लुट्नेको लुट ताण्डव, लुटिनेको छ दुर्दशा
यस्तो दुर्गति हाय ! रहन्छ कि युगान्तर ?

।१५।

रचना मिति : २०७८।०५।११

## ६३. नेपाली संस्कृति

(शार्दूलविक्रीडित छन्द)

हज्जारौं निज संस्कृति घरघरै भाषा अनेकौं थरी
बोली छन् प्रतिशब्द अर्थ तिनका लाग्छन् अनेकौं थरी ।
वैशाखे वनपालुवासँग खुली चैत्रान्तका मञ्जरी
देखुन्जेल् पनि फिर्दछन् क्रमसँगै हाम्रा अनेक संस्कृति ।
।१।

नाच्छन् मादलमा कतैतिर भने च्याब्रुङमा नाच्छ क्वै
बाँसुरीसित रम्दछन् कति अहो आनन्दले मस्त भै ।
डम्फू, ढोलक, खैंजडी र घुँघुरा आफ्नै मिठो तालमा
हाम्रो संस्कृतिका अभिन्न गहना हुन् ढुकढुकी प्राणका ।
।२।

टुङ्नाका सुरमा खुलेर दिलका कुण्ठा छरिन्छन् कतै
सारंगी घुमिहिंड्छ गाउँ घरका गाथा कथा सम्झिंदै ।
रम्दै बज्छ कतै दमाह, सनही, कर्णाल वा दुन्दुभि
पातैका सुरतालमा पनि कतै नाच्दैछ है जिन्दगी ।
।३।

च्याब्रुङ, चण्डि, धिमाल नाच, सँगिनी टप्पा र सेलो शिली
कौरा, मारूनि, घाटु होस कि झुमरा, बालन वा सोरठी ।
भैलेनी सरू देउडासँग कतै रम्दैछ मस्तीसित
घिन्तामे झिंझिंया अनेक अरू छन् संस्कृति संवाहक ।
।४।

फुल्छन् फूल अनेक वागभरिमा वास्ना छरिन्छन् कति
झुम्मिन्छन् रसलुब्ध भृङ्ग पुतली यात्री अनौठा बनी ।
नाना रङ्ग विचित्र संगम थलो जस्तै छ त्यो वाटिका
त्यस्तै संस्कृति छन विभिन्न थरिका नेपालका सम्पदा ।
।५।

देखिन्छन् थर जाति वंश रितका भूगोलका भिन्नता
भाषा भेष र जिन्दगी क्रम मिली बन्ने नयाँ सभ्यता ।
जे जे हुन् जसरी बनुन् तर सबै साझा र प्यारा कृति
यी सम्पूर्ण मिलेर एक बलियो नेपालको संस्कृति ।
।६।

रचना मिति : २०७८।०५।१२

## ६४. संस्कृतिको माया

(शार्दूलविक्रीडित छन्द)

अग्ला बिल्डिङ छन् ठुला शहरमा आकाश छोलान् कि झैँ
यो कोलाहल भित्र मानिस अरू चिन्दैन कोही कतै ।
एक्लो बाँच्छ सँधै नहेर्छ अरूको पीडा कतै देख्छ र
मान्छे लड्छ उठाउने तर त्यहाँ मान्छे कहाँ पुग्छ र ?
।१।
मर्दै हुन्छ कतै विजोग दुःखमा अर्को ठुलो मस्तीमा
आँखा पुग्न सकेन आखिर कतै निर्धा हुने बस्तीमा ।
भोकै मर्छ कतै कतै अपचले मान्छे बिरामी भयो
लोभै लोभ छ स्वार्थ नै अति ठुलो मान्छेपना सिद्धियो ।
।२।
व्यस्तै व्यस्त सबै कुदाकुद सँधै आफ्नै समस्या ठुलो
बढ्दो विकृतिको प्रभाव बलियो संस्कार भो थिल्थिलो ।
लाग्थ्यो सुन्दर संस्कृति तर सबै डुब्दैछ रातोदिन
ठूलो दल्दलमा फसेर हरदिन् भासिन्छ यस्तो किन ?
।३।
हाम्रो सोच सुधार हुन्छ कहिले बन्छौं र खै मानिस
खुट्टा तान क्रिडा सकिन्छ कहिले अभ्यास बिर्सिन्छ र ?
मान्छे बाँच्न सकेन मानिस भई जत्था छ मान्छे सबै
स्वार्थ भ्रष्ट विचार हाय ! दुनियाँ देखिन्छ सर्वत्र नै ।
।४।
नारा मात्र भएर हुन्न कति नै चाहिन्छ भित्री मन
इच्छाशक्ति उठार नित्य रसिलो कर्तव्य चेस्टासँग ।
हुन्छन् दिव्य विकासका क्षणहरू सर्दै गरून् मास्तिर
मात्रै हो भ्रम रोक्छु भन्नु नरता साँचेर राखौं तर ।
।५।
पक्कै संस्कृति हो समग्र पहिचान देखिन्छ राष्ट्रियता
साझा संस्कृतिको विकास अहिले छोडेर जाने कता ?
डुब्यो संस्कृति नै भने त कसरी बाँच्छौं र हामी पनि
होला के पहिचान फेद चुँडियो खोज्ने कहाँ के अनि ?
।६।

रचना मिति : २०७८।०५।१४

## ६५. परदेशीलाई सन्देश

(शार्दूलविक्रीडित छन्द)

होला मध्य दिवा प्रचण्ड रविले पोल्दै छ होला कति
खल्खल्ती पसिना बगेर जिउ नै लफ्रक्क भिज्दैछ कि ?
खान्छौ के कतिवेर फुर्सद भई सुत्ने छ वेला कति
सञ्चो छैन कि के भयो र सपना देखें र भो छट्पटी ।

।१।

छोराले पनि खोज्छ सोध्छ तर खै के भन्नु म जान्दिँन
छोरीले सपना भनेर दिनदिन् रून्छे मनै थाम्दिन ।
आफ्नो व्याकुलता छँदैछ मनमा भन्ने कुरा छन् कति
सञ्चो छैन कि के भयो र सपना देखें र भो छटपटी ।

।२।

बाबा भित्र पसेर बस्न नसकी आँखा नचिम्लिकन
हेरी दूर अनन्तको क्षितिजमा बित्दैछ सारा दिन ।
आमा आँशु बगाइ सुँक्सुँक गरी बित्छन् यहाँ हर्घडी
सञ्चो छैन कि के भयो र सपना देखें र भो छटपटी ।

।३।

बेंसी रोप्न दिएन साहु ऋणको कागज लिई उफ्रियो
बाटो खन्न भनेर डोजर पसी बारी सबै पुर्दियो ।
तिम्रो साथ बिना म बस्नु कसरी सहेर पीडा कति
सञ्चो छैन कि के भयो र सपना देखें र भो छटपटी ।

।४।

आए चाड र पर्व धेर नजिकै पग्लिन्छ मेरो मन
छाती फुट्छ चसक्क दुख्छ मुटुमा बुझ्दैन कोही किन ?
हेर्ने दृष्टि समाजको फरक भो घोचेर भन्छन् कति
सञ्चो छैन कि के भयो र सपना देखें र भो छटपटी ।

।५।

पर्देशी अब फर्क भो नबस त्यो माटो अरूको रूँघी
जे जे पर्छ सहेर शान्त मनले बाँचौं सँगै जिन्दगी ।
आफ्नो जीवन नै समर्पण गरी तड्पेर बस्छौ कति
सञ्चो छैन कि के भयो र सपना देखें र भो छटपटी ।

।६।

रचना मिति : २०७८।०५।१५

## ६६. जीवन गति

(शिखरिणी छन्द)

थियो तन्द्रा थोरै निशि पनि त बाँकी अलिकति
वितृष्णाको जालो नयन भरमा झल्लर बनी ।
चिथोरी नंग्राले तन र मनको बर्कत सकी
उफारी दिन्थ्यो खै अब त बाँच्छस कति ?
।१।

अघाएको जस्तो भ्रम पनि थियो जीवनसित
थियो बाँच्ने धेरै अनुभव बटुल्ने पनि रस ।
भनी हिंड्थ्यो चर्खा घुमिरहनु काल क्रमले
उही सोच्थ्यो भित्रै हृदयपटमा शान्त मनले ।
।२।

न तृष्णा जालो हो न त असल हो चिन्न नसकी
सँधै खुम्चिन्थ्यो सोच जलधि तरी जान नसकी ।
रमे झैं लाग्थ्यो खै कुन लहडमा दिक्क पनि पो
न निन्द्रा हुन्थ्यो न त अरू कुनै शान्ति मनको ।
।३।

बितायो यस्तै नै भ्रम र छलमा जीवन सबै
न खुल्यो जालो त्यो न त विलय भयो भ्रान्ति मनको ।
हरायो तृष्णा भ्रान्ति जब मनको त्यो प्रहरमा
पुगेथ्यो सारा जीवनक्रम अहो अन्त्य क्षणमा ।
।४।

भयो चिन्ता खाली धन र बलको धूर्त मतिको
न सोच्यो आनन्दी परम गति मृत्यु पछिको ।
भुलायो मायाले तरल मन भो बग्न सजिलो
थला पर्दा बुझ्यो अतिव बलियो चाल विधिको ।
।५।

रचना मिति : २०७८।०५।१७

## ६७. मोतिराम भट्ट

(झ्याउरे छन्द)

नेपाली भाषा, सरेर बामे, शैशवकालमा
बढ्दैथ्यो अघि, विभिन्न भाषा, मिसेर आफूमा ।
न थियो कुनै, पहिचान् आफ्नो, न थियो शुद्धता
नेपाली भाषा, ठान्दथे लेख्न, लाज र हिनता ।

।१।

थिएन प्रेस, थिएन छापा, थिएन पत्रिका
संस्कृति, हिन्दी, उर्दूको प्रभाव्, परेको प्रशस्त ।
भूमि त जोडे, पृथ्वीले तर, भाषाको एकता
बाँकी नै थियो, मोतीले जोडे, साहित्य मार्फत ।

।२।

रामायण् छापे, भानुको खोजी, भानुलाई चिनाए
भक्तिको धारा, अटुट बग्यो, नेपाली रमाए ।
गजल लेखे, कविता लेखे, मोतीले अनेक
श्रृंगारिक धारा, प्रवेश गर्‍यो, धनी भो साहित्य ।

।३।

नेपालभित्र बनियो प्रेस, छापिए पुस्तक
साहित्य लेख्ने, समूह बने, छापिए पत्रिका ।
मोतीका मिठा, कवितासँग, भानुको चरित्र
रमेर बढ्यो, अगाडि सर्‍यो, नेपाली साहित्य ।

।४।

छन्द र रस, लयको ताल, मनको भावना
पाइने सबै, बिर्साउने अहा ! दुःख र वेदना ।
धन्य हो देन, मोतीको ठूलो, साभार भन्दछु
झुकेर नमन्, गर्दछु मोती, गद्गद् बन्दछु ।

।५।

रचना मिति : २०७८।०५।१९

## ६८. बाबाको सम्झनामा

(उपजाति छन्द)

जन्मेर टेकें धरती पवित्र
बनेर तिम्रो मनको अभिष्ट ।
आमा सुसारे रखवार बाबा
गरेर हुर्कें म भएर राजा ।
।१।
बोकेर हिंड्थ्यौ मसँगै अनेक
भविष्यका सुन्दर दिव्य चित्र ।
भन्थ्यौ मलाई सबका समीप
हुनेछ मेरो सुखको प्रतीक ।
।२।
गाला चिथोरी जब घाउ पार्थें
गरी उपद्रो म खुशी रहन्थें ।
माया थियो अश्रु बनाइ झार्थ्यौ
समाइ मेरा दुइ हात चुम्थ्यौ ।
।३।
फोहोर खेली भुइँमा लडेर
टिपेर धूलो घरमा छरेर ।
चौपट्ट गर्थें अनि दिक्क हुन्थ्यौ
टिपी मलाई अनि म्वाँइ खान्थ्यौ ।
।४।
छोडेर मौका जति जे परेका
ममाथि राखी पछिको भरोसा ।
आँखा नचिम्ली दिनरात हेरी
दियौ सबै यौवन त्यो मलाई ।
।५।
सर्वस्व सम्झी सब जिन्दगानी
ममा सकेको रसिलो कहानी ।
कर्तव्य शिक्षा तिमीले दिएको
हो सार मेरो यस जिन्दगीको ।
।६।

रचना मिति : २०७८।०५।१९

## ६९. परदेशी मन

(शार्दूलविक्रीडित छन्द)

चर्को घाम छ पोल्छ यो मरू सबै तातेर आगो बनी
भिज्छन् यी कपडा तथापि मनमा सम्झेर बस्दैछु नि ।
कामैकाम बिहानदेखि निशिको मध्यार्धमा सिद्धिने
यो कोलाहलको अपार दुनियाँ मान्छे कुनै चिन्दिन ।
।१।

भाषा भेष सबै छ भिन्न यिनको संसार बेग्लै छ यो
नेपालीपन बिर्सियो बसिदियो मात्रै छ पैसा ठूलो ।
माया हुन्छ अथाह भित्र मनमा देख्दैन कोही तर
व्यस्तै व्यस्त हुँदा पिता र जननी बिर्सिन्छ आफ्ना घर ।
।२।

पीडा पोख्न कतै हुँदैन मनको कुण्ठा लुकाई सँधै
आफ्नो काम छ जे खटेर त्यसमै बिर्सिन्छु माया सबै ।
निन्द्रा छैन थकाइ भोक र तृषा छोडेंछु नेपालमै
मात्रै यो जडता लिएर कसरी निर्वाह होला र खै ?
।३।

छोरी पुत्र प्रिया सखी र अरुको माया छ भित्रै कता
गाँठो पर्छ फुकाइ हेर्न मनले गर्दैन है धृष्टता ।
काला बादलका अथाह गतिमा छर्दिन्छु ती भावना
वर्षेलान् जलबिन्दु खोज्नु ल प्रिया तिम्रो छ है सम्झना ।
।४।

नेपाली वन कुञ्ज गाउँ घरको तस्वीर खोज्दै किन
हावा झैं अति फूर्तिले मन सँधै दौडिन्छ रातोदिन ।
पैसा हुन्छ यहाँ कमाउन सके छन् धेर बाटा तर
आफ्नै भूमि रसाउने मन भयो फर्किन्छु छिट्टै घर ।
।५।

पाकेको मन यो छ थाक्न यसको देखिन्न क्वै ओखती
माटोले खत मेट्छ पोख्छु पसिना माटो भिजोस् बेसरी ।
पैंचो पर्म उदार पद्धति सबै संस्कार औं संस्कृति
भित्रै हाँस्छु रमाउँछु अब कुनै भोग्दिन यी विकृति ।
।६।

रचना मिति : २०७८।०५।२०

## ७०. कुण्ठित आवाज

(शार्दूलविक्रीडित छन्द)

छन् धेरै सपना मभित्र मनमा उत्साह ऊर्जा पनि
गर्छन् प्रेरित जिन्दगी अघि बढोस् साकार पार्ने गरी।
बाधा अड्चन पर्दछन् तर सँधै अन्योलमा पर्दछु
के होला र त्यहाँ जता पनि सबै भत्किन्छ बाटाहरु।
।१।
हिंड्नै पर्छ अगाडि हात बलियो पक्रेर आऊ तिमी
भन्ने मानिस छैन अग्रज कुनै देख्दिन कोही पनि।
तान्ने मात्र पछाडि धेर बनिए कस्तो भयो पद्धति
यस्को अन्त्य न भै असम्भव छ है होला र के उन्नति ?
।२।
भ्रष्टाचार चुलिन्छ भन्छ जनता सुन्दैन कोही तर
आफ्नो खोज्छ विचार बुद्धि क्षमता राखेर कोशौं पर।
रित्तो भो ढुकुटी चुसेर जनता हाँस्तै छ नेता पर
बोल्ने हिम्मत खै त लाग्छ दुनियाँ उस्कै पछाडि तर।
।३।
ऊर्जाशील भएँ तथापि म कतै टाँसिन्न है आडमा
आफ्नै ज्ञान विवेक बुद्धि क्षमता देखाउँला काममा।
शिक्षा सीप प्रयोग गर्छु यसले उठ्नेछ नेपाल यो
भन्नेका दिन खै त आखिर सबै त्यै चाकरीले भरे।
।४।
पायो लुट्न भने त साधु बनियो पाएन विद्रोह रे
स्वार्थीका भ्रममा परी गरिबका छोरा र छोरी मरे।
खै आन्दोलनका निकास कुन हुन् कुन वादले के दियो
फेर्दा शासन के भयो प्रगति खै कस्को यहाँ के भयो ?
।५।
पाए लुट्न भने त एक बनिने सर्वस्व छोड्ने अनि
पाएनन् जनता उचालि कसिने नेता भए के गरी।
फेरी नाम हुँदैन फेर्न नसके काला सबै कर्तुत
फोस्रा भाषणका पछाडी नकुदी खोजी गरौं सत्यता।
।६।

रचना मिति : २०७८।०५।२१

## ७१. अन्तस्करणबाट

(इन्द्रवज्रा छन्द)

बाटा हजारौं तर बिध्न लाख
बन्दैन हाम्रो किन हो स्वभाव ?
तान्ने पछार्ने पछि मात्र पार्ने
यो खेल हाम्रो कहिले सुधार्ने ?
।१।
उठ्यो त कोही किन जल्छ अर्को
छेकी पछार्ने किन हो जमर्को ?
यो चालबाजी जति काल चल्छ
पर्छौं पछाडि युग मात्र बित्छ ।
।२।
उठेर जाने गति रोक्नु हुन्न
बाटो कसैको पनि छेक्नु हुन्न ।
भन्ने सदिच्छा मनबाट निस्की
आए त बन्ला यश मान कीर्ति ।
।३।
जाऔं सबै साथ मिली रमाऔं
पुग्ने छ माथि करमा समाऔं ।
हो एकता नै कुन हुन्छ अर्को
बन्नेछ धर्ती बुझ स्वर्ग जस्तो ।
।४।
जन्मेर टेकें जुन भूमिलाई
भोगेर बाँचें जुन धर्तीलाई ।
उस्को कुनै अन्तरको अपेक्षा
कर्तव्य मेरो हुनुपर्छ खास ।
।५।
खस्दै र चढ्दै बितिजान्छ चोला
यस्तै छ हाम्रो गति हालचाल ।
सुध्रिन्न यस्तो जबसम्म बानी
भेटिन्न कैल्यै सुनको बिहानी ।
।६।

रचना मिति : २०७८।०५।२२

## ७२. गाउँको गुनासो

(उपजाति छन्द)

लौ जेठ लाग्यो झरि पर्न थाल्यो
बढेर खोला ध्वनि छोड्न थाल्यो ।
पाखा भिजे जंगलका बिरूवा
पलाइ छोपे भुइँका भिराला ।
।१।
सम्झिन्छ कस्तो अब हुन्छ होला
छ गाउँ मेरो अति नै दुरूह ।
बाटो लडेको पहिरो खसेको
हिलाम्य सारा जनता थुनेको ।
।२।
पर्ला कि हैजा अनि हुन्छ के त
न अस्पताल् नै न त एम्बुलेन्स ।
डाक्टर कुनै छैन दबाइ छैन
छ मर्नु पक्का अरू क्यै हुँदैन ।
।३।
गर्छन् ठूला भाषण भोट आए
हुँदैन केही जनता रूवाए ।
पुस्ता अनेकौं बितिसक्न लाग्यो
छ गाउँ उस्तै कसले उठायो ?
।४।
नारा गुलिया तर छैन काम
बनिन्छ मात्रै लिपि योजनामा ।
कामै नगर्ने किन राख्नु लक्ष्य
छ भित्र अर्कै उसको अभीष्ट ।
।५।
देखिन्छ यस्तो अहिले अवस्था
असोज पुग्दा अरू के रहन्छ ?
आषाढ साउन् पनि भोग्नुपर्छ
अझै भदौरे भल हुन्छ दुष्ट ।
।६।

वर्षाम्बु[७]को खेल सँधै विचित्र
बनेन काहीं पुल औ पुलेसा ।
राम्रो दिगो काम कतै भएन
दु:खीहरूको दिन नै खुलेन ।
।७।

भो भाग्यमानी कल जालझेल
गरेर खाने जनता छलेर ।
नेता सबैले उसलाई ठाने
रहेछ स्वार्थी पछि मात्र जाने ।
।८।

फेरिन्छ सत्ता दल मात्र अर्को
उही छ पारा रङ मात्र अर्को ।
निष्ठा र कर्तव्य कतै रहेन
सुधार केही हुन नै सकेन ।
।९।

टिप्पणी ७. झरीपानी/आकाशबाट परेको पानी

रचना मिति : २०७८।०५।२४

## ७३. इच्छा

(इन्द्रवज्रा छन्द)

टेक्यो बिहानी रविले धरामा
उर्लेर आयो बल बाखुरामा ।
पाए त मौका गिरि नाघ्न सक्छु
उत्साह त्यो नभ घुम्न सक्छु ।
।१।
तारा अनेकौं नङले किटेर
एकेक गर्दै सबमा पुगेर ।
पर्गेल्न पर्दा पनि हुन्छ आँट
चाहिन्छ खाली मन एकसाथ ।
।२।
यी हात हाम्रा सब साथ जाऊन् ।
गोडा सबैले सँगमै चलाऊन् ।
फर्केर अर्कातिर क्वै नजाओस्
हो राष्ट्रभक्ति यसमै रमाओस् ।
।३।
आफ्ना सबै कुत्सित भाव छोडी
राम्रा सफा सुन्दर सार खोजी ।
बढ्दै छ जाने अघि नै त इच्छा
तानेर खुट्टा अनि के पुगिन्छ ?
।४।
हो देश ठूलो मनभित्र राखे
आफ्ना सबै स्वार्थ पछाडि फाले ।
बन्दैन धर्ती किन स्वर्ग जस्तो
हो स्वार्थले नै सब भासिएको ।
।५।

रचना मिति : २०७८।०५।२५

## ७४. गाउँको आवाज

(मन्दाक्रान्ता छन्द)

बाटा छैनन् न त अरू कुनै छन् मलाई दिएका
विद्युत ऊर्जा पुल ढल कहीं छैन उद्योगधन्दा ।
खोसी मेरा अवसर सबै नग्न पारी दिएर
लान्छन् खाली सुख र सुविधा गाउँ भो यो भनेर ।
।१।
जन्मिन्छन् दिन्छु मृदु ममता पार्छु ठूला जवान
जान्छन् खोजी शहरतिरका सप्तरंगी देखान ।
ठूला हुन्छन् कति कति अहो दिन्छु चोखो प्रशिक्षा
लान्छन् खोसी कति पनि नदिई छैन केही सदिच्छा ।
।२।
आशा राख्दै सडक सुविधा हुन्छ होला भनेर
राम्रा राम्रा नविन मुजुरा फुल्न खोज्छन् खुलेर ।
च्यातिदिन्छन् सकल मनका योजना ध्वस्त हुन्छन्
रूँग्दारूँग्दै युग विलय भै मात्र कुण्ठा रहन्छन् ।
।३।
खोली पोख्ने असल थलिया देउ मेरा विचार
कुण्ठा सारा दमित मनका पोख्छु तिम्रा समीप ।
हेप्छौ मात्रै कति दिन अझै गाउँका मर्म टेकी
बस्छौ आफ्नै अमर रसका स्रोत स्रष्टा लखेटी ।
।४।
जन्मे स्रष्टा अमर जुगका कीर्तिका दिव्य स्रोत
ठूला नेता मुलुकभरले श्रेष्ठ सम्झी पुजेका ।
राम्रा पारंगत अधिक नै जन्मिए गाउँ भित्र
बिर्से आफैं अवसर नभै गाउँका रम्य चित्र ।
।५।
छल्ने ढाँट्ने छल र बलले भित्रभित्रै घचेट्ने
यस्तै चाला हरदिन हुने गाउँ कहिल्यै नउठ्ने ।
हाम्रा इच्छा रहरहरूले पाउनै पर्छ ठाउँ
भो भो छुट्टै बरू शहरहरूको देश यौटा बनाऊँ ।
।६।

रचना मिति : २०७८।०५।२६

## ७५. राजनीति

(इन्द्रवज्रा छन्द)

छक्का र पञ्जा अति धेर दाउ
उल्टाङ पुल्टुङ पलमै हराउ ।
को माथि पर्ने अनि झर्छ कैले
कस्को उपल्लो गति हुन्छ कैले ?
।१।
केही नबुझ्ने बुझि साध्य छैन
देखेर केही किन देखिएन ?
यो खेल कस्तो कुन गोल हान्नु
रेखा छ कस्तो कुन पर्छ नाघ्नु ?
।२।
पढ्ने र सिक्ने कुन पाठशाला
होला र बुझ्ने कसरी रहस्य ?
लड्ने पछार्ने तर हैन कुस्ती
जित्ने र हार्ने दुइकै छ मस्ती ।
।३।
कानून नाघे पनि क्यै हुँदैन
बोलेर झुट्टा कहिल्यै गलेन ।
यो राजनीती कुन जादु होला
हो शब्द मीठो तर खै यथार्थ ?
।४।
उल्टो र सुल्टो जुन खेल्न सक्छ
हो सर्वश्रेष्ठ कुन हो विकल्प ?
पर्दैन साँचो पनि बोल्नु केही
इज्जत प्रतिष्ठा त्यसमै कमाइ ।
।५।

रचना मिति : २०७८।०५।२७

## ७६. देशको भाग्य

(इन्द्रवज्रा छन्द)

देखिन्छ कुर्शी पर राखिएको
ताकेर कुद्ने वर भीड लर्को ।
बाठा बसेका त्यसका अगाडि
सोझा र निर्धा सब छन् पछाडि ।
।१।
खोसेर कुर्सी लिनुपर्छ भन्दै
उफ्रिन्छ कोही बलले धकेल्दै ।
चुक्ली लगाई जनता जुधाई
छिर्छन् सुलुक्कै छनकै नपाई ।
।२।
बाटा रहेछन् अनगिन्ती ठूला
यो वाद त्यो वाद सब वादवाला ।
ठूलो र सानो अपवाद यस्तो
हो फेरवादी अति उच्च जस्तो ।
।३।
चिन्नै नसक्ने न त भन्न सक्ने
सिद्धान्त आस्था सब शीघ्र मास्ने ।
घस्रेर पस्ने कि त उफ्रि पस्ने
फड्केर टेक्दा विधि ध्वस्त पार्ने ।
।४।
वकबासका छन् चकलेट ताजा
एकेक उस्तै जनता अवाक ।
फोस्रा यिनै भाषणले रूवायो
यो देशले भाग्य सबै गुमायो ।
।५।

रचना मिति : २०७८।०५।२८

## ७७. पश्चाताप

(उपजाति छन्द)

हावा हुरी मेघ घुमिरहेको
बतासले लर्खर पारिएको ।
सल्केर आगो मनभित्रबाट
डडेर भित्रै भइदिन्छ खाक ।
।१।

दौडेर भेट्ने मनभाव हुन्छ
उडेर चंगा जसरी हलुका ।
थाहै नपाई कुँजिएर पंख
गएछ व्यर्थै वय सिद्धिएछ ।
।२।

सर्वत्र पुग्ने सबथोक जान्ने
घुमेर संसार सबै विचार्ने ।
भन्थें गरौंला कति काम बाँकी
थिए रहेका नगरेर थाँती ।
।३।

आभा छरिन्थ्यो जुन तेज थियो
सकिन्छ भन्ने न त सोच थियो ?
बुझ्ने र जान्ने जति भेद थिए
सकेंछु जम्मै म त दंग थिएँ ।
।४।

विक्षिप्त जस्तो मनको तमासा
लिएर थोरै मनभित्र आशा ।
तृष्णा छ बाँकी तर अर्थ छैन
भएर प्यासी अब मेटिंदैन ।
।५।

के गर्नु सोची अब हुन्छ के र
बितेछ वेला अब सोच्नुके छ ?
जे गर्नुपर्थ्यो अघि त्यो गरिंन
म गर्छु भन्दा अब त सकिन्न ।
।६।

रचना मिति : २०७८।०५।२८

## ७८. यथार्थ बेग्लै रहेछ

(शार्दूलविक्रीडित छन्द)

छोडें गाउँ तथापि भित्र मनमा छायाँ गयो साथमा
फर्की आइपुगें सकिन मन यो रोकेर राख्नै त्यहाँ ।
भत्केछन् खरबारि खेत र गह्रा डाँडा घटेछन् कति
धेरै वर्ष बिते भएछ कति के हेर्दैछु है उन्नति ।
।१।

फेरेछन् टिन चट्ट इस्कुल अहो ! अर्कै भएको र'छ
विद्यार्थी किन देखिएन अब यो बाँकी छ बुझ्नै तर ।
बाटा धेर खने तथापि अहिले गुड्दैन गाडी किन
वर्षायाम भयो कि डुब्छ कहिले सुध्रिन्छ यो दुर्दिन ?
।२।

आयो धेर बजेट गाउँघरमा सुध्रिन्छ भन्ने कुरा
चर्चा चल्छ विदेशमा मनमनै उम्रिन्छ आशांकुर ।
बन्यो रे सरकार गाउँघरको आफ्नै निजी संसद
लाग्थ्यो भित्र अवस्य उन्नति भयो यो गाउँको निश्चय ।
।३।

आएको छ बजेट हो तर सबै धूलो भई सिद्धियो
केही काम भएन आखिर भ्रष्ट मतिले बाँडेर नै रित्तियो ।
फोस्रो ताल रहेछ शैलि हुकुमी भन्ने त संघीयता
मात्रै भाषणमा भुलेर दुनियाँ फस्दै रहेछन् यता ।
।४।

देखिन्नन् तर खै कतातिर गयो के के भयो खै कता
मात्रै कागजमा विकास अहिले गर्दारहेछन् यता ।
देखें आहत लोकतन्त्र विचरा अन्योलमा छटपटी
गर्दै बाँचिरहेछ दिक्क मनले छोडी सबै पद्धति ।
।५।

रचना मिति : २०७८।०५।२९

## ७९. जीवनशैली

(उपजाति छन्द)

उम्रिन्छ आशा मन भित्रबाट
फराकिलो दृष्टि भरेर आँट ।
देखिन्छ मान्छे सब हुन् समान
खुलेर आउन् दुनियाँ तमाम ।
।१।

शिक्षा बनोस् उन्नतिको सहारा
लिएर ऊर्जा यसकै प्रभाव ।
विज्ञानका दिप्ति प्रवाह युक्त
खुलुन् सबै उर्वर फाँटबाट ।
।२।

उद्योगधन्दा कलकारखाना
जतातत्तै खोलिदिउन् तमाम ।
विज्ञान आफैं कृषिक्षेत्र बोकी
बढे बनिन्थ्यो पहिलो प्रसिद्धि ।
।३।

पूर्वीय शाश्वत् अति दिव्य ज्योति
छर्दैछ हाम्रो अति प्राकदेखि ।
विज्ञानलाई यसमा मिलाई
बढौं अगाडि गति तीव्र पारी ।
।४।

अध्यात्म विज्ञान दुवै सँगैमा
घुलेर बन्दा अति दिव्य रंग ।
त्यो हुन्छ हाम्रो नवमार्ग ज्योति
बढौं सबैका मनभाव बोकी ।
।५।

शैली नयाँ जीवनको हुनेछ
नवीन दृष्टि तय गर्नुपर्छ ।
हो सृष्टि सारा नरबाट हुन्छ
दिएर दृष्टि अघि बढ्नुपर्छ ।
।६।

रचना मिति : २०७८।०५।२९

## ८०. राजनीतिको दुरावस्था

(इन्द्रवज्रा छन्द)

व्यापार मात्रै हर चीजमाथि
व्यापार नै हो सब राजनीति ।
आस्था र निष्ठा किनबेच हुने
सिद्धान्त मात्रै गफमा सकिने ।
।१।
ढाँटेर सोझा जनता छलेर
सम्मानदायी पदमा पुगेर ।
गर्ला कि केही मनमा छ आशा
बेचिन्छ आफैं जनता निरास ।
।२।
कुर्सी छ खाली उसको निशाना
यो खेल कस्तो मत भो सोपान ।
जो बोल्न सक्ने छलछाम जान्ने
ठूलो उही भो गफ मात्र गर्ने ।
।३।
तानेर कुर्सी पनि बस्न सक्छ
तानेर कुर्सी पनि खेद्न सक्छ ।
भो लक्ष्य कुर्सी गरिमा इमान
हे देव कुर्सी तिमीमा प्रणाम !
।४।
विश्वास केही नहुने कसैको
नाता कृपाले सब जेलिएको
यो देशको भाग्य फुटेर हो कि
भो घीनलाग्दो अति राजनीति ।
।५।

रचना मिति : २०७८।०५।३०

## ८१. हिमाल

(उपजाति छन्द)

कस्तो अहो ! स्निग्ध सफा हिमाल
नेपालको शान दिने कमाल ।
प्रभातको सूचक ज्योति जस्तो
ललाटमा रश्मि छ चम्किएको ।
।१।

सन्ध्या भए तापनि ज्योति उस्तै
लाली दलेकी नवसुन्दरी झैं ।
छ शान ठूलो गरिमा अपार
प्रियम्बदा हो कि अरू हजार ?
।२।

झर्ना झरेका गहना बनेर
मोती बले झैं अति शोभिएर ।
अपूर्व दिप्ति छ अपूर्व कान्ति
हुँदैन क्लेश न त हुन्छ भ्रान्ति ।
।३।

अनेक खानी अनगीन्ति स्रोत
धरा सबैको अनमोल ताज ।
प्राचीन गाथा अति दिव्य रम्य
देवादि बस्ने गिरिराज धन्य ।
।४।

नेपालका छन् जति फाँट बारी
पाखा पखेरा वन खेत झाडी ।
सिंचाइँ गर्ने नदीका मुहान
हिमाल हाम्रो निधिपूर्ण शान ।
।५।

देला कसैले पनि छैन केही
खोस्ला कि भन्ने पनि हुन्न केही ।
निःसंकोच हाँसो अनि मुग्ध दृश्य
अथाह सन्तुष्टि अथाह भव्य ।
।६।

रचना मिति : २०७८।०५।३१

## ८२. बालक

(उपजाति छन्द)

प्रभातको सुन्दर ज्योति हो कि
फेर्ने बदल्ने युग मोती हो कि ?
बात्सल्यको ओत भएर ताजा
पक्कै हुने हो सबको यो राजा ।
।१।
छ दिव्य सन्देश हर वाणी भित्र
बसेर प्यारो मृदु भाव चित्र
तोते छ बोली रसपूर्ण मिठो
संकेत भित्रै सब मूर्त छोटो ।
।२।
छ कोपिला फूल भएर चट्ट
संसारलाई पनि खिच्न सक्छ ।
हिंडाइ सद्मार्ग फिंजाइ ज्योति
ब्रह्माण्डलाई दिनसक्छ दृष्टि ।
।३।
हो बोट सानो बिरूवा कलिलो
खोजेर हिंड्दै ममता रसिलो ।
छ पर्खिएको नव ज्ञान आभा
भविष्यको कर्मठ मार्ग बोध ।
।४।
ठूलो र सानो मसिनो ससाना
बन्दैन ठूलो सकिंदैन मान्न ।
विभेदको भाव कुनै नदेऊ
स्वतन्त्र फुक्का समता सिकाऊ ।
।५।
हो बाल पुष्पांकुर स्नेह पर्खी
चाहन्छ मौका अति दूरदृष्टि ।
म देख्छु खाली किन स्वप्न यस्तो
भविष्य जम्मै यसमै छ जस्तो ?
।६।

रचना मिति : २०७८।०६।०१

## ८३. हराएको मन

(उपजाति छन्द)

हिस्सी परेकी हँसिलो मुहार
गुलाब जस्तै प्रकृति जुहार ।
आँखा उठाइ न त हेर्न सक्ने
भुतुक्क पारचो न त छोड्न सक्ने ।
।१।
कर्काइ आँखा जब दृष्टि पर्छ
शरीर रोमाञ्चित त्रस्त[८] हुन्छ ।
हो वाण त्यो मर्म दिने चुडाई
कि भान मात्रै भन लौ मलाई ।
।२।
खै दृष्टि मेरो किन फर्किएन
अरू कुनै चीजविषे गएन ।
ती पुष्ट गाला रसिलो छ ओठ
गुम्यो हरायो सब लौ विवेक ।
।३।
त्यै केशराशी मुनि लट्पटिंदै
हराउँ जस्तो मुटुमा कसिंदै ।
मारी अँगालो कि त एक ज्यान
भएर बाँच्ने चिर अन्त्यसम्म ।
।४।
छौ षोडशी सुन्दर कान्तियुक्त
पिएर आँखा रहने अतृप्त ।
संसार मेरो तिमीमा हरायो
अमोघ तृष्णा मनमा पलायो ।
।५।
यो व्यग्रताको कुन ओखती छ
फसें म व्यर्थै पनि सोच हुन्छ ।
खै वासनाले मनको तरंग
किनारा लाग्ला कुन ठाउँ पुगेर ?
।६।

टिप्पणी ८. चञ्चल/फुर्तिलो

रचना मिति : २०७८।०६।०१

## ८४. आफ्नै वाद चाहिन्छ

(इन्द्रवज्रा छन्द)

बोल्दिन्छ कस्ले उसका विलाप
हेर्दिन्छ होला कसले अवस्था ?
भन्दै उठायो म सँधै छु साथ
अर्कै यथार्थ विधि बज्रघात ।
।१।

सिद्धान्तका सूत्र मिठा सवाल
मात्रै उठे भाषणमा बवाल ।
मर्दैछ कोही अलपत्र पर्दै
गर्दैन चासो गरूँ के म भन्दै ।
।२।

उठ्ला सबैको कसरी अवस्था
यो सोच किञ्चित पनि छैन आश ।
व्यर्थै झमेला अनगीन्ति थप्दै
कुण्ठा बढायो दिनरात उस्तै ।
।३।

हाम्रो छ आफ्नै पन भू अवस्था
अन्यत्रका वाद कहाँ घुलिन्छ ?
माटो छ बेग्लै मन हुन्छ बेग्लै
हो आवश्यकता यससाथ मिल्ने ।
।४।

ती वाद छोडौं अरूका पुराना
आफ्नै बनाऔं नव सिर्जनामा ।
माटो समात्ने जनता समेट्ने
सिद्धान्तभन्दा जनभाव बुझ्ने ।
।५।

रचना मिति : २०७८।०६।०२

## ८५. गरीबको हित हुने काम गरौं

(शार्दूलविक्रीडित छन्द)

बाटो छैन कतै हिलाम्य छ सबै भो बन्द सारा चिज
मात्रै कागजमा बने तर कुरा नक्सा खिपी सुन्दर ।
बन्यो मालिक दूरदृष्टि र कुनै चिन्ता बिनाको मन
भ्रष्टाचार चुली छ भन्छ तर लौ बन्दैछ है योजना ।

।१।

साटचौं भोट हिजो रमाइ खुस भै चिल्ला कुरा बोल्दथ्यो
जित्यो राज गर्‍यो गनेन अहिले राजा बन्यो मस्त भो ।
टेक्यो भाग्य खरानी भो भुटिदियो बोल्दैन कोही तर
छोड्यो गाउँ उता कता शहरमा बन्दैछ उस्को घर ।

।२।

खाली खान बजेट सेटिङ भयो बोलेन कोही पनि
मिल्यो कागज चुस्त भित्रभित्र सब नै एकै थलामा थिए ।
राम्रो काम परेन गर्नु रूपयाँ पर्ने बनायो सबै
धेरै भुण्ड बने उठे गरिबका आशा खरानी बने ।

।३।

जे जे शासन होस् तथापि दुनियाँ हाँस्ने बनोस् सुन्दर
उम्रिन्छन् अनि मात्र वृक्ष फलका राम्रा टुसा अंकुर ।
खेल्ने हो सपना सँगै गरिबका होली भने दैनिक
सुध्रिने कसरी र बन्छ कहिले लौ भावना हार्दिक ?

।४।

हाँसो छैन कतै खुशी गरिबका झुप्राहरूमा भने
त्यस्तो शासन चाहियो किन र पो औचित्य के नै हुने ?
भोका मानिसका अस्वस्थ मनले सोच्दैन केही पनि
त्यस्ताका हित निम्ति गर्न नसके होला र के पो अनि ?

।५।

रचना मिति : २०७८।०६।०३

## ८६. जीवन

(उपजाति छन्द)

लागेन तातो शिरमाथि घाम
पायो कहिल्यै न त बस्त्र नाना ।
जताततै हण्डर मात्र खायो
सँधैसँधै नै दुःखमा रमायो ।
।१।
संघर्ष सिक्यो अनि बाँच्न जान्यो
बेताल बाजासँग मस्त नाच्यो ।
उडाइ सारा मनका विचार
रमाउँदै हर्षित बन्न सिक्यो ।
।२।
सम्मान कस्तो कुन वस्तु होला
चाखेन आफू दिन नै सिकेन ।
लिएर खायो दिन क्यै पुगेन
उठेर हेर्ने पलकै पुगेन ।
।३।
भो जिन्दगी भार कतै भनेन
सर्वत्र भ्यायो तर खै पुगेन ।
न नग्न हिंड्यो न त वस्त्र लायो
न ज्ञानधारा बिच नै रमायो ।
।४।
न नाम आफ्नो पनि सुन्न पायो
विचार मेरो न त भन्न पायो ।
भन्यो तपाईं न त खै कसैले
गर्‍यो सबै काम भने उसैले ।
।५।
अन्योलको जीवन मात्र पायो
पीडा बटुल्दै सब नै गुमायो ।
भयो सबै आखिर जिन्दगीको
निस्तब्ध कालो निशिमा हरायो ।
।६।

रचना मिति : २०७८।०६।०४

## ८७. मान्छेको स्वभाव

(इन्द्रवज्रा छन्द)

टुक्रा ससाना मसिना कुरामा
सम्पूर्णता देख्छ चिरा चिरामा ।
आकाश देख्यो घरका कुनामा
संसार सोच्यो विधि मासिनामा ।
।१।
पारेर टुक्रा अनि देख्छ सिंगो
फोरेर भन्ने किन जोड्छु ढुंगो ।
झुर्का बनाई सब चूर्ण पार्ने
सिंगो बनाएँ भनि गर्व गर्ने ।
।२।
यो खेल कस्तो बुझिसक्नु छैन
फड्केर जाने मति नै भएन ।
जुध्ने र लड्ने गति शून्य पार्ने
टुक्रा बटुल्दै कति काल बस्ने ?
।३।
राम्रो गरी हाँस्न सकेन मान्छे
मान्छे बनी बाँच्न सकेन मान्छे ।
ढाँट्ने र छल्ने गुणले विषाक्त
हेर्नै नसक्ने भयमूर्ति मान्छे ।
।४।
झुर्का र टुक्रा जति बढ्छ तेती
अस्तित्व सिद्धिन्छ हुँदैन तृप्ति ।
हो उन्नति एकता भित्र हुन्छ
फोरेर खोज्ने किन गर्नु चेष्टा ?
।५।
टुक्रा उठाई पुतली बनाई
खेलेर मात्रै सपना सजाई ।,
के हुन्छ भन्ने अब आश गर्नु
धिक्कार हो लौ पशुतुल्य बाँच्नु ।
।६।

रचना मिति : २०७८।०६।०५

## ८८. थुम्केको कथा लेख्नु छ

(शार्दूलविक्रीडित छन्द)

थुम्केका शिरबाट दक्षिण दिशा फर्केर हेरें जब
देखें सुन्दर फाँट धान लहरी झुल्दै गरेको तल ।
हेर्दा उत्तर हैमका शिखरले माया दिने चुम्बन
लाग्यो स्वर्ग झुकी अखण्ड ममता बर्साउने कञ्चन ।
।१।

हुन्थ्यो मिर्मिर त्यो प्रभात कलिलो छर्दै नयाँ रोशनी
देखिन्थ्यो रवि व्योमका क्षितिजमा उठ्दै उँभो निस्किंदै ।
टेकी हैमचुली सफा किरणका लाली छरी रक्तिम
मायाको दहमा डुबेर मनको हट्थ्यो सबै तिर्सना ।
।२।

लाग्यो तृप्त नभै सँधै नयनमा यो दृश्य बन्दी बनोस्
होला के अमरावती अरू कुनै यो सोच बाँचिरहोस् ।
यस्तो अद्भुत सुन्दरता पनि कतै ओझेल पर्दै छ कि
माटोको ममता नगन्य हुन गई अस्तित्व मर्दै छ कि ?
।३।

सन्ध्याकाल भयो भनेर रविले संकेत दिंदै जब
टेक्छन् पश्चिमका खुला क्षितिजमा आभा छरी सुन्दर ।
झल्को हुन्छ प्रभातको उदयको त्यै दृश्य फर्केछ कि
अर्कै विश्व घुमी प्रणवको सन्देश दिंदै छ कि ?
।४।

थुम्केका वन फाँट ती चउरका आफ्नै कथा लेख्नु छ
आफ्नो गौरवका अमूल्य रसिला गाथा सबै खोज्नु छ ।
पृथ्वीका अति थोर ठाउँहरूमा थुम्के हुनन् थोर नै
चम्केका कति छन् कुनै विलयको सन्त्रासले त्रस्त भै ।
।५।

रचना मिति : २०७८।०६।०७

## ८९. छोरीसँग आग्रह

(इन्द्रवज्रा छन्द)

छोरी तिमी छौ धरती सदृश
होला र के पो उपमा सठीक ।
छन् भावना रे अनगिन्ति तिम्रा
कुण्ठा बनाई मनमा बसेका ।
।१।
देखाइ कुण्ठा सब खोल्नुपर्छ
हो सत्य जे त्यो पनि बोल्नुपर्छ ।
राम्रा नराम्रा मनका विचार
केलाइ राम्रा जति राख्नुपर्छ ।
।२।
ज्ञानी तिमी हौ परसम्म हेर
हो लक्ष्य के त्यो मनमा लिएर ।
अर्जुनदृष्टि त्यसमा लगाऊ
सदमार्गलाई जहिले समाऊ ।
।३।
शालीन बन्ने सदबुद्धि आओस्
आदर्श नारी जगले भनियोस् ।
सम्मान तिम्रो चुलिएर जाओस्
विनम्रताले मन शान्त राखोस् ।
।४।
उम्ली जवानी मन भ्रान्त पारी
बाटो बिराए सब जिन्दगानी ।
समाप्त होला त्यस ठाउँबाट
सम्झेर आफ्नो पथ स्वस्थ राख ।
।५।
उत्तेजनाका भरमा कुदेर
लोलो र पोतो सब हो भनेर ।
फस्दै नफस्ने मन दृढ राख्ने
बन्नू ल छोरी भव जित्न सक्ने ।
।६।

रचना मिति : २०७८।०६।०८

## ९०. कानून निर्धालाई मात्रै हुन्छ

(लोकलय)

झिस्मिसे हुन्छ बिहानी जब बेंसीको ओरालो
रिम्रिम साँझ घरको बाटो ठाडो छ उकालो ।
धेरै छ काम चर्को छ घाम न खाना वेलामा
कामको दाम उठ्दैन कैल्ये जिन्दगी हैरान ।
।१।
डोको र नाम्लो कर्मको साथी भावीले लेखेछ
गरीबलाई लुटेर खाने चलन छँदैछ ।
श्रम र सीप लुटेर खाए बौद्धिक शोषण
मानसिक् चटाइ कति छ कति कुँदेका भाषण ।
।२।
छ राजनीति शासन भित्र रहेका विधान
गरीबलाइ बढाइचढाइ धनीलाई हुँदैन ।
कानून बाँच्छ निर्धालाई मात्रै चौतर्फी घेरेर
पहुँचवाला फुत्किन्छ सँधै नियम नाघेर ।
।३।
आउँछ भोट रमाउँछ ठूले लाग्दछ दशैं नै
पुऱ्याउँछ घाँउ जुटाउँछ खाना आशाको बलैले ।
सुनेर भाषण खुशी छ मन योजना सुनेर
बुझ्दैन कुरा शब्दको जालो भ्रमले छोपेर ।
।४।
छोरा र छोरी पढाउने धोको पुगेन विचरा
एउटै लक्ष्य विदेशी भूमि श्रमका खातिर ।
नेपालभित्र अवसर् कुनै दिएन कसैले
बेकम्मा बने सरकार सबै पैसाका लोभैले ।
।५।

रचना मिति : २०७८।०६।०९

## ९१. चैतको गर्जन

(उपजाति छन्द)

छ अग्नि जस्तै झरिदिन्छ ज्वाला
चटयाङ हान्दा नभ जल्छ क्यार ।
विक्षिप्त बानी सुर सभ्य साथ
हुन्थ्यो भनी सुन्छु कथा प्रसंग ।

।१।

जलाइ आफ्नै घर ध्वस्त पारी
गर्जे कि इन्द्रै पनि खूब् रमाई ।
कि व्योम कालो कलको धुँवाले
जल्यो कि आफैं प्रदुषित हुनाले ।

।२।

छ चैत्र मात्रै ऋतु छैन वर्षा
गर्जेर धर्ती नभसाथ नाच्छ ।
परेर पानी धरती रसाई
भिज्दैन माटो मलिलो बनाई ।

।३।

दिएर धम्की दनुपुत्र जस्तो
गर्जिन्छ मात्रै किन व्योम यस्तो ?
वहन्छ हावा धरती उडे झैं
कालो र मैलो रिसले जले झैं ।

।४।

छ त्रास धेरै मुटु काँप्छ हाय
भो प्राण निस्की अब जान्छ टाडा ।
कुदेर लोला बिजुली बनेर
कस्तो विचित्र प्रकृति अघोर ।

।५।

रचना मिति : २०७८।०६।१०

## ९२. वर्षाको वन

(लोकलय)

हरियो भयो त्यो पारिपाखा चराको गुञ्जन
मनको खुशी गीतमा बग्यो सुसेली साथमा ।
छहराबाट उडेको पानी इन्द्रेणी पर्दछ
खहरेबाट शक्तिको स्रोत छङछङ झर्दछ ।
।१।
घाँस र दाउरा बिहानीपख रमाइलो मेला झैं
गुञ्जिन्छ वन असारे भाका मुरली साथमै ।
दोहोरी कतै लैबरी कतै कतै छ साँइलेज्यू
प्रकृति उस्तै हरा र भरा शान्तिका सदबिउ ।
।२।
गाउँ र घर सबै नै व्यस्त कामको चटारो
जाँगरभित्र गीतका भाषा मायाको झटारो ।
फुल्दछ प्रित प्रणयसित प्रणव गुञ्जन
कर्तव्य निष्ठा भुल्दैन तर पावन धड्कन ।
।३।
मृदुल ध्वनि सुनेर होला न्याउली साथमा
विरह पोख्छ पीडा र व्यथा कुण्ठित भावना ।
कन्दराभित्र रमाइलो खोपी जुन्किरी साँझमा
चम्किन्छ ज्योति तारका जस्तै अँधेरी रातमा ।
।४।
हेरिरहुँ जस्तो बसिरहुँ जस्तै हरिया जंगल
लाग्दछ सँधै गुञ्जेका ध्वनि शान्ति र मंगल ।
वर्षाको झरी दर्केर पर्दा निथ्रुक्क भिजेर
आनन्द मान्ने धर्तीका सन्तान् कर्तव्य बुझेर ।
।५।

रचना मिति : २०७८।०६।११

## ९३. भाग्यले कर्म लेख्छ

(उपजाति छन्द)

झिकेर ऊर्जा मन भित्रबाट
लेखेर आफ्नो श्रमले ललाट ।
म बढ्छु भन्ने दृढ सोच राख
कस्को र के को किन गर्नु आश ?
।१।
छ कर्ममा ओज भने कदापि
पर्दैन कोही कहिल्यै पछाडि ।
हुँ कर्मयोगी मनभित्र राख्नू
विज्ञानलाई अति मित्र सोच्नू ।
।२।
छ त्यागमा जीवनको रहस्य
आलस्य दम्भी मनभाव छोड ।
विकार त्यागी मन शुद्ध पार
देखिन्छ चारैतिर नै उपाय ।
।३।
लिएर जन्म्यौं जति भाग्य हामी
भोगेर जान्छौं त्यति मात्र ठानी ।
बने त अल्छी सब व्यर्थ हुन्छ
त्यो भाग्य हाम्रो अब लेख्नुपर्छ ।
।४।
मसी बनोस् कर्म गरोस् उठान
ऊर्जा बलियो मनको कुनामा ।
उठेर आओस् अति दिव्य शक्ति
संसार हेर्ने सुररम्य दृष्टि ।
।५।

रचना मिति : २०७८।०६।११

## ९४. मान्छेको स्वभाव

(इन्द्रवज्रा छन्द)

लाठी र मुंग्रो रिस राग द्वेष
पैसा भएमा सब पूर्ण हुन्छ ।
भन्ने नराम्रो जुन सोच आयो
संस्कार हाम्रो त्यसले डुबायो ।
।१।
नेता विजेता जनता नहेर्ने
स्वार्थी र लोभी गफ मात्र गर्ने ।
लाग्ने दुरूस्तै प्रिय मित्र जस्तो
सोच्नै नसक्ने किन हुन्छ यस्तो ?
।२।
संस्कार बेच्यो क्षमता गुमायो
भित्रचाइ अर्कै अपनत्व खायो ।
पाए इसारा जति नाच्न सक्छ
आफ्नो बिगारी अरूको सपार्छ ।
।३।
ठूलो उही हो तर छैन अर्को
देखिन्छ उस्कै पछि लाग्छ लर्को ।
यो विकृतिले सब चूर्ण पार्‍यो
सोझा र सज्जन निमुखा रूवायो ।
।४।
हो आत्मसत्ता अमरत्व राख्ने
मर्ने र बाँच्ने क्रम नित्य चल्ने ।
हज्जार सज्जन् बिच एक मूर्ख
लाखौं उसैका पछि लागि हिंड्छ ।
।५।

रचना मिति : २०७८।०६।१३

## ९५. चिन्ता

(लोकलय)

रमाइलो वेला शरद ऋतु वर्षाले धोएको
चाड र पर्व हाट र बजार खुलेर लागेको ।
दिलका सफा नेपाली भन्छन् दशैंको वेला हो
महान पर्व भएर होला खुशी र रमाइलो ।
।१।
पीङका लिंगा गाडिए अब रोटेपीङ घुम्दैछ
नाना र खाना जोडियो हेर गाउँघर भन्दैछ ।
बिर्सियो दुःख अभाव छैन पूर्णता भरियो
फर्किए सबै गाउँमा अब मिलन वेला यो ।
।२।
जाति र लिंग धर्म र वर्ण के छ र भिन्नता
भावना यौटै आकांक्षा उस्तै समान ममता ।
हो राजनीति फुटाउने खेल षडयन्त्र अनेक
नेताको स्वार्थ हत्याउन कुर्शी फ्याँकेको क्षेप्यास्त्र ।
।३।
विदेशी पैसा देखेर नेता लोभले भुतुक्क
संस्कार धर्म बेचेर लिए रकम सुटुक्क ।
लगाए भाग संस्कृतिलाई जात र जातिमा
टुक्र्याएपछि सकिन्छ सबै रहदैन हातमा ।
।४।
यो सानो देश नेपाल सक्ने धेरैको दाउ छ
विश्वका वीर नेपाली बने पुरानो घाउ छ ।
शक्तिको खेल हुँदैछ भन्छन् बुझेका विद्धान
चिन्ता छ धेरै बन्छ नि देश रणको मैदान ।
।५।

रचना मिति : २०७८।०६।१३

## ९६. भविष्य

(इन्द्रवज्रा छन्द)

बाँडेर पैसा कति भोट किन्ने
बेचेर आफ्नो मन के छ गर्ने ?
राम्रो प्रबुद्ध जन छान्नु पर्ने
पाएर पैसा कति मक्ख पर्ने ?
।१।
आफ्नो त बित्ला जुनि कालखण्ड
सन्तान हाम्रै पछि भै सराप्छ ।
खाल्डो खनी पुर्न सबै भविष्य
सक्यौ नि सारा मत भो अनर्थ ।
।२।
खाएर टन्नै भर एक पेट
बेची भविष्य प्रति पाँच वर्ष ।
आफैं डुबायौ मन नष्ट पार्‍यौ
छानी निकम्मा गतिलो बनायौ ।
।३।
पार्‍यो अहो भाषणले प्रभाव
थप्यौ बितण्डा अनि दुस्प्रभाव ।
जाली घमण्डी गफको छ राजा
मानेर नेता थलियो समाज ।
।४।
सुन्दैन केही सब थाहा हुन्छ
गर्दैन केही सब अस्तव्यस्त ।
उस्कै पछाडि किन लाग्नु पर्ने
आफ्नौ भविष्य कति हो बिगार्ने ?
।५।

रचना मिति : २०७८।०६।१४

## ९७. आबरु[९]

(इन्द्रवज्रा छन्द)

जोगाउँ कस्तो गरूँ काम लाग्छ
सिद्धिन्छ होला डरले समात्छ ।
हो शान सारा मन भन्छ ऐले
बाँच्ला कहाँ आबरू खै खुशीले ?
।१।
यो भ्रान्त मेरो मनको कुनामा
समाइ लुक्ने मन भावनामा ।
उफ्रेर फड्की पर भागिजाने
संसार नै आबरूले समात्ने ।
।२।
सम्मान हाम्रो सब कामसाथ
जोडिन्छ उस्तै नङ मासु हुन्छ ।
जाँदा सबै जिन्दगी नै सकिन्छ
केले सँधै आबरू यो कसिन्छ ?
।३।
बाँधेर राखौं पनि त्यो हुँदैन
छोपेर हेर्दा झन देखिएन ।
सस्तो सबै विश्व बनेर जान्छ
चिन्ता सँधै आबरूको रहन्छ ।
।४।
उक्लेर टेक्दा पथ माथि माथि
चढ्दा सिंढी हुन्छ असीम शान्ति ।
खै त्यो कतै सम्भव देखिएन
मेरो ठूलो आबरू सोचिएन ।
।५।
देख्दैछु मान्छे अब छैन जस्तो
उम्लिन्छ पाकी मनभित्र कस्तो ?
टण्टा छ मेरो अब एक मात्र
कस्तो गरे आबरूले सजिन्छ ?
।६।

टिप्पणी ९. आबरू ना. (फा. आबरू) १. मानमर्यादा, इज्जत, सम्मान २. लाज, सरम

रचना मिति : २०७८।०६।१५

## ९८. प्रेम

(इन्द्रवज्रा छन्द)

लाग्दैन निन्द्रा न त लाग्छ भोक
गाह्रो भयो गुम्न गयो विवेक ।
बोली कुनै छैन दिने जवाफ
बान्की मिलाई गरूँ के प्रलाप ?
।१।
देखेर नौलो सपना म उफ्रें
बाटो बिराएँ रह भित्र आएँ ।
यो प्रेमजालो अब तोड्नु के ले
सक्यो भविष्य म फसें मजाले ।
।२।
निस्किन्छु भन्छु तर खै कता हो
उन्मादले जिन्दगी नै डुबायो ।
उत्कृष्ट लाग्यो जुन प्रेम यात्रा
त्यो त रहेछ अति भ्रूर जात्रा ।
।३।
आँखा नहेरी लोभिएँ पहिले
बर्बादको कारण भो अहिले ।
गुम्यो भविष्य मनमा अशान्ति
दन्किन्छ आगो अब छैन भ्रान्ति ।
।४।
हो जिन्दगी नै विपरीत लिंग
लागेर हुन्थ्यो मनमा तरंग ।
त्यो बैंशको राग रहेछ बुझें
के गर्नु व्यर्थै पछुतो कमाएँ ।
।५।
खोज्दै हिंडे बिर्सिदिएँ भविष्य
आफन्त बिर्सें जखिए घनिष्ट ।
यो प्रेम जादू खतरा अत्यन्तै
हो प्राप्ति यस्को त समाप्ति मात्रै ।
।६।

रचना मिति : २०७८।०६।१९

## ९९. अमूर्त भावना

(उपजाति छन्द)

छ सोच राम्रो अब छान्नुपर्छ
ती भ्रष्टलाई सब फ्याक्नुपर्छ ।
दियौ तिमीले अति धेर चोट
चाहिन्न पैसा दिइँदैन भोट ।
।१।
हुँदैन हाम्रो हुनुपर्छ राम्रो
सन्ताप हर्ने जनता सबैको ।
विकासका ज्योति छरेर हाँस्ने
चाहिन्छ नेता जनभाव बुझ्ने ।
।२।
सुनेर हाल्यौं कि भुलेर हाल्यौं
व्यर्थै भयो भोट अनर्थ फाल्यौं ।
खुलेर भो भ्रष्ट दिएन काम
छानी पठायौं तर भो हराम ।
।३।
थियो मनैमा जुन भाव ऊर्जा
होला कि भन्ने गतिशील सोच ।
दबेर कुण्ठा अहिले भएको
दन्किन्छ आगो पख सल्किएको ।
।४।
जली खरानी विधि हुन्छ भन्ने
सोच्यो र कस्ले सबथोक मास्ने ।
चुनी पठायौं जुन एक मान्छे
चाहिन्न फेर्छौं विधिभित्र चल्ने ।
।५।

रचना मिति : २०७८।०६।१५

## १००. संसार आफैंमा छ

(झ्याउरे छन्द)

प्रकृतिभित्र लुकेका हुन्छन् अनेक सिर्जना
मान्छेको मन को बुझ्न सक्छ गरेर कल्पना ?
दुरूस्त सबै देखिन्छ उस्तै विचित्र भावना
भावनासँगै बगेर मान्छे् सक्दछ जीवन ।

।१।

गरिमा उस्तै महत्व उस्तै हरेक मान्छेको
क्षमता शक्ति ज्ञान र बुद्धि उस्तै हो सबैको ।
छ आफैं पूर्ण अजस्र शक्ति क्षमता भित्रै छ
बुझ्दैन तर दौडिन्छ खोजी संसार घुम्दछ ।

।२।

अर्काको राम्रो देखेर सँधै प्राप्तिको कामना
गर्दछ आफ्नो देख्दैन तर शक्तिको मुहान ।
उपेक्षा गर्छ आफैंलाई किन बन्दछ निरिह
मान्छेको लीला देखेर चल्छ मनमा विरह ।

।३।

अरूका साथ पूर्णता देख्छ आफूमा नदेख्ने
मनको रोग नघटेसम्म कहिल्यै नउठ्ने ।
अर्काकै पछि लागेर मात्रै हुँदैन यसरी
यो सत्यतथ्य बुझेर अघि बढ्ने हो कसरी ?

।४।

हरेक मान्छे पूर्ण छ आफैं ज्ञान र सीपले
उर्वर शक्ति निर्माण सोच विवेक शान्तिले ।
नबग्नू कहिल्यै भावनासँग तरल बनेर
आफूलाई चिने आफैंमा हुन्छ सुन्दर संसार ।

।५।

रचना मिति : २०७८।०७।०२

## १०१. भाइटीका

(शार्दूलविक्रीडित छन्द)

डाँडाको रविझैं भयो वय गयो बर्कत सबै सिद्धियो
बाटो हिंड्न कठीन भो मन भने संसार घुम्दै थियो ।
आए पर्व अनेक ती सब बिते तिहार आयो अनि
कान्लामाथि चढेर हेर्छ बिचरा आउँछे कि चेली भनी ।

।१।

लाग्थ्यो भित्र कतै त अन्तरंगमा वैंशालु जस्तै तर
उफ्रिन्थ्यो मन मात्र पाउ थलिए लट्ठी छ यौटा भर ।
आफ्नै आँगन दूरदेश भइगो चल्दैन काया कति
कान्लामाथि चढेर हेर्छ बिचरा आउँछे कि चेली भनी ।

।२।

बाटामा बटुवा दिदी-बहिनीाका ताँती चलेका थिए
दाजू-भाइहरू कतै सँगसँगै आनन्दमा व्यस्त थे ।
चेली माइतिको अपूर्व ममता देखेर व्याकुल् बनी
कान्लामाथि चढेर हेर्छ बिचरा आउँछे कि चेली भनी ।

।३।

सम्झिन्थ्यो अघिका उमेर क्षमता स्वप्ना बनी अल्पिए
सारा अंग गले भए शिथिल ती बेकाम जस्तै भए ।
दृष्टि धूमिल भै पुछेर करले च्यातेर आँखा अनि
कान्लामाथि चढेर हेर्छ बिचरा आउँछे कि चेली भनी ।

।४।

सातै रंग टिका ललाट बिचमा माला गलामा भरि
चोखो प्रेमसुधा सदाशय मिठो सद्भाव नाना थरि ।
थाल्यो झट्ट उठी पिरोल्न मनमा सक्दैन खप्नै अनि
कान्लामाथि चढेर हेर्छ बिचरा आउँछे कि चेली भनी ।

।५।

रचना मिति : २०७८।०७।१८

## १०२. छोरासँग

(उपजाति छन्द)

तिम्रो सफा सुन्दर दिप्तिभित्र
म खोज्छु मेरो सुखपूर्ण भाग्य ।
सुकीर्ति गाथा जति सुन्छु मिठा
आनन्दले यो मन हुन्छ मुग्ध ।
।१।
अतृप्त तिम्रो मन कल्पनाले
बाटो नभेट्दा दृढ चाहनाले ।
पीडा अनेकौं सुइ झैं बनेर
चसक्क घोच्छन् मुटुमा गढेर ।
।२।
छोरा ! तिमी हौ कुलको प्रतिष्ठा
सम्मान सारा यशको प्रतीक ।
छरेर आभा सुकिलो प्रकाश
त्यो स्वच्छतामा गति खोज्नुपर्छ ।
।३।
कुण्ठा र तृष्णा अधुरा कुरामा
अल्झेर बस्दा मसिना झिनामा ।
अनन्त यात्रा अनि लक्ष्य मार्ग
ओझेल पर्लान् बुझ यो रहस्य ।
।४।
संसार खुल्ला छ तथापि थोर
बाटा सफा छन् बढ ती लिएर ।
दिएँ र के पो दिन सक्छु के नै
लिएँ भरोसा तर आश धेरै ।
।५।

रचना मिति : २०७८।१०।२५

## १०३. आखिरी सन्देश

(शार्दूलविक्रीडित छन्द)

लाग्ला घाम भनेर सोच्न पनि खै सक्दिन यस्तो किन
व्यर्थै जिन्दगीका सबै क्षण बिते बेचैन दिग्दारीमा ।
होला किञ्चित नै भनी हरघडी केही त गर्दै थिएँ
यस्तो हाल हुँदा विदेश रणमा लाचार भै पल्टिएँ ।
।१।
खाली बन्दुक यो छ मात्र अहिले हाँस्तै उपेक्षा गरी
तेरो अन्तिमको विचार पनि भन् भन्दैछ छुच्चो बनी ।
वेला वर्कतले दिएन अहिले मर्ने अवस्था हुँदा
आफ्नो भूमि भनेर सोच कहिले आएन शक्ति छँदा ।
।२।
पाखा पर्वतका कुना र चुचुरा उफ्रेर पुग्ने थिएँ
पल्टाई पहरा बनाउन परे मैदान सक्ने थिएँ ।
हल्लाए गिरिकुञ्ज थर्थर गरी सक्ने थियो तागत
सुम्पी हार भएँ विदेश रणमा यस्तो भयो हालत ।
।३।
अर्काका मन जित्न कोशिस गरें व्यर्थै गयो जीवन
भन्ने लाग्छ सकिन्न फेरि अब त्यो सक्दैन है फर्किन ।
राम्रो नै गरूँला सकिन्छ सहजै सुध्रिन्छ मेरो घर
लाग्थ्यो मर्न पुगें विदेश रणमा एक्लै भई आखिर ।
।४।
दुख्यो छाती भएर चर्चर अहो ! पक्कै छ मर्ने तर
खुट्को एक छ यो म पुग्छु कि कसै नेपाल मेरै घर ।
कस्तै होस् तर हुन्न छोड्नु कहिल्यै माटो जहाँ जन्मियो
छोडी देश हुँदैन हर्कत कुनै बुझ्दैछु ऐले म यो ।
।५।